



# नेपाल समाचारपत्र

नेपाली मनको नेपाली पत्रिका

NEPAL SAMACHARPATRA


नेपाल समाचारपत्र दैनिक, कामना, साधनाका ग्राहक बन्नु परेमा, पत्रिका समयमा नआएमा, कुनै गुनासो भएमा सम्पर्क गर्नुहोला।

कामना न्यूज पब्लिकेसन्स्
कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं
सम्पर्क : ९८०१००३७३७, ०१-४२६११७९
एक्सटेन्सन: १११/११२ (९ बजेदेखि ६ बजेसम्म)

» सोमबार पुस १०, २०७४ » Monday, December 25, 2017 » www.newsofnepal.com » नेसं ११३८ पोहेलाथ्व ७ » वर्ष २३, अंक ३३८ » पृष्ठ १२ » मूल्य रु. १०/–

२ { खस्कँदो सामुदायिक विद्यालय शिक्षा
५ { गोताखोरलाई निःशुल्क दुर्घटना बीमा
९ { पुष्पलाल स्मृति प्रतिष्ठानको अध्यक्षमा नेपाल
१२ { राखेप च्याम्पियनसिपको उद्घाटन



क्रिसमस इभ : क्रिसमसको पूर्वसन्ध्यामा राजधानीमा बिक्रीका लागि राखिएको सान्ताक्लोज किन्ने तरखरमा एक ग्राहक। तस्वीर : अनिल आङ्देम्बे/काठमाडौं

# गाँठो फुकाउन देउवा असफल

रामकृष्ण चापागाईं, काठमाडौं

नेपाली कांग्रेसका सभापतिसमेत रहनुभएका प्रधानमन्त्री शेरबहादुर देउवाले नयाँ संविधान कार्यान्वयनको मुख्य पाटो स्थानीय, प्रादेशिक र संघको निर्वाचन सम्पन्न गराउने सफलता हासिल गरे पनि पछिल्लो समय विवादित बन्दै गएको राष्ट्रिय राजनीतिको गाँठो फुकाउन सक्नुभएको छैन।

स्थानीय, प्रदेशसभा र प्रतिनिधिसभा निर्वाचनमा कांग्रेसले अनपेक्षित हार व्यहोरेपछि पार्टीभित्र नेतृत्वको चर्को आलोचना भइरहेका बेला प्रधानमन्त्री देउवालाई राष्ट्रिय सभा गठनसम्बन्धी विवादले सकस बनाइरहेको छ। राष्ट्रिय सभा गठनसम्बन्धी सरकारले पठाएको अध्यादेशलाई लामो समयसम्म राष्ट्रपति कार्यालयमा रोकिएको छ भने यो अध्यादेशप्रति दलीय सहमति पनि जुट्न सकेको छैन। यही सकसको बीचमा पार्टी सभापतिसमेत रहनुभएका प्रधानमन्त्री देउवालाई नेतृत्वकै कारण कांग्रेसले निर्वाचनमा पराजय भोग्नुपरेको भन्दै पार्टीभित्र व्यापक आलोचना भएपछि थप संकटमा पर्नुभएको छ।

पार्टी विधानअनुसार २ महिनाभित्र पदाधिकारी र केन्द्रीय सदस्य मनोनित गरिसक्नुपर्ने भए पनि महाधिवेशन सम्पन्न भई नेतृत्व लिएको २ वर्ष पुग्न लाग्दासमेत पदाधिकारी सदस्यहरू एक उपसभापति, एक महामन्त्री, एक सह-महामन्त्री र एक प्रवक्ताका साथै ५ जना केन्द्रीय सदस्य मनोनित गर्न सक्नुभएको छैन। पदाधिकारी र केन्द्रीय सदस्य मनोनित गरी केन्द्रीय कार्यसमितिलाई पूर्णता दिन सकस भइरहेको बेला देउवामाथि विधानमा व्यवस्था भएअनुसार केन्द्रीय विभागहरू र नीति तथा प्रशिक्षण प्रतिष्ठान गठन नगरी कांग्रेसलाई कमजोर बनाएको आरोप पनि लागिरहेको छ। २९ सदस्यीय केन्द्रीय कार्यसम्पादन समिति गठन गरे पनि यो समिति विवादरहित बन्न सकेन।

## राष्ट्रिय सभा विवाद

पार्टीका विभागहरूलाई तत्काल क्रियाशील गराई पार्टी निर्माणको अभिन्न अंगका रूपमा संस्थागत गरिने प्रतिबद्धता गर्नुभएका देउवाले सम्बन्धित विभागलाई नीति निर्माण र संगठन विस्तारको पूर्ण जिम्मेवारी दिइने बताउनुभएको थियो। तर, आफू सभापतिमा निर्वाचित भएको २ महिनाभित्र गरिसक्नुपर्ने यी काम २ वर्ष बित्न लाग्दासमेत पूरा भएका छैनन्।

पार्टीको १३औं महाधिवेशनबाट पार्टी नेतृत्व सम्हाल्नुभएका देउवाले सभापति हुनुपूर्व आफू सभापतिमा निर्वाचित भए पार्टी विधानको व्यवस्थालाई अक्षरशः कार्यान्वयन गरी नेता, कार्यकर्ता, शुभेच्छुक समर्थकको ऊर्जा एवं क्षमतालाई सुदृढ र गतिशील बनाउने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो। साथै, आन्तरिकरूपमा कांग्रेसभित्र कायम रहेको ६०/४० को भागवण्डा अन्त्य गर्ने कुरामा समेत सभापति देउवा असफल हुनुभएको छ। हालै सम्पन्न निर्वाचनमा भागवण्डामा टिकट वितरण भएकाले पनि कांग्रेसले पराजय भोग्नुपरेको हो भनी एक कारण औंल्याइएको छ।

पार्टीभित्र भागवण्डा मिलाउन नसकेकै कारण पदाधिकारी तथा केन्द्रीय सदस्य मनोनित गर्न नसकेको, विधानमा व्यवस्था भएअनुसारको विभागहरू गठन गर्न नसकेको आरोपले कांग्रेसभित्र भागवण्डाको राजनीतिले जरा गाडिरहेको प्रस्ट हुन्छ। नेपाली कांग्रेसको नीति तथा प्रशिक्षण विभागलाई देशको बदलिँदो आवश्यकताअनुसार नीति र कार्यक्रमका सम्बन्धमा निरन्तर छलफल र बहस गर्ने थलोका रूपमा विकसित गरिने देउवाको पूर्वप्रतिबद्धता पूरा हुन नसक्दा कांग्रेस थप कमजोर भएको बताइएको छ। पार्टी कार्यकर्तालाई दिइने प्रशिक्षण नेताहरूको भाषण गर्ने थलो र औपचारिकतामा सीमित राखिने छैन भन्दै व्यावसायिकता र समय सान्दर्भिक विषयवस्तु केन्द्रित प्रशिक्षण सामग्रीमा आधारित प्रशिक्षणलाई केन्द्रदेखि गाउँ तहसम्म नियमित बनाइने भनिए पनि केन्द्रीय नीति तथा प्रशिक्षण प्रतिष्ठान अझै गठन हुन नसक्नुले देउवाको कमजोरी दर्साउँछ।

नेपाली कांग्रेस पार्टीका बुद्धिजीवी तथा शुभेच्छुकको विचार समूह (थिंक ट्यांक) को अवधारणालाई संस्थागत गरी पार्टी नीति र राष्ट्रिय नीति निर्माणमा विचार समूहबाट आएको सुझावको उपयोग पूर्णरूपमा गरी अघि बढ्ने प्रतिबद्धतालाई पनि सभापति देउवाले पूरा गर्न नसकेको आरोप पार्टीभित्र चर्चाको विषय बनेको छ।

(क्रमशः पृष्ठ ९ मा)

# चौधरी सांसद बन्न अयोग्य

काठमाडौं, (नेस)

अन्ततः फरार रहेकै अवस्थामा चुनाव जितेका राष्ट्रिय जनता पार्टीका रेशम चौधरी सांसद बन्नबाट अयोग्य ठहरिएका छन्। आइतबार सर्वोच्चका न्यायाधीश टंकबहादुर मोक्तानको एकल इजलासले चौधरीलाई सांसद बन्नबाट रोकेको हो।

सर्वोच्च अदालतद्वारा जारी आदेशमा भनिएको छ- 'आफूविरुद्ध कर्तव्य ज्यान मुद्दा दायर भएको जानकारी राख्ने यी निवेदक (रेशम चौधरी) ले अदालतबाट जारी भएको वारेन्ट तथा म्यादी पुर्जीसमेतको अवज्ञा गरिरहेको प्रस्ट देखिन्छ। अदालती प्रक्रियालाई छलेर कसैले पनि प्रचलित कानुनले प्रदान गरेको सुविधा उपभोग गर्न पाउँछ भन्नु कदाचित मिल्दैन। अभियोग लागेका व्यक्तिले कानुनबमोजिम सफाइ लिनुपर्ने हुन्छ।'

वारेन्ट जारी भएको अवस्थामा पक्राउ नपरेका अभियुक्तविरुद्ध म्यादी पुर्जी जारी हुने जनाउँदै फरार अभियुक्तलाई प्रहरीले जहिलेसुकै पक्राउ गरी अदालनमा दाखिल गराउन सकिने आदेश दिएसँगै चौधरीलाई पक्राउ गर्ने बाटो खुलेको हो। कैलाली-१ बाट प्रतिनिधिसभा सदस्यको चुनाव जितेका चौधरी निर्वाचित भएको प्रमाणपत्र वारेसमार्फत पाउनुपर्ने माग गर्दै आफ्ना भाइ मिट्ठु चौधरीमार्फत सर्वोच्च पुगेका थिए। चौधरीविरुद्ध अहिले पनि कैलाली जिल्ला अदालतमा कर्तव्य ज्यानविरुद्ध मुद्दा दर्ता छ।

# सात दिनभित्र नाम पठाउन पत्राचार

सुनील महर्जन, काठमाडौं

निर्वाचन आयोगले प्रदेशसभाको समानुपातिकतर्फ पाएको सिटअनुसार उम्मेदवारको नामावली सिफारिस गर्न राजनीतिक दलहरूलाई पत्राचार गरेको छ।

आयोगका सचिव वेगेन्द्रराज शर्मा पौड्याल मुख्य निर्वाचन अधिकृत रहनुभएको समानुपातिक निर्वाचन एकाइले पत्र पठाएको हो।

आयोगले शुक्रबार प्रदेशसभाको समानुपातिकतर्फ पाएको मतलाई सिटमा परिणत गरी सार्वजनिक गरेको थियो। सोहीअनुरूप उम्मेदवारहरूले यसअघि आयोगमा बुझाएको बन्दसूचीअनुरूप उम्मेदवार नामावली सिफारिस गर्ने व्यहोरासहित पत्र दलहरूलाई पठाइएको हो।

प्रदेशसभा सदस्य समानुपातिक निर्वाचन निर्देशिका २०७४ बमोजिम राजनीतिक दलहरूले ७ दिनभित्र उम्मेदवार नामावली पेस गर्नुपर्नेछ। दलले प्राप्त गर्ने सिट संख्या निर्धारण गर्दा त्यस्तो दलले प्राप्त गरेको सिट संख्याको आधारमा महिला तथा अन्य समावेशी समूह एवं अल्पसंख्यक समुदाय तथा पीछडिएको क्षेत्रबाट प्रतिनिधित्व गराउनुपर्ने संख्यासमेत आयोगले निर्धारण गरेको छ।

महिलाको संख्या निर्धारण गर्दा त्यस्तो दलको तर्फबाट सम्बन्धित प्रदेशसभामा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली र समानुपातिक निर्वाचन प्रणालीतर्फबाट प्रतिनिधित्व गर्ने कुल सदस्य संख्याको कम्तीमा ३३ प्रतिशत महिलाको प्रतिनिधित्व हुने गरी निर्धारण गर्नुपर्ने पनि निर्वाचन अधिकृत पौड्यालले जानकारी दिनुभयो।

दलको केन्द्रीय कार्यकारिणी समिति वा सो सरहको समितिको निर्णयबाट निर्वाचित हुने उम्मेदवारको छनोट गरी त्यसरी छनोट भएका उम्मेदवारको सूची आयोगले तोकेको समयभित्र पेस गर्नुपर्नेछ।

राजनीतिक दलहरूले सूची पेस गर्दा जनसंख्या र दलले प्राप्त गरेको सिट संख्याको नाम आयोगले तोकेको समावेशिताको आधारमा पेस गर्नुपर्नेछ। आयोगले ६ वटा क्लस्टरलाई आधार बनाएको छ।

दलित, आदिवासी जनजाति, खस आर्य, मधेसी, थारू, मुस्लिम, पीछडिएको क्षेत्र, अल्पसंख्यक समुदाय तथा अपांगता भएको व्यक्ति रहेका छन्। ती नामहरू बन्द सूचीमा नाम समावेश भएको क्रमअनुसार सूची पेस गर्नुपर्ने कानुनी व्यवस्था छ। त्यसपछि आयोगले त्यसलाई सच्याउन ३ दिनको समय दिनेछ। दलले पेस गरेको उम्मेदवारको नामावलीको सूची प्राप्त भएपछि आयोगले सो सूचीमा नाम समावेश भएका उम्मेदवारलाई निर्वाचित भएको घोषणा गर्नेछ। निर्देशिकाको दफा ३२ बमोजिमको मतपरिणाम विभाजक सूत्रबमोजिम गणना निर्वाचित उम्मेदवार घोषणा गरिनेछ। निर्वाचित भएको उम्मेदवारको नाम आयोगले प्रदेश प्रमुख समक्ष पठाई सो नामावली नेपाल राजपत्रमा प्रकाशन गर्नुपर्ने उल्लेख छ। आयोगले विजयी उम्मेदवारको सूची प्रमुखलाई बुझाउने व्यवस्था रहेको छ।

# सगरमाथाको उचाइ नाप्न थालियो

## दुई वर्षमा काम सक्ने सरकारको लक्ष्य

प्रशान्त वली, काठमाडौं

सगरमाथाको उचाइ मापन कार्य शुरू भइसकेको नापी विभागले बताएको छ। मापन कार्यविधि, अन्तर्राष्ट्रिय विज्ञहरूसँग छलफल, लेबलिङलगायतका काम भएकाले उचाइ मापन कार्य शुरू भइसकेको विभागका महानिर्देशक गणेशदत्त भट्टले जानकारी दिनुभयो। मापन कार्यलाई आधिकारिक तुल्याउने गरी उचाइ मापनको कार्यविधिसमेत बनिसकेको विभागले जानकारी दिएको छ।

उचाइ मापनका लागि समुद्री सतहको आवश्यकता पर्ने तर त्यो नभएकाले समुद्री सतहको आकार परिभाषित गर्न जीपीएसमार्फत गुरुत्वाकर्षण सर्भे गरिने विभागका महानिर्देशक भट्टले नेपाल समाचारपत्रलाई जानकारी दिनुभयो। १२ वटा केन्द्रविन्दु बनाएर सगरमाथाको उचाइ मापन कार्य अगाडि बढाउने तयारी विभागले गरेको छ।

उचाइ मापन कार्य सम्पन्न गर्न २ वर्ष लाग्ने आँकलन गरिएको छ। २०७२ वैशाखको विनाशकारी भूकम्पले हिमालहरूको उचाइ केही बढेको अध्ययनले देखाएको छ। सगरमाथाको शिखरमा टोली पठाउने र जीपीएस मेसिन राखेर अनुगमन गर्ने कार्यविधिमा उल्लेख छ। उचाइ मापन कार्यका लागि शेर्पाहरूलाई तालिम लिएर उनीहरूको सहयोग लिइने विभागले बताएको छ। सगरमाथाको उचाइ नाप्न सरकारले चालू आर्थिक वर्षको बजेटमा २ करोड विनियोजन गरेको छ। यो रकमले नपुग्ने भए पनि अर्थ मन्त्रालयले बजेटको अभाव हुन नदिने मौखिक प्रतिबद्धता जनाएको महानिर्देशक भट्टले बताउनुभयो। नापी विभागका अनुसार सगरमाथाको उचाइ नाप्न विभागका ७० देखि ८० जनाको जनशक्ति खट्ने गरी तयारी थालिएको छ।

सन् १८५८ मा तत्कालीन ब्रिटिस सरकारको सर्वे अफ इन्डियाको टोलीले सगरमाथाको उचाइ मापन गरेको थियो।

(क्रमशः पृष्ठ ९ मा)

# मेलम्चीपछि लार्के र याङ्ग्री आउने

सुरेश तामाङ, काठमाडौं

मेलम्ची खानेपानी विकास समितिले मेलम्चीपछि लार्के र याङ्ग्री खोलाको पानी काठमाडौं ल्याउने तयारी तीव्ररूपमा थालेको छ। समितिले दुवै खोलाको पानी सुरुङमार्ग हुँदै दैनिक थप ३४ करोड लिटर पानी ल्याउन लागेको हो।

समितिले गत आवमा परामर्शदाता छनोट गर्दै विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) तयार पार्ने काम भएको समितिका सिनियर डिभिजनल इन्जिनियर राजेन्द्रप्रसाद पन्तले बताउनुभयो।

'मेलम्चीपछि लार्के र याङ्ग्री खोलाको पानी काठमाडौं ल्याउन हामीले काम शुरु गरिसकेका छौं', उहाँले भन्नुभयो- 'परामर्शदाताबाट डीपीआरको कामका साथै वातावरणीय, सामाजिक अध्ययन भइरहेको छ।'

स्पेनी परामर्शदाता इप्टिसाले दुवै खोलाको पानी काठमाडौं ल्याउन डीपीआर तयार पार्दै छ।

(क्रमशः पृष्ठ ९ मा)

## संघीयतामा शिक्षाको अवस्था

# प्रदेश सरकारको अधिकार खुम्चियो

ईश्वरराज ढकाल, काठमाडौं

नेपालको संविधानको अनुसूची ५ अन्तर्गत संघको अधिकारको सूचीमा केन्द्रीय विश्वविद्यालय, केन्द्रीयस्तरको प्रज्ञा प्रतिष्ठान, विश्वविद्यालय मापदण्ड र नियमन तथा केन्द्रीय पुस्तकालय स्थापनाको विषय उल्लेख छ। अनुसूची ६ प्रदेश अधिकार सूचीअन्तर्गत प्रदेश विश्वविद्यालय, उच्च शिक्षा, पुस्तकालय र शैक्षिक संग्रहालय स्थापना गर्ने रहेको छ।

संविधानको अनुसूची ८ मा स्थानीय तहको अधिकारअन्तर्गत आधारभूत र माध्यमिक शिक्षा उल्लेख गरिएको छ। संविधानअनुसार आधारभूत र माध्यमिक शिक्षाको सम्पूर्ण अधिकार स्थानीय तहलाई दिएपछि विद्यालय शिक्षामा प्रदेश सरकारको अधिकार अत्यन्तै गौण देखिएको छ।

प्रदेश सरकारले एउटा प्रदेशमा एक विश्वविद्यालय स्थापना गर्ने, उच्च शिक्षा र प्रादेशिकस्तरको पुस्तकालय र संग्रहालय सञ्चालन गर्ने मात्रै उल्लेख छ। विद्यालय शिक्षामा प्रदेशको अधिकार नै छैन भन्दा पनि हुन्छ, सबै अधिकार स्थानीय तहबाटै हुन्छ।

अबको प्रादेशिक शिक्षाको ढाँचा कस्तो हुनुपर्छ भन्दा शिक्षाविद् प्राडा मनप्रसाद वाग्ले भन्नुहुन्छ- 'विद्यालय शिक्षामा त प्रदेशको कुनै अधिकार नै हुँदैन, प्रदेशले केवल एउटा प्रादेशिक विश्वविद्यालय खोल्ने प्रादेशिक उच्च शिक्षाको नियमन र मापदण्ड बनाउने र प्रादेशिकस्तरको पुस्तकालय र संग्रहालय खोल्नेमात्र देखिएको छ।' उहाँले विद्यालय शिक्षामा प्रदेशको भूमिका प्रायः शून्य रहेको दाबी गर्नुहुन्छ। उहाँ भन्नुहुन्छ- 'बरु संघमा केही अधिकार छ, प्रदेशमा कुनै पनि अधिकार छैन। विद्यालय शिक्षाको सबै अधिकार स्थानीय सरकारको मातहतमा रहने हुनाले प्रदेश सरकारको हस्तक्षेपकारी भूमिका नै रहँदैन। अब प्रदेश सरकारले उच्च शिक्षाका लागि नयाँ भूमिका निर्वाह गर्दै जानुपर्छ।'

शिक्षाविद् प्राडा विद्यानाथ कोइरालाले सबै विद्यालय शिक्षाको अधिकार स्थानीय तहमा गइसकेको अवस्थामा प्रदेश सरकारले केही गर्न नमिल्ने बताउनुहुन्छ। संविधानतः प्रदेश सरकारले प्रदेशमा विश्वविद्यालय खोल्ने, पुस्तकालय र संग्रहालय स्थापना गर्ने मात्रै उल्लेख गरेको अवस्थामा प्रदेश सरकारले अधिकार खोज्नु बेकार रहेको उहाँको धारणा छ। तर, स्थानीय निकायले प्रदेश सरकार गठन भएपछि सबै शिक्षा प्रदेशले हेर्ने बुझिरहेका छन्।

(क्रमशः पृष्ठ ९ मा)

# महानगर

शैक्षिक गुणस्तर परीक्षण केन्द्र (ईआरओ)ले विद्यार्थीको गुणस्तर मापन गर्न लिने गरेको अंग्रेजी, नेपाली र गणितको परीक्षाको नतिजा निजी विद्यालयको तुलनामा सामुदायिक विद्यालयका विद्यार्थीको अवस्था दयनीय छ। सामुदायिक विद्यालयका विद्यार्थीको सिकाइ उपलब्धि ५० प्रतिशत पनि नाघेको छैन। यसले के देखाउँछ भने सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीको गुणस्तर कायम गर्न अझै केही वर्ष लाग्ने देखिएको छ।

2017, DEC
Monday
25



## स्रोतको अभाव
# खस्कँदो सामुदायिक विद्यालय शिक्षा

ईश्वरराज ढकाल
ishwor32@gmail.com

नेपालमा झण्डै ८० प्रतिशत सामुदायिक विद्यालयको हालत खराब छ। स्रोत र लगानी अभावका कारण सामुदायिक विद्यालयको अवस्था नाजुक बन्दै गएको छ। स्थानीय सरकारको मातहतमा रहेको माध्यामिक तहको शिक्षा सुधारका लागि सरकारी तत्काल पहल गर्नुपर्ने टड्कारो आवश्यकता देखिएको छ। सरकारको कम लगानी र शिक्षकको राजनीतिका कारण सरकारी विद्यालयमा विद्यार्थी घट्दो अवस्थामा रहेको छ। तत्कालीन एसएलसीको परीक्षालाई आधार मान्ने हो भने करिब २० प्रतिशत विद्यार्थी मात्रै उत्तीर्ण भएको देखिन्छ। निजी विद्यालयले ८० प्रतिशत स्थान ओगटेको छ। सरकारी विद्यालयको संख्या करिब ३५ हजार छ। बजेट अभावका कारण सामुदायिक विद्यालयको सुधार हुन नसकेको सरकारको धारणा छ। शैक्षिक गुणस्तर परीक्षण केन्द्र (ईआरओ)ले विद्यार्थीको गुणस्तर मापन गर्न लिने गरेको अंग्रेजी, नेपाली र गणितको परीक्षाको नतिजा निजी विद्यालयको तुलनामा सामुदायिक विद्यालयका विद्यार्थीको अवस्था दयनीय छ। सामुदायिक विद्यालयका विद्यार्थीको सिकाइ उपलब्धी ५० प्रतिशत पनि नाघेको छैन। यसले के देखाउँछ भने सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीको गुणस्तर कायम गर्न अझै केही वर्ष लाग्ने देखिएको छ। शिक्षा विभागका निर्देशक दीपक शर्माले बजेट उपलब्ध गराउन नसकेका कारण सामुदायिक विद्यालयको अवस्था बिग्रदै गएको बताउनुभयो। उहाँले भन्नुभयो- 'हामीले चक डस्टर किन्न, केही मर्मतका लागि मात्रै बजेट उपलब्ध गराएका कारण विद्यार्थीको शिक्षामा सुधार हुन नसकेको हो। विभागले उपलब्ध गराउने रकममध्ये करिब ९० प्रतिशत रकम तलबमा खर्च हुने गरेको छ। हुन त सरकारले शिक्षामा कम बजेट विनियोजन गरेका कारण सामुदा

यक शिक्षामा सुधार हुन नसकेको हो। चालु आवमा सरकारी बजेट १२ खर्ब ७८ अर्ब ९९ करोड ४८ लाख ५५ हजार रुपियाँ रहेको छ। यसमध्ये शिक्षामा १ खर्ब २६ अर्ब ७९ करोड ८ लाख ५३ हजार विनियोजन गरिएको छ। यसबाट सरकारले आगामी आर्थिक वर्षमा स्थानीय तहले सम्पादन गर्नेबाहेकका शिक्षासम्बन्धी कार्यक्रमका लागि ६६ अर्ब १२ करोड रुपियाँ विनियोजन गरेको छ। शिक्षा मन्त्रालयबाहेक केही स्थानीय निकाय, उच्च शिक्षा, प्राविधिक शिक्षालगायत समग्र व्यवस्थामा बजेट बाँडिएको छ। स्थानीय सरकार गठन भइसकेपछि शिक्षकको तलब उपलब्ध गराउने गरी ६० अर्ब ६६ करोड स्थानीय तहमै विनियोजन गरिएको थियो। तलब सिधै स्थानीय निकायमा पुगेपछि सामान्य खर्च मात्र विभागले गर्ने गरेको छ।

गतवर्षको तुलनामा कम भएको देखिए पनि बजेटको आकार भने बढेको छ। गतवर्ष शिक्षामा सरकारले १ खर्ब १६ अर्ब ३६ करोड ६ लाख ४९ हजार विनियोजन गरेको थियो।



**धनञ्जय शर्मा**
पूर्वप्रअ, ज्ञानोदय मावि, बाफल

> करिब ४ हजार विद्यालयमा एकजना मात्रै शिक्षकको दरबन्दी दिएको छ, भने करिब ३ हजार ५ सय विद्यालयमा एकजना पनि शिक्षक दरबन्दी छैन यस्तो अवस्थामा सामुदायिक विद्यालयको कसरी सुधार हुन्छ ?

गतवर्ष शिक्षामा कुल बजेटको ११ दशमलव शून्य ९ प्रतिशत थियो। अहिले कुल बजेटको ९ दशमलव ९१ प्रतिशत छ। यसरी तुलना गर्दा कुल बजेटको आधारमा शिक्षाको बजेट १ दशमलव १८ प्रतिशत घटेको देखिन्छ। गत आवभन्दा आगामी आवमा शिक्षामा १० अर्ब ४३ करोड २ लाख ४ हजार रूपियाँ बजेट बढी विनियोजित भएको छ। रकम कम भएकै कारण शिक्षामा विकास हुन नसकेको धारणा ज्ञानोदय माविका पूर्वप्रअ धनञ्जय शर्माको धारणा छ। उहाँ भन्नहुन्छ- 'श्रोत छैन कसरी सामुदायिक शिक्षामा सुधार हुन सक्छ ? कतिपय विद्यालयमा शिक्षक बढी छन् कतिमा विद्यार्थीको अनुपातमा शिक्षक नै छैनन्। कान्ति ईश्वरी, दरबार स्कुलजस्ता नाम चलेका विद्यालयका विद्यार्थीको अनुपातमा शिक्षक बढी छन् भने अधिकांश ठुला विद्यालयमा विद्यार्थीको तुलनामा शिक्षक अत्यन्तै कम छन्' -उहाँको धारणा थियो।

करिब ४ हजार विद्यालयमा १ जना मात्रै



**प्रा.डा. विद्यानाथ कोइराला**
शिक्षाविद्

> अब स्थानीय तहमा गएको छ, केही सुधार होला भन्ने आशा लिएका छौं। भवन छैन भन्दा सरकारी विद्यालयको ठूला भवन छन्, शिक्षक छैन भन्दा पीसीएफ कोटा दिएको छ। आवश्यक पर्ने रकम उपलब्ध गराएको अवस्थामा स्रोत छैन भन्नु गलत हो। शिक्षकको प्रवृत्तिमा सुधार नभएसम्म सामुदायिक शिक्षाको सुधार हुन सक्दैन। राजनीतिमा लागेकाहरूले अब विद्यालयलाई सुधार गर्न लागिपरेका छन्।

शिक्षकको दरबन्दी दिएको छ भने करिब ३ हजार ५ सय विद्यालयमा १ जना पनि शिक्षक दरबन्दी छैन यस्तो अवस्थामा सामुदायिक विद्यालयको कसरी सुधार हुन्छ' -उहाँको धारणा थियो। उहाले शिक्षाको गुणस्तरमा सुधार ल्याउन आवश्यकताअनुसार शिक्षकको दरबन्दी गर्नुपर्छ। अब स्थानीय सरकारले माध्यामिक तहसम्मको शिक्षा लिएपछि शिक्षामा सुधार आउने उहाँको अपेक्षा छ। उहाँ भन्नुहुन्छ- 'एक दुई वर्ष संक्रमणकाल जस्तै होला तर स्थानीय



**दीपक शर्मा**
निर्देशक, शिक्षा विभाग

> बजेट उपलब्ध गराउन नसकेका कारण सामुदायिक विद्यालयको अवस्था बिग्रँदै गएको हो। हामीले चक डस्टर किन्न, केही मर्मतका लागि मात्रै बजेट उपलब्ध गराएका कारण विद्यार्थीको शिक्षामा सुधार हुन नसकेको हो।

अधिकारीले सामुदायिक विद्यालयको विषयमा अध्ययन गरेपछि सुधार होला। नयाँ अभ्यास हो लागू गर्न केही समय लाग्ला। उहाँले स्थानीय निकाय एक्सनमा गए सामुदायिक विद्यालय र स्थानीय सरकारबीच कन्फिलिक्ट बढ्ने धारणा राख्दै दुवै निकाय संयमित भएर अघि बढ्नुपर्ने उहाँ बताउनुहन्छ। उहाँले सीमित स्रोत भए पनि केही विद्यालयको शिक्षामा सुधार आएको बताउनुहन्छ। स्थानीय जनतासँग मिलेर स्रोतको व्यवस्थापन गर्न सके सामुदायिक विद्यालयको नतिजा राम्रो हुन सक्छन्। तर अभिभावकको सल्लाहमा न्युनतम् शुल्क उठाउनै पर्छ, उहाँले केही विद्यालयले मात्रै शिक्षामा सुधार ल्याउन सकिएको बताउनुहुन्छ

ज्ञानोदय माविका प्रअ नातिकाजी महर्जनले लगानी र स्रोतको पहिचना गरे शिक्षामा सुधार हुनसक्ने बताउनुहन्छ। उहाँले अभिभावको सहयोग र विद्यार्थीको चाहनाले मात्रै शिक्षामा सुधार हुन सक्ने बताउनुभयो। कर्मचारी र शिक्षकको योगदानले मात्रै विद्यालयको गुणस्तर मजबुत हुन सक्ने बताउँदै उहाँले ज्ञानोदय विद्यालय नमुनाका रूपमा चिनिनु विद्यार्थी र शिक्षक कर्मचारीको हात रहेको जानकारी दिनुहुन्छ। सरकारले त सामान्य बजेट मात्रै दिने गरेको छ , आवश्यकता परे हामीले सरकारसँग गुहार माग्नेछौं कहिलेकाही रकम दिनेछ त्यो नै सरकारको सहयोग हो। शिक्षाविद् प्राडा. विद्यानाथ कोइरालाको भनाइ फरक छ। उहाँ भन्नुहुन्छ- 'स्रोतको अभावले होइन शिक्षकको लगनशीलता नभएका कारण शिक्षामा सुधार हुन नसकेको हो। अब स्थानीय तहमा गएको छ, केही सुधार होला भन्ने आशा लिएका छौं' -उहाँको भनाइ थियो। उहाँले भवन छैन भन्दा सरकारी विद्यालयका ठूला भवन छन्, शिक्षक छैनन् भन्दा पीसीएफ कोटा दिएको छ।

आवश्यक पर्ने रकम उपलब्ध गराएको अवस्थामा स्रोत छैन भन्नु गलत हो। शिक्षकको प्रवृत्तिमा सुधार नभएसम्म सामुदायिक शिक्षाको सुधार हुन सक्दैन। राजनीतिमा लागेकाहरूले अब विद्यालयलाई सुधार गर्नका लागि परेका छन्। गाउँपालिका नगरपालिका, उपमहानगरपालिका र महानगरपालिकाले माध्यामिक तहसम्मको शिक्षा हेर्ने भएपछि अब केही सुधार हुने आशमा रहेका शिक्षाविद् कोइरालाले शिक्षकको नियमन स्थानीय निकायले गरेमात्रै सामुदायिक शिक्षामा अवश्य पनि सुधार आउला। शिक्षा विभागका निर्देशक शर्माले स्थानीय स्रोत परिचालन गरेर सामुदायिक शिक्षामा सुधार ल्याउनुपर्ने धारणा राख्नुहन्छ। चालु आवको बजेटमा खुला तथा वैकल्पिक विद्यालयमार्फत विद्यालयबाहिर रहेका विद्यालय जाने उमेरका सबै बालबालिकालाई विद्यालय शिक्षाको दायरामा ल्याइने उल्लेख छ। स्थानीय स्तरमा आवश्यक पर्ने निम्न तथा मध्यम स्तरको प्राविधिक उत्पादन गर्ने प्राविधिक सीप विकास केन्द्रहरू स्थापना गर्ने कार्य अगाडि बढाउने योजना छ।

## संविधानमा शिक्षाको व्यवस्था

### भाग २ धारा ३१ शिक्षासम्बन्धी हक

(१) प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुनेछ।

(२) प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुनेछ।

(३) अपांगता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानूनबमोजिम निःशुल्क उच्च शिक्षा पाउने हक हुनेछ।

(४) दृष्टिविहीन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाइसम्बन्धी अपांगता भएका नागरिकलाई सांकेतिक भाषाको माध्यमबाट कानूनबमोजिम निःशुल्क शिक्षा पाउने हक हुनेछ।

(५) नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानूनबमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुनेछ।




# भारतको प्रि-स्कुल स्यानफोर्ट काठमाडौंमा

भारतको प्रख्यात स्यानफोर्ट प्रि-स्कुल काठमाडौंमा शुरू भएको छ। काठमाडौंको विशालनगर मार्गमा स्थापना भएको स्यानफोर्ट प्रि-स्कुलको उद्घाटन केन्द्रीय प्रहरी अनुसन्धान ब्युरो (सीआईबी) प्रमुख डीआईजी पुस्कर कार्की र अभिनेत्री केकीअधिकारी र स्यान-फोर्ट स्कुल समूहका प्रबन्ध निर्देशक एस के राठौरले शनिबार संयुक्त रूपमा गर्नुभएको हो।

प्रि-स्कुल उद्घाटन कार्यक्रममा स्यान-फोर्ट स्कुल समूहका प्रबन्ध निर्देशक राठौरले यस स्कुलमार्फत बेलायती अवधारणाअनुसार शिक्षा दिने बनाउनुभयो। भारतको उत्कृष्ट प्रि-स्कुलको ब्रान्ड बनाउन सफल स्यान-फोर्ट बालबालिकाको समग्र विकासका लागि ठूलो योगदान पुऱ्याउँदै आएको छ। नेपालमा पनि सोही स्तरको शिक्षा दिनका लागि यो स्यान-फोर्ट प्रि-स्कुल स्थापना गरिएको हो। यस स्कुलले प्रारम्भिक वर्षमा सिकाइमा आउने 'ग्याप'लाई पूरा गरेको छ।

स्यान-फोर्ट प्रि-स्कुलका धेरै विशेषताहरू रहेका छन्। यस स्कुलका कक्षाकोठाहरू रंगीन क्रियाकलाप केन्द्रित रहेका छन्। त्यसै गरी स्मार्ट लर्निङ सिस्टम तथा खेलौनासम्बन्धी आधुनिक उपकरणले भरिपूर्ण भएका कारण यस स्कुल बालबालिकाका लागि सपनाको घरजस्तै साबित भएको छ। यहाँ पढाइ हुने पाठ्यक्रम समय सुहाउँदो तथा प्रभावकारी छ जसका कारण बालबालिकाहरूलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेशमा विकसित भएका पछिल्ला घटनाक्रमलाई सहजरूपमा सिक्न सहज हुनेछ। स्यान-फोर्ट स्कुल समूहअन्तर्गत भारत, बंगलादेश र नेपालसहितका मुलुकमा १ सय ५० भन्दा बढी स्कुलहरूको नेटवर्क रहेको छ। यसले ४० भन्दा बढी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अवार्ड हात पारिसकेको छ। हरेक स्कुलका प्रमुख तथा शिक्षकहरूले स्यान-फोर्ट मुख्य कार्यालयबाट उच्च स्तरको तालिमप्राप्त गरेका छन्। जसका कारण पनि उनीहरूलाई स्कुलमा पढाइ हुने पाठ्यक्रम कार्यान्वयनमा सहयोग पुऱ्याएको छ।

स्कुलले निकट भविष्यमै अन्य धेरै शाखा सञ्चालन गर्ने योजना बनाएको छ। काठमाडौंको विशालनगर मार्गस्थित स्कुल उद्घाटन कार्यक्रममा स्यान-फोर्ट फ्रेन्चाइज निर्देशकहरू विनोद श्रेष्ठ र सागर प्रजापतिले यस स्कुलमार्फत गुणस्तरीय र स्यान-फोर्ट निर्देश गरेअनुसारको शिक्षा दिने प्रतिवद्धता व्यक्त गर्नुभयो। यस स्कुलबाट पढेका विद्यार्थीहरू अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धा गर्न योग्य हुने उहाँहरूको दाबी छ।

# मेलामा बल्छी र राजु मास्टरको हस्यौली



सन्तोष अधिकारी/गोरखा

शुक्रबारदेखि शुरू भएको *पहिलो गोरखकाली मेला*को दोस्रो दिन शनिबार विभिन्न सांस्कृतिक कार्यक्रमहरू सम्पन्न भए। हरमटारी क्लबको आयोजनामा भएको मेलामा ख्यातिप्राप्त हास्य कलाकारका साथ लोक, आधुनिक क्षेत्रका कलाकारहरूले गोरखकालीलाई हसाए र नचाए। कार्यक्रममा मरिचमान श्रेष्ठ बल्छी धुर्बेले भूकम्पका कारण अझै गोरखा पुनर्निर्माणले गति लिन नसकेको विषयलाई व्यंग्य गरेका थिए। उनले भूकम्पका कारण ढलेकी नेपाल आमा अझै उठ्न नसकेको भन्दै सरकारलाई व्यंग्य गरे। त्यस्तै उनले गोरखाको सडकलाई पनि हासो र व्यंग्यको विषय बनाए। उनले भने- 'गोरखाको बाटो त सानो भएछ। सिटमा बसेको मान्छे गाडी उफ्रिँदा सिटनै छुट्ने स्थितिमा पुगेको रहेछ।' राजु मास्टरले पनि सामाजिक सञ्जालको दुरूपयोग बढेको बारे हास्यव्यंग्यमार्फत चिन्ता गरे।

उता गोरखाली गायक सञ्जय गुरुङले *दरौँदीको पानीले हुर्किएको म, गोरखालीको मायाले फुर्किएको म* बोलको लोकदोहोरी गीत गाउँदा मेलामा आएका हजारौं दर्शकले हुटिङ गरेर र नाचेर उनलाई साथ दिए। उनले करिब आधा दर्जन गीत प्रस्तुत गरे। उता लोकदोहोरी गायिका कृष्णा गुरुङले *पक्कै पूरा हुन्छ निधारैमा लेखेसी, आँखा लोभी मन पानी भयो तिम्लाई देखेसी*लगायतका करिब आधा दर्जन गीत गाएर गोरखालीलाई नचाइन्। मेलामा तृष्णा गुरुङ तथा स्थानीय कलाकारको नृत्यलगायतका सांस्कृतिक कार्यक्रमहरू प्रस्तुत भएका थिए। मेलामा घोडा र उँटको नृत्य विशेष आकर्षणका रूपमा रहेका छन्।




# नवीनले ल्याए फुलेको तोरी



लोक दोहोरी गायक नवीन पौडेलले *फुलेको तोरीलाई बैँस आको छोरीलाई जोगाउनै गाह्रो* बोलको गीत सार्वजनिक गरेका छन्।

समाजमा देखिएको विकृति र विसंगतिलाई समेटेर तयार पारिएको गीतमा छोरीलाई हेर्ने नेपाली दृष्टिकोणलाई कडा प्रहार गरिएको छ। 'पितृसत्तात्मक समाजमा छोरी मान्छेलाई हेर्ने दृष्टिकोणमा अझै पनि भिन्नता छ। असमानता कायम नै रहेको अवस्थामा नयाँ गीत बजारमा ल्याएको हुँ' -पौडेलले भने। नेपाली लोकदोहोरीको क्षेत्रमा यथार्थपरक, समयसापेक्ष गीत प्रस्तुत गर्दै आएका पौडेलले हालसम्म करिब १ सय ५० भन्दा बढी गीतमा स्वर दिइसकेका छन्। गीत गाएरै देशविदेशमा चर्चा कमाएका उनले पछिल्लो गीतले पनि चर्चा कमाइसकेको दाबी गरे।

प्रस्तोता समाज नेपालका कार्यकारी सदस्य, अन्तर्राष्ट्रिय कलाकार मञ्च नेपाल च्याप्टरका उपाध्यक्ष र राष्ट्रिय लोकदोहोरी प्रतिष्ठान् नेपालका पूर्वकेन्द्रीय सदस्यसमेत रहेका पौडेलको पछिल्लो गीतमा पौडेलकै लय, शब्द र संकलन रहेको छ। सो गीतमा पूर्णकला बीसी र भूमिका शाहले स्वरमा साथ दिएका छन्। यसमा चर्चित हास्य कलाकार शिवहरि पौडेलले अभिनय गरेका छन्। आमाको भूमिकामा रेखा थापा र छोरीको भूमिकामा टीका जैशीले साथ दिएका छन्। रक्षा म्युजिक कम्पनीले यो गीतलाई बजारमा ल्याएको हो।



# समारोहमा नपुग्दा अवार्डबाट वञ्चित ?

सदैव केही न केही बाहनामा चर्चा र विवादमा रहने बलिउड नायिका कंगना रनावत एकपटक फेरि विवादमा तानिएकी छिन्। उनी एक कुराकानीमा अवार्ड समारोहबारे आफ्नो फरक अनुभव शेयर गरी विवादमामा तानिएकी हुन्।

एक भारतीय अनलाइनमा प्रकाशित समाचारअनुसार उनले भनेकी छिन्- 'मलाई याद छ केही वर्षअघि जब म एक अवार्ड कार्यक्रममा ढिलो पुगेकी थिएँ, उक्त अवार्ड म ढिलो पुगेकै कारण अरू कसैलाई दिइयो। आयोजकले मलाई भनेका थिए तपाईंले फिल्म मेट्रोका लागि *अवार्ड* पाउँदै हुनुहुन्छ। त्यसैले समयमै आउनु। तर उक्त समय म ट्राफिक जामको कारण समयमा पुग्न सकिनँ, केवल १५ मिनेट ढिलो भएको थियो। त्यहाँ पुग्नुअघि बाटोमा मलाई तपाईं कहाँ पुग्नुभयो भनेर फोन आइरहेको थियो तर केही समयपछि फोन आउनै छोड्यो। जब म कार्यक्रममा पुगें, उक्त अवार्ड फिल्म *रंग दे वसन्ती*का लागि सोहा अलि खानलाई दिइसकिएको रहेछ।'

उनले अगाडि भनेकी छीन्- 'सन् २०१४ मा १ पटक म अमेरिकामा स्क्रिन प्ले राइटिङको कोर्स गरिरहेको थिएँ, त्यही बेला मलाई *फिल्म फेयर अवार्ड*को तर्फबाट फोन आयो। मलाई *क्रिस* ३ का लागि अवार्ड मिल्नेवाला छ र एक दिनका लागि भारत आउनु भनियो। तर म आफ्नो कोर्स गरिरहेको छु र अवार्डका लागि भारत आउँदा मेरो १० लाख रुपियाँ खर्च हुन्छ भनेँ। मेरो क्लास मिस हुने कारणले गर्दा म आउन सक्दिन भनिदिएँ। त्यसपछि उक्त सर्पोटिङ एक्ट्रेसको अवार्ड फिल्म *रामलीला*का लागि सुप्रिया पाठकलाई दिइयो। त्यसपश्चात् उक्त म्यागेजिनको सम्पादक मसंग यति रिसाएका छन् कि उनी अहिलेसम्म मसँग बोल्दैनन्।' उनले दाबी गरेकी छिन् 'अर्कोपटक मैले फिल्म *तनु वेड्स मनु*का लागि बेस्ट एक्ट्रेसको फिल्म फेयर अवार्ड पाइन्। तर मैले यही फिल्मका लागि नेसनल अवार्ड पाएको थिएँ। त्यसपछि भने उनी (फिल्म फेयरका सम्पादक) ट्रोल भए।'

कुराकानीको क्रममा उनले अर्को एक अवार्ड कार्यक्रममा पनि आफू अनुपस्थित भएकै कारण अवार्ड पाउनबाट वञ्चित भएको दाबी गरेकी छिन्। 'तपाईंहरूलाई अचम्म लाग्ला, तर कुरा यस्तो हो कि एक अवार्ड कार्यक्रममा फिल्म *ह्याप्पी न्यु इएर*का लागि दिपिका पादुकोणले अवार्ड पाइन्। तर मैले फिल्म *क्विन*को लागि अवार्ड पाइनँ। किनभने म उक्त कार्यक्रममा गएको थिइनँ' उनले सन् २०१४ देखि अवार्ड कार्यक्रम वहिष्कार गर्दै आइरहेकी छिन्।







सम्मान चलचित्रको उत्सव उत्कृष्टताको

CG Entertainment Presents
LUX Kamana Awards

LUX कामना फिल्म अवार्ड्स् २०७४

मन परेको फिल्म र फिल्मकर्मीलाई SMS गर्नुहोस्, विजेता बनाउनुहोस्

CO-SPONSOR: Pashupati BISCUITS
RED CARPET: YETI PVC FLOORING Live with honour...
OFFICIAL DRINK: GRAND MASTER XXX RUM
OFFICIAL BANK: PRABHU BANK
ASSOCIATE SPONSOR: NIC ASIA एन आई सी एशिया बैंक लि. · IME International Money Express Fast, Reliable And Secure Remittance · KILOMETER

मनपर्ने चलचित्र तथा सिनेकर्मीलाई जिताउनका लागि माथि उल्लेखित Short Keywords टाइप गरी ३२७२२ मा पठाउनुहोस् । जस्तै, सर्वोत्कृष्ट चलचित्र विधामा भोट गर्नका लागि KFA<space> र तपाईंलाई मन परेको चलचित्रको कोड नम्बर टाइप गरी ३२७२२ मा पठाउनुहोस् ।

विधाः सर्वोत्कृष्ट चलचित्र
छक्का पञ्जा
Type KFA space 1A & send to 32722
डाइङ क्यान्डल
Type KFA space 1B & send to 32722
गाजलु
Type KFA space 1C & send to 32722
जात्रा
Type KFA space 1D & send to 32722
के म तिम्रो होइन र
Type KFA space 1E & send to 32722

विधाः सर्वोत्कृष्ट निर्देशक
सुवर्ण थापा - बाटोमुनिको फूल-२
Type KFA space 2A & send to 32722
दीपेन्द्र के खनाल - चपली हाइट-२
Type KFA space 2B & send to 32722
हेमराज बीसी - गाजलु
Type KFA space 2C & send to 32722
आकाश अधिकारी - के म तिम्रो होइन र
Type KFA space 2D & send to 32722
निश्चल बस्नेत - लुट-२
Type KFA space 2E & send to 32722

विधाः सर्वोत्कृष्ट अभिनेता
दयाहाङ राई - वीरविक्रम
Type KFA space 3A & send to 32722
अनमोल केसी - गाजलु
Type KFA space 3B & send to 32722
विपीन कार्की - जात्रा
Type KFA space 3C & send to 32722
निखिल उप्रेती - निर्भय
Type KFA space 3D & send to 32722
सौगात मल्ल - शब्द
Type KFA space 3E & send to 32722

विधाः सर्वोत्कृष्ट अभिनेतृ
प्रियंका कार्की - छक्का पञ्जा
Type KFA space 4A & send to 32722
सृजना सुब्बा - डाइङ क्यान्डल
Type KFA space 4B & send to 32722
वर्षा राउत - जात्रा
Type KFA space 4C & send to 32722
केकी अधिकारी - लभ सासा
Type KFA space 4D & send to 32722
नीता ढुंगाना - निर्भय
Type KFA space 4E & send to 32722

विधाः सर्वोत्कृष्ट खलपात्र
ध्रुव कोइराला - बाजिगर
Type KFA space 5A & send to 32722
अर्पण थापा - वीरविक्रम
Type KFA space 5B & send to 32722
दीपकराज गिरी - छक्का पञ्जा
Type KFA space 5C & send to 32722
कमलमणि नेपाल - जात्रा
Type KFA space 5D & send to 32722
कामेश्वर चौरासिया - पलाँस
Type KFA space 5E & send to 32722

विधाः सर्वोत्कृष्ट हास्य कलाकार
केदार घिमिरे - छक्का पञ्जा
Type KFA space 6A & send to 32722
रवीन्द्र झा - जात्रा
Type KFA space 6B & send to 32722
दयाहाङ राई - लुट-२
Type KFA space 6C & send to 32722
सलोन बस्नेत - गाजलु
Type KFA space 6D & send to 32722
बुद्धि तामाङ - छक्का पञ्जा
Type KFA space 6E & send to 32722

विधाः सर्वोत्कृष्ट संगीतकार
ताराप्रकाश लिम्बु - वीरविक्रम/हारें हारें
Type KFA space 7A & send to 32722
राजनराज शिवाकोटी - छक्का पञ्जा/पूर्व-पश्चिम रेल
Type KFA space 7B & send to 32722
कालिप्रसाद बासकोटा - लुट-२/ठमेल बजार
Type KFA space 7C & send to 32722
अर्जुन पोखरेल - निर्भय/यो दुनियाँ
Type KFA space 7D & send to 32722
वसन्त सापकोटा - राधा/छपक्कै
Type KFA space 7E & send to 32722

विधाः सर्वोत्कृष्ट पार्श्व गायक
ताराप्रकाश लिम्बु - वीरविक्रम/हारें हारें
Type KFA space 11A & send to 32722
राजनराज शिवाकोटी - छक्का पञ्जा/पूर्व-पश्चिम रेल
Type KFA space 11B & send to 32722
कृष्ण काफ्ले - छक्का पञ्जा/सुन न चम्पा
Type KFA space 11C & send to 32722
प्रताप दास - के म तिम्रो होइन र/पागल
Type KFA space 11D & send to 32722
युवराज चौलागाईं - पलाँस/तिमी साथमा
Type KFA space 11E & send to 32722
स्वरूपराज आचार्य - शब्द/हरपल
Type KFA space 11F & send to 32722

विधाः सर्वोत्कृष्ट पार्श्व गायिका
जलजला परियार - बाटोमुनिको फूल-२/केही कदम
Type KFA space 10A & send to 32722
मिलन अमात्य - हाउ फन्नी/यो के हो
Type KFA space 10B & send to 32722
अञ्जु पन्त - किस्मत-२/यी आँखा लैजाउ
Type KFA space 10C & send to 32722
मीना निरौला - लुट-२/ठमेल बजार
Type KFA space 10D & send to 32722
मेलिना राई - राधा/छपक्कै
Type KFA space 10E & send to 32722

विधाः लक्स पपुलर च्वाइस अवार्ड
वर्षा राउत
Type KFA space 8A & send to 32722
केकी अधिकारी
Type KFA space 8B & send to 32722
प्रियंका कार्की
Type KFA space 8C & send to 32722
ऋचा शर्मा
Type KFA space 8D & send to 32722
सृष्टि श्रेष्ठ
Type KFA space 8E & send to 32722

# विचार

2017, DEC
Monday
25

संघर्षको सुख नै
सर्वोत्तम सुख हो।
- मेक्सिम गोर्की

मानिसले गर्न नसक्ने काम
केही छैन तर काम गर्न उसलाई
साहसको आवश्यकता पर्छ।
- कार्लाइल

## सम्पादकीय

नेपाल समाचारपत्र
NEPAL SAMACHARPATRA

# कालिकोट घटनामा संयमता अपनाऊ

गत शुक्रबार प्रहरीले चलाएको गोली लागेर म्यादी प्रहरी विवेक ऐडीको मृत्यु भएपछि सो घटनाको विरोधमा कालिकोट सदरमुकाम मान्म अशान्त बनेको छ। स्थानीय बासिन्दा, मृतकका आफन्त र म्यादी प्रहरीले शनिबार बिहानदेखि हिंसात्मक आन्दोलन शुरू गरेपछि स्थानीय प्रशासनले कफ्र्यु लगाएको छ। शनिबार दिनभर प्रहरी र आन्दोलनकारीबीच दोहोरो झडप भएको र आन्दोलनका क्रममा थप क्षति हुनसक्ने सम्भावनालाई ख्याल गर्दै प्रशासनले अनिश्चित्कालीन कफ्र्यु लगाएको हो। आइतबार बिहान २ घण्टाका लागि खुकुलो पारिएको कफ्र्यु अर्को आदेश नहुञ्जेलसम्मका लागि पुनः शुरू भएको छ।

आइतबार बिहान स्थानीयबासीलाई आवत–जावत तथा घरायशी काम गर्नका लागि २ घण्टासम्म कफ्र्यु हटाइए पनि बिहान १० बजेदेखि पुनः शुरू भएको हो। आन्दोलनको प्रकृति नियाल्दा तत्काल अवस्था सामान्य नहुने भएपछि अर्को सूचना जारी नभएसम्मका लागि कफ्र्यु अवधि थपिएको स्थानीय प्रशासनले जनाएको छ। मृतकका आफन्तसँग क्षतिपूर्ति उपलब्ध गराउने बारेमा छलफल भइरहेको समयमा शनिबार आन्दोलनकारीले जिल्ला प्रशासन कार्यालयअगाडि टायर बाल्दै कार्यालयतर्फ ढुंगामुढा प्रहार गरेपछि बाध्य भएर साँझदेखि कफ्र्युलाई निरन्तरता दिइएको प्रशासनको भनाइ छ। आन्दोलनकारीले कफ्र्यु जारी भएको समयमा शनिबार राति सशस्त्र प्रहरी गण रहेको भवनमा आगजनी गरेका छन्। शनिबारको झडपमा करिब १ दर्जन आन्दोलनकारी घाइते भएका छन्।

कालिकोटको सास्सकोट नगरपालिका–२ का स्थानीय २२ वर्षीय ऐडीको गत शुक्रबार निधन भएको थियो। भर्खरै सम्पन्न प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनका लागि भर्ना भएका म्यादी प्रहरीलाई प्रदान गरिएको तलब र अन्य सुविधा कम भएपछि म्यादी प्रहरी असन्तुष्ट बनेका थिए। असन्तुष्ट पक्ष आन्दोलनमा उत्रिएपछिको झडपका क्रममा प्रहरीले केही राउन्ड अश्रुग्यास प्रहार गरेपछि आन्दोनल थप हिंसात्मकरूपमा अघि बढेको हो। आइतबार पीडित पक्ष, नागरिक समाज, राजनीतिक दल र प्रशासनबीच छलफल भए पनि बिनानिष्कर्ष टुंगिएको छ। कफ्र्यु अवधि थपिएपछि त्यहाँको जनजीवन निकै कष्टकर भएको छ।

प्रशासनले आइतबारदेखि सञ्चारकर्मी र मानव अधिकारकर्मीलाई समेत नगर क्षेत्रमा ओहोरदोहोर गर्न कडाइ गरेको छ। शुक्रबारदेखिको घटना थप लम्बिने निधो भएपछि सरकारले गृह मन्त्रालयका सहसचिव मानबहादुर जीसीको संयोजकत्वमा प्रहरी अतिरिक्त महानिरीक्षक रमेश खरेललगायतका उच्च अधिकारी संलग्न एक छानविन समिति गठन गरेको छ। सो टोली आइतबार कालिकोट पुगेर छानविन अघि बढाउने बताइएको छ। त्यसैले अब आन्दोलनकारी र पीडित पक्षले केन्द्रबाट गएको टोलीलाई छानविनमा सघाएको खण्डमा मात्रै समस्या समाधान हुनेछ। स्थानीय प्रशासनले पनि कठोर दमन होइन, संयमता अपनाउनु जरुरी छ।

**लेखकहरूलाई अनुरोध**

१२०० शब्दसम्मका उत्कृष्ट लेख-रचना एवम् छोटा पाठक-पत्रहरू निम्न ठेगानामा पठाउनुहुन अनुरोध गरिन्छ।
email : samacharpatrac@gmail.com, lekh_rachana@yahoo.com

# नयाँ सरकार, घोषणापत्र र आर्थिक समृद्धि



रुपनारायण खतिवडा

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालमा रहने सरकारका तीनवटै तहमा जनप्रतिनिधिहरूको चयन भइसकेको छ। सबैभन्दा तल्लो तहको सरकारका रूपमा रहेको स्थानीय तहमा स्थानीय सरकार क्रियाशील भइसकेको छ भने संघ र प्रदेश तहमा जनप्रतिनिधिहरूको चयन भइसकेको तथा नयाँ सरकार गठन हुने क्रममा रहेको छ। स्थानीय तह, प्रदेश र संघका लागि भएको शृङ्खलाबद्ध निर्वाचनको सिलसिला समाप्तिसँगै देशले लामो कालखण्डदेखि भोग्दै आएको राजनीतिक संक्रमणकाल र अस्थिरताको सिलसिला समाप्त हुने आमअपेक्षा रहेको छ। यससँगै, मूलभूतरूपमा राजनीतिक समस्याहरूको समाधान भई मुलुक आर्थिक रूपान्तरण र समृद्धिको चरणतर्फ अघि बढ्ने अपेक्षासमेत यति बेला आमनागरिकले गरिरहेका छन्।

इतिहासलाई फर्केर हेर्ने हो भने, नेपालले छोटो-छोटो समयमा ठूल्ठूला राजनीतिक परिवर्तन, पटक-पटक दोहोरिएका राजनीतिक संक्रमणकाल र निरन्तरको राजनीतिक अस्थिरता बेहोर्दै आएको छ। यस किसिमको अन्योलग्रस्त राजनीतिक अवस्थाका नकारात्मक प्रभावहरू देशले बहुक्षेत्रीय र बहुपक्षीय रूपमा भोग्नुपरिरहेको छ। देशमा राजनीतिक स्थिरता बहाली हुन नसक्दा सरकारलगायत विकासका पात्रहरूको ध्यान राजनीतिक किचलोतर्फ मात्रै केन्द्रित भई लामै समयदेखि विकास र आर्थिक समृद्धिको एजेन्डा ओझेलमा पर्दै आएको छ। देशका सम्पूर्ण नीतिहरूको मूल नीतिका रूपमा रहेको राजनीतिको यस खालको अवस्थाले मुलुकको समृद्धि र रूपान्तरणलाई सहीरूपमा दिशानिर्देश गर्न नसकेको यथार्थ विद्यमान रहेको छ। फलस्वरूप, योजनागत विकास प्रयासको साढे ६ दशकभन्दा बढीको प्रयास पनि देशका निम्ति फलदायी बन्न सकेको छैन। विश्वका विभिन्न मुलुकहरूमध्ये तुलनात्मकरूपमा विकासको स्तर अत्यन्त न्यून रहेका अर्थात् अति कम विकसित मुलुकको कोटीबाट देश माथि उक्लन सकेको छैन। आयका हिसाबले पनि हाम्रो देश तुलनात्मकरूपमा आयको स्तर अत्यन्त न्यून रहेको अर्थात् न्यून आयवर्ग भएको मुलुकमा पर्दछ। देशका झन्डै २२ प्रतिशत जनसंख्या हिस्सा गरिबीको रेखामुनि रहनु, मानव विकासका दृष्टिले विश्वका १ सय ८७ मुलुकहरूमध्ये १ सय ४४ औं स्थानमा दर्ज हुनुजस्ता सूचकहरूले हाम्रो पछौटेपनको अवस्थालाई प्रस्ट पारिरहेका छन्। यस खालको पछौटेपनको अवस्थालाई चिर्न नयाँ संविधान, यसले व्यवस्था गरेको संघात्मक शासन पद्धति एवं यसलाई कार्यात्मक तुल्याउने तहगत सरकारमा रहने राजनीतिक नेतृत्वको चयनपश्चात् अब गठन हुने सरकारको ध्यान आर्थिक समृद्धितर्फ केन्द्रित हुनुपर्ने आमअपेक्षा विल्कुलै स्वाभाविक रहेको देखिन्छ।

पछिल्लो समयमा संघ र प्रदेश तहका लागि भएको निर्वाचनबाट वाम गठबन्धन गरेर तालमेलका साथ चुनावमा होमिएका दुई ठूला दलहरू नेकपा नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) ले स्पष्ट बहुमत हासिल गरेका छन्। यसको अर्थ, आगामी सरकारको नेतृत्व पनि यिनै दलहरूले गर्ने र विगतको अस्थिरताको इतिहास नदोहोरिएमा पाँच वर्षसम्म शासनसत्ताको बागडोर सम्हाल्ने निश्चित प्रायः छ। देशको संविधान, आवधिक योजना, क्षेत्रगत कानुन र नीतिहरूलगायतका दस्ताबेजहरूले आगामी सरकारको नेतृत्व गर्ने राजनीतिक दलहरूलाई आर्थिक समृद्धिका लागि दिशाबोध गर्नमा मार्गनिर्देश गरिरहेका छन्। सँगसँगै, निर्वाचनअघि हाल बहुमत हासिल गरेका दलहरूले गरेका चुनावी घोषणा र प्रतिबद्धताहरूलाई आत्मसात् गरेर तिनको कार्यान्वयनमा खरो उत्रनुपर्ने दायित्वसमेत सत्तारोहण गर्न लागेका राजनीतिक दलहरूका सामुन्ने रहेको छ।

> चुनावी घोषणापत्र आफैंमा सम्बन्धित दलका लागि कानुनतः बाध्यकारी दस्ताबेज र योजना नभए पनि लोकतान्त्रिक मुलुकमा चुनावमा प्राप्त नतिजाका आधारमा घोषणापत्रको कार्यान्वयन गर्ने नैतिक एवं राजनीतिक दायित्व सम्बन्धित राजनीतिक दलमा रहेको हुन्छ। त्यसमा पनि, सत्तारोहण गर्न लागेका दलहरूले घोषणापत्रमार्फत अघि सारिएका नीति, कार्यक्रम र प्रतिबद्धताहरूलाई कार्यरूपमा बदल्दै सरकारको सञ्चालन गर्न सक्ने हो भने आमअपेक्षा पूरा गर्न सकिने अवस्था पनि विद्यमान रहेको छ।

निर्वाचनअघिको परिदृश्य हेर्ने हो भने प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनमा होमिएका मुख्य राजनीतिक दलहरूले सार्वजनिक गरेका चुनावी घोषणापत्रमा आर्थिक समृद्धि र विकासलाई उच्च प्राथमिकतामा राखेका थिए। विगतमा भएका निर्वाचनहरूमा सार्वजनिक गरिने दलीय घोषणापत्रहरूमा राजनीतिक र सामाजिक विषयहरूले बढी महत्व पाउने गरेको सन्दर्भमा यसपटक विकास र समृद्धिको एजेन्डाले निकै प्राथमिकता पाएको थियो। राजनीतिक दलहरूले पटक-पटक आर्थिक क्रान्तिको कुरा उठाउने गरे पनि दलहरूका नीति, प्राथमिकता र व्यवहारमा यो विषयले उति महत्व पाउन नसकिरहेको अवस्थामा घोषणापत्रमार्फत नै भए पनि मुलुकको अबको ध्यान आर्थिक समृद्धि र विकासतर्फ केन्द्रित हुन लागेको प्रस्ट संकेत प्रमुख राजनीतिक दलहरूले चुनावअघि गरेका थिए। अबका दिनमा आममतदाता र देशवासीहरूले घोषणापत्रमार्फत अघि सारिएका नीति, कार्यक्रम र प्रतिबद्धताहरूलाई प्राप्त जनमत र राजनीतिक दल विशेषको 'पोजिसन'का आधारमा कार्यरूपमा परिणत हुने आशा गरिरहेका छन्। चुनावी घोषणापत्र आफैंमा सम्बन्धित दलका लागि कानुनतः बाध्यकारी दस्ताबेज र योजना नभए पनि लोकतान्त्रिक मुलुकमा चुनावमा प्राप्त नतिजाका आधारमा घोषणापत्रको कार्यान्वयन गर्ने नैतिक एवं राजनीतिक दायित्व सम्बन्धित राजनीतिक दलमा रहेको हुन्छ। त्यसमा पनि, सत्तारोहण गर्न लागेका दलहरूले घोषणापत्रमार्फत अघि सारिएका नीति, कार्यक्रम र प्रतिबद्धताहरूलाई कार्यरूपमा बदल्दै सरकारको सञ्चालन गर्न सक्ने हो भने आमअपेक्षा पूरा गर्न सकिने अवस्था पनि विद्यमान रहेको छ।

निर्वाचनअघि वाम गठबन्धन निर्माण गरेर तालमेलका साथ मतदातासामु प्रस्तुत भएका दुई ठूला दलहरू नेकपा नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) ले 'स्वच्छ निर्वाचन लोकतन्त्रको आधार : सुशासन र समृद्धिका लागि वामपन्थी सरकार' शीर्षकका साथ आफ्नो संयुक्त घोषणापत्र अघि सारेका थिए। वाम गठबन्धनले सामाजिक आर्थिक रूपान्तरणका मुख्य नीतिहरूका रूपमा अर्थतन्त्र सम्बद्ध थुप्रै नीतिहरू अघि सारेका छन्। जसमा, आगामी ५ वर्षभित्र नेपाललाई विकासशील राष्ट्रको पंक्तिमा पुऱ्याइने, १० वर्षभित्रमा प्रतिव्यक्ति आय कम्तीमा ५ हजार अमेरिकी डलर पुग्ने गरी आर्थिक वृद्धिलाई १० प्रतिशतभन्दा माथि पुऱ्याउने तथा यस शताब्दीको अन्त्य अर्थात् वि.सं. २०९९ सम्म नेपाललाई समुन्नत राष्ट्रको स्तरमा पुऱ्याउने गरी आर्थिक, सामाजिक विकासका योजना र कार्यक्रम अघि बढाउनेलगायत रहेका छन्। नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र)को संयुक्त घोषणापत्रमा समृद्धिका कार्यक्रम शीर्षकमा कृषि, सिंचाइ, ऊर्जा, यातायात, पर्यटन, उद्योगलगायतका क्षेत्रमा विषयगतरूपमा कार्यक्रमहरूको घोषणा गरिएको छ। आगामी १० वर्षमा कृषि उत्पादकत्व दोब्बर गर्ने, ५ वर्षभित्रमा खाद्यान्न निर्यात गर्ने अवस्थामा पुऱ्याइने र १० वर्षमा नेपाललाई रसायन एवं विषादीमुक्त अर्गानिक मुलुक घोषणा गरिने उल्लेख छ। यसै गरी, आगामी १० वर्षमा सम्पन्न हुने गरी कर्णाली चिसापानी, बुढीगण्डकी, पश्चिम सेतीलगायतका ठूला जलविद्युत् आयोजनाको कार्यान्वयनमा तीव्रता दिने, १० वर्षमा वैकल्पिक ऊर्जाका माध्यमबाट १ हजार ५ सय मेगावाट विद्युत् उत्पादन गर्ने, घर-घरमा बिजुली जन-जनमा शेयर नीति लागू गर्ने, आगामी ५ वर्षमा पूर्व-पश्चिम राजमार्गको समानान्तर र रसुवागढी-काठमाडौं-पोखरा-लुम्बिनी विद्युतीय रेलमार्ग निर्माण गर्ने योजना संयुक्त घोषणापत्रमार्फत अघि सारिएको छ। ताप्लेजुङदेखि दार्चुलासम्म जोड्ने गरी हिमाली पर्यटकीय पदमार्ग निर्माण गर्ने, प्रत्येक स्थानीय तहमा स्थानीय विशेषतासहित न्यूनतम एउटा पर्यटकीय गन्तव्यस्थल विकास गरिने, एक प्रदेश न्यूनतम एक आधुनिक औद्योगिक क्षेत्र नीतिअन्तर्गत सबै प्रदेशमा ठूला औद्योगिक क्षेत्र स्थापना गरी १० वर्षभित्र १० लाख रोजगारी सिर्जना गरिने संयुक्त घोषणापत्रमा उल्लेख छ। यसै गरी, मुलुकमा अहिलेसम्म निर्माण भए जति सडक आगामी १० वर्षभित्रै निर्माण सम्पन्न गर्ने गरी कार्य गरिनेदेखि लिएर आगामी १० वर्षमा ५० लाख पर्यटकहरू भित्र्याउनेसम्मका लक्ष्यहरू वाम गठबन्धनको घोषणापत्रमा समेटिएका छन्।

निर्वाचन सम्पन्न भएसँगै घोषणापत्रलाई केन्द्रमा राखेर सरकारलगायत विकासका पात्रहरूको आगामी प्रयास देशको आर्थिक रूपान्तरणतर्फ केन्द्रीकृत हुनसक्ने हो भने नेपालको आर्थिक समृद्धिका लागि देशभित्र पर्याप्त सम्भावना र अवसरहरू विद्यमान रहेका छन्। आमअपेक्षाबमोजिम नै मुलुकमा वर्षौंदेखि देखिएको राजनीतिक संक्रमण र किचलोको अन्त्य भई मुलुकले आर्थिक विकासको एजेन्डालाई केन्द्रविन्दुमा राख्न सक्ने र राजनीतिक नेतृत्व दूरदर्शी एवं विकासमुखी बन्ने हो भने सुनौला अवसरहरूको जगमा टेकेर अर्थतन्त्रमा विद्यमान चुनौतीहरूलाई सहजै परास्त गर्न सकिने अवस्था छ। नेपालको सन्दर्भमा अन्य सवालहरूसँगै मूलरूपमा राजनीतिक संक्रमण र अस्थिरता नै विकासको मूल बाधकका रूपमा देखिएको अवस्थामा अबका दिनमा देशको आर्थिक समृद्धिका लागि चुनावमा प्राप्त नतिजाका आधारमा घोषणापत्रमार्फत अघि सारिएका भिजनलाई कार्यरूपमा बदल्न राजनीतिक दलहरूले तदारुकता देखाउनै पर्छ। सँगसँगै, देशले लामो समयदेखि राख्दै आएको आर्थिक समृद्धिको अभिलासा पूरा गर्नेतर्फ संघीय सरकारका सबै तहहरूलगायत सबै सरोकारवालाहरू एकमत हुन जरुरी छ। शताब्दीऔंसम्म राजनीतिक उल्झनबाट मुलुकलाई उकास्न नसक्नुका नकारात्मक प्रभावहरूलाई चिर्न पनि आर्थिक समृद्धिका लागि राज्यका सम्पूर्ण क्षेत्रको प्रतिबद्धता र ऐक्यबद्धता मुलुकलाई खड्किएको छ। अतः निर्वाचन सम्पन्न भएसँगै आगामी दिनमा उच्चदरको आर्थिक वृद्धि र समतामूलक आर्थिक रूपान्तरणतर्फ आगामी सरकारलगायत मुलुकको सम्पूर्ण ध्यान केन्द्रित हुनसके देशले कोल्टे फेर्न सक्ने आशा गर्न सकिन्छ।

## पाठक पत्र

### आदर्शका कुराले गरिबी हट्छ र ?

नेपालमा जनताको जीवनस्तरमा परिवर्तन भई गरिबी निवारण गर्ने लक्ष्य राखिए पनि यो सधैं चुनौतीका रूपमा रहिआएको छ। नेपालमा बर्सेनि २ प्रतिशतका दरले गरिबी घटिरहेको तथ्यांक सार्वजनिक हुने गरे पनि निरपेक्ष गरिबीको रेखामुनि रहेका समूहको जीवनस्तरमा खासै परिवर्तन हुन सकेको छैन। हालै मात्र राष्ट्रिय योजना आयोग र अक्सफोर्ड विश्वविद्यालयको प्रतिवेदनमा बहुआयामिक गरिबी सूचकांक (एमपीआई)अनुसार १०० मा २९ नेपाली गरिब रहेको देखिएको छ। सरकारी तथा गैरसरकारी संस्थाहरूले गरिबीको आ-आफ्नै ढंगले परिभाषित गरेका कारण मुलुकको गरिबीको संख्या यकिन हुन सकेको थिएन। सन् २०१४ को तथ्यांकका आधारमा गरिएको नयाँ अध्ययनअनुसार नेपालमा २८.६ प्रतिशत जनता गरिबीमा बाँचिरहेका छन्। एमपीआईको प्रतिवेदनअनुसार ग्रामीण क्षेत्रमा ३३.२ प्रतिशत बहुआयामिक गरिब छन् भने शहरी क्षेत्रमा गरिबीको दर ७ प्रतिशत छ। नेपालमा अघिल्ला मापनहरूको तुलनामा गरिबीको दर घटेको देखाए पनि यथार्थमा भने स्थिति फरक छ।

सन् २०११ मा गरिबीको दर ३९.१३ प्रतिशत रहेको थियो भने सन् २००६ मा ५९.३९ प्रतिशत रहेको थियो। अहिले झट्ट हेर्दा नेपालले आधाभन्दा बढी प्रतिशतले गरिबी घटाउन सफल देखिएको छ। आयमा आधारित गरिबीको दर भने नेपालमा २१.६ मात्रै रहेको तथ्यांकले देखाएको छ। नयाँ विधिमा आधारित भएकाले यो तथ्यांक अलि विश्वसनीय मान्न सकिन्छ। तर, विकट पहाडी र हिमाली जिल्लाहरूमा गरिबीको दर अझै पनि कहाली लाग्दो नै देखिन्छ। मुलुकको गरिबी बढ्नुको कारणको खोजी गर्न सक्ने हो भने गरिबीको ग्राफ अझै घटाउन सकिन्छ।

यसका लागि बाधक भएका नीति नियम फेरबदल गर्नुपर्ने, जनप्रतिनिधिमार्फत गरिबी निवारण कार्यक्रम लक्षित वर्गसम्म पुऱ्याउनुपर्ने, यसको मूल्यांकन गर्नुपर्नेजस्ता काम बाँकी नै छन्। नेपालको संविधानमा हरेक नागरिकलाई रोजगारीको प्रत्याभूति गर्न रोजगारीको हकको व्यवस्था गरिएको छ। यसका साथै राष्ट्रिय रोजगार नीतिको तर्जुमा गर्ने, बेरोजगारीहरूको लगत संकलन गर्ने, न्यूनतम ज्याला निर्धारण गर्ने, गरिब घरपरिवारको पहिचान गरी परिचयपत्र वितरण गर्नेजस्ता कार्यलाई अझै प्रभावकारी बनाउनुपर्ने देखिन्छ।

मुलुकले गति लिन नसक्नुको प्रमुख कारण गरिबी नै हो। जनताका दुःख, सास्ती र कठिनाइ जस्ताको तस्तै छ। मुलुकमा सुशासन र दातृ राष्ट्रबाट प्राप्त अनुदानको पनि सही सदुपयोग हुन सकेको छैन, जसले अप्रत्यक्षरूपमा गरिबी निवारणमा अवरोध सिर्जना गरिरहेको छ। गरिबी पनि राज्यका अंगसँगै जोडिएर आउने विषय भएकाले यसको निवारणका लागि सबै निकाय क्रियाशील भएर लाग्नु जरूरी हुन्छ। गरिबी न्यूनीकरणको प्रयासलाई तीव्रता दिँदै भौगोलिक, लैंगिक, जातीय र अन्य वर्ग तथा समूहको असमानता र विभेदको अन्त्य गरी लक्षित वर्गलाई रोजगारमूलक कार्यमा लगाउन सके केही हदसम्म गरिबी न्यूनीकरण गर्न सहयोग पुग्छ। स्थिर सरकार, लगानीमैत्री वातावरण, स्वास्थ्य, शिक्षा, रोजगारको व्यवस्था गरेर दिगो विकासको लक्ष्य हासिल गर्नु अत्यन्त आवश्यक देखिएको छ। नेपालमा आदर्शका कुरा गरेर गरिबी हटाउने कुरा गर्ने नेतृत्वले अझै खास आवश्यक केही काम गरेको पाइँदैन। अझ सिमान्तकृत र पिछडिएको क्षेत्र त झनै गरिब हुँदै गएको छ। अब आर्थिक समृद्धिको कुरा चलिरहेका समयमा आदर्शका कुरा गर्न केही समय थाती राखेर गरिबी हटाउनतिर लाग्नु जरुरी छ।

*- सन्तोष रिमाल, नुवाकोट*

### कांग्रेसले मार्गप्रशस्त गर्नुपर्छ

ताजा जनादेशसहित अब निकट भविष्यमै वाम गठबन्धनको प्रमुख घटक नेकपा एमालेको नेतृत्वमा नयाँ सरकार बन्ने भएको छ। चुनावी परिणामका कारण अरू कसैले रोकेर रोक्न सकिने स्थिति पनि छैन। प्रतिनिधिसभामा प्रत्यक्षतर्फ ८० सिट ल्याएको एमाले र ३६ सिट ल्याएको नेकपा माओवादी केन्द्रको समेत सहभागितामा नयाँ सरकार बन्दै छ। नयाँ बन्ने सरकारले संविधान कार्यान्वयनको अर्को चरणमा प्रवेश गर्दै गर्दा अन्तर्राष्ट्रिय समुदाय नयाँ सरकारसँग सहकार्य गर्न प्रतीक्षारत छन्। प्रतिनिधिसभा सदस्य तथा प्रदेशसभा सदस्य निर्वाचन १० मंसिर र २१ मा शान्तिपूर्ण, व्यवस्थित तथा व्यापक समर्थनमा सम्पन्न भएको छ। स्थानीय, प्रादेशिक र राष्ट्रिय तहमा निर्वाचनको सफल समापन नेपालको लोकतान्त्रिक यात्राको महत्वपूर्ण कोसेढुंगा साबित भएको छ। निर्वाचनले पारदर्शिता, समावेशिता, विधिको शासन र सेवाप्रदायक सिद्धान्तमा आधारित उत्तरदायी शासनको अपेक्षा आमनेपालीले राखेका छन्। संवैधानिकरूपमा व्यवस्था गरिएको प्रत्यक्ष निर्वाचनको अन्तिम परिणामसँगै नयाँ सरकारको लागि बाटो खुलेको छ।

विडम्बना यो छ कि नेपाली कांग्रेसले सरकार गठनका लागि मार्गप्रशस्त गरिसकेको स्थिति छैन। वर्तमान सरकारले विभिन्न निकायमा धमाधम राजनीतिक नियुक्ति गरेर अल्पमतको सरकारको धज्जी उडाइसकेको छ। यो आफैंमा गैरकानुनी कार्य हो। कामचलाउ सरकारलाई यस्तो अधिकार प्राप्त हुँदैन। निर्वाचन, संघीयता र सरकारी निकायहरूको सबलीकरणको माध्यमबाट हुने संविधान कार्यान्वयनले राजनीतिक स्थायित्वको नयाँ युग शुरू गर्न नयाँ सरकार गठनमा ढिलाइ हुनुहुँदैन।

सबै निर्वाचन परिणाम सार्वजनिक भइसकेको वर्तमान अवस्थामा संक्रमणकालको अन्त्य गर्दै मुलुकलाई स्थिर सरकार दिएर संविधान कार्यान्वयनको प्रक्रियालाई संस्थागत गर्न अब नयाँ सरकारको गठन अत्यावश्यक भइसकेको छ। भर्खरै समानुपातीकको मत पनि निर्वाचन आयोगले सार्वजनिक गरिसकेको छ। अब बन्ने सरकारले मात्र राष्ट्रिय महत्वका कतिपय विषयहरूको उचित निकास दिने संवैधानिक र कानुनी हैसियत राख्छ। प्रतिनिधिसभामा जम्मा २३ सिट जितेर तेस्रो दल बनेको नेपाली कांग्रेससँग सत्तामा टाँसिएर बस्ने कुनै नैतिक र राजनीतिक अधिकारसमेत छैन। जाँदाजाँदैको यो सरकारलाई सात प्रदेशमा प्रदेशप्रमुख नियुक्ति गर्ने नैतिक अधिकार पनि छैन। तर, सरकार भित्रभित्रै प्रदेशप्रमुख नियुक्त गर्ने गृहकार्यमा लागिरहेको जानकारी प्राप्त भएको छ। केही दिनभित्रै नियुक्त हुने समाचार पनि आइरहेका छन।

देउवा सरकारले राजनीतिक नियुक्ति गरेर संसदीय राजनीतिको मर्यादा उल्लंघन गरिरहेको छ। अध्यादेशको अभावमा संघीय संसद्ले पूर्णता नपाउने भएकाले यति धेरै महत्वको विषयलाई राष्ट्रपतिले अलमल्याउनु अर्को दुर्भाग्यपूर्ण बनेको हो। राष्ट्रिय सभा निर्वाचनसम्बन्धी अध्यादेशलाई दलगत स्वार्थमा प्रयोग गर्नु अशोभनीय कुरा हो। अध्यादेशको बहानामा गतिरोध उत्पन्न हुनु जनमतको अपमान हो। तसर्थ, विधिको शासनको सम्मान गर्दै नयाँ सरकार गठनको मार्गप्रशस्त गर्नु जरुरी देखिएको छ। यो विषयमा तीन दलले ठण्डा दिमागले सोच्न जरुरी छ।

*- अनुप पौडेल, काठमाडौं*

## सामाजिक सञ्जाल



नम्रतापूर्वक म साँचो कुरा भन्छु, जब मुलुकका लागि हामी कुरा गर्छौं। व्यक्ति त निमित्त कुरा हो नि। म आफूलाई केन्द्रमा राखेर हिसाब गर्दिन।

**Ishwar Pokhrel**
**@IshwarPokhrel**



धेरै विषयको पढाइ हुन थाल्यो नेपालमा, यो 'कमन सेन्स' को हुँदै भएन। एक पैसा दिन्छु सोमत किनेर ल्या भन्नुहुन्थ्यो हजुरबाले आफू सानो छँदा, अहिले सोमतको पसल कतै देखिन्नन्।

**Rameshore Khanal**
**@rameshore**



जब मस्तिष्क अस्वस्थ हुन्छ, तब लाख कोशिश गर, हर चीज अस्वस्थ नै लाग्छ।

**shraddha aryal**
**@ShraddhaAryal**

काठमाडौंपाटी डटकमका रोशन खड्का, मूलधारन्युज डटकमका रवि धामी मदनबाबु भण्डारी, सुशासन डटकमका खिलानाथ ढकाल, शुभदिन डटकमका रोशन पाण्डे र जनप्रहार साप्ताहिक/अपराध खबर डटकमलाई सिलवालसँग सम्बन्धित समाचारको स्रोत माग्दै पत्राचार गरेकाकोमा आपत्ति जनाएको छ। परिसरले पाँचै पत्रकारको पछिल्लो एक वर्षको 'कल डिटेल' लिन निर्देशन दिइएको उल्लेख गरिएको छ।

# गोताखोरलाई नि:शुल्क दुर्घटना बीमा



**नेपाल समाचारपत्र**
काठमाडौं

सशस्त्र प्रहरी बल (एपीएफ) नेपालका गोताखोर तालिमप्राप्त सशस्त्र प्रहरी कर्मचारीहरूको नि:शुल्करूपमा व्यक्तिगत दुर्घटना बीमा गरिएको छ।

विपद् व्यवस्थापनको कार्यमा सशस्त्र प्रहरी कर्मचारीहरूले उत्कृष्ट कार्यसम्पादन गरेको भन्दै नेसनल इन्स्योरेन्स कम्पनी लिमिटेडले आफ्नो ४४औं स्थापना दिवसको अवसर पारेर एपीएफका गोताखोरहरूको नि:शुल्क बीमा गरेको हो।

सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक पुष्पराम केसीको प्रमुख आतिथ्यमा सशस्त्र प्रहरी बल नेपाल प्रधान कार्यालयमा आयोजित गोताखोर तालिमप्राप्त सशस्त्र प्रहरी कर्मचारीलाई नि:शुल्क बीमा पोलिसी हस्तान्तरण कार्यक्रममा उक्त इन्स्योरेन्स कम्पनीका प्रमुख कार्यकारी अधिकृत डा. प्रणव सेनले गोताखोरहरूलाई प्रमाणपत्र प्रदान गर्नुभयो।

सो कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक केसीले देश र जनताको सेवालाई मूलमन्त्र सम्झिएर संगठन विपद व्यवस्थापन लगायत प्राप्त जिम्मेवारीहरू उत्कृष्ट ढंगबाट पूरा गर्न अनवरतरूपमा क्रियाशील रहेको चर्चा गर्नुहुँदै विपद् व्यवस्थापनको कार्यलाई दीर्घकालीन योजनाका साथ चरणबद्धरूपमा अगाडि बढाउँदै आएको उल्लेख गर्नुभयो।

उहाँले परम्परागत उद्धार कार्यमा सुधार गर्दै सशस्त्र प्रहरी बल नेपाल आधुनिक ढंगबाट उद्धार कार्यमा परिचालित हुँदै आएको बताउनुहुँदै यसै सिलसिलामा संगठनका अधिकृत तथा जवानहरूले मित्रराष्ट्र बंगलादेशबाट डिप वाटर डाइभिङ (गोताखोर) तालिम हासिल गरेको चर्चा गर्नुभयो।

विपद् व्यवस्थापनको कार्य एकल प्रयासमा मात्रै सम्भव नहुने कुरालाई हृदयंगम गर्दै संगठनले सरोकारवाला निकायहरूसँग आवश्यक समन्वय र सहकार्य गर्दै दायित्व निर्वाह गरिरहेको चर्चा गर्नुहुँदै गोताखोरहरूलाई इन्स्योरेन्स कम्पनीले गरेको नि:शुल्क बीमा कार्यक्रमबाट सशस्त्र प्रहरी कर्मचारीहरूको हौसला अभिवृद्धि हुने विश्वास व्यक्त गर्नुभयो।

सो इन्स्योरेन्स कम्पनीका प्रमुख कार्यकारी अधिकृत डा. प्रणव सेनले विपद् व्यवस्थापनको क्षेत्रमा व्यावसायिक कार्यकुशलता प्रदर्शन गर्दै आएको सशस्त्र प्रहरी बल नेपालका गोताखोरहरूलाई कम्पनीको स्थापना दिवसको अवसरमा एक वर्ष अवधिको नि:शुल्क बीमा प्याकेज ल्याइएको बताउनुभयो।

उहाँले जोखिमयुक्त मात्र नभएर हरेक कार्यका लागि बीमा कार्यक्रम महत्त्वपूर्ण रहेको चर्चा गर्नुहुँदै व्यक्तिगतरूपमा समेत बीमा जरुरी रहेको उल्लेख गर्नुभयो।

सो कम्पनीले सशस्त्र प्रहरी बल नेपालमा कार्यरत २० जना सशस्त्र प्रहरी अधिकृत, बिल्लादार तथा जवानहरूको लागि प्रतिव्यक्ति २ लाख रुपियाँका दरले नि:शुल्करूपमा व्यक्तिगत दुर्घटना बीमा गरेको हो।

# श्रेष्ठ र अलौकिकको पुस्तक विमोचित



काठमाडौं, (नेस)

चीनको राजधानी बेइजिङमा रहेको नेपाली दूतावासमा पूर्वराजदूत हिरण्यलाल श्रेष्ठको 'हिमाल छिचोल्ने रेशममार्ग' तथा पत्रकार, अजय अलौकिकको 'अलौकिक चीन' नामक पुस्तक विमोचन गरिएको छ।

ती पुस्तक चीनका लागि नेपाली राजदूत लीलामणि पौड्याल तथा नेपाल प्रज्ञा प्रतिष्ठानका कुलपति गंगाप्रसाद उप्रेती र चिनियाँ संस्कृति अनुवाद तथा अध्ययन सहयोग सञ्जालका डाइरेक्टर ह्वाङले संयुक्तरूपमा लोकार्पण गरेका थिए।

परराष्ट्रविद् हिरण्यलाल श्रेष्ठको 'हिमाल छिचोल्ने रेशममार्ग' मा चीनको रेशममार्गसँग सम्बन्धित लेखहरू समेटिएका छन् भने चिनियाँ अन्तर्राष्ट्रिय रेडियोका पत्रकार अजय अलौकिक श्रेष्ठको 'अलौकिक चीन' चीन बसाइँ र पत्रकारिताका क्रममा देखेभोगेका अनुभवहरूको सँगालो रहेका छन्। 'अलौकिक चीन' पुस्तकबाट लेखक अलौकिकले चीन जान्न बुझ्न इच्छुक पाठकहरूले चीनको बारेमा धेरै बुझ्न सक्ने दाबी गरिएको छ। पुस्तकमार्फत् लेखकले नितान्त व्यक्तिगत भोगाइ र देखाइ पाठकमाझ प्रस्तुत गर्ने कोसिस गरेका छन्। 'अलौकिक चीन'लाई भुँडीपुराण प्रकाशनले प्रकाशित गरेको हो।

साथै यी दुवै पुस्तक 'हिमाल छिचोल्ने रेशममाग' तथा 'अलौकिक चीन'लाई चिनियाँ संस्कृति अनुवाद तथा अध्ययन सहयोग सञ्जालले चिनियाँ भाषामा अनुवाद गरिने जानकारी सो कार्यक्रममा दिएको थियो।

## ढाकामा नेपाली विद्यार्थीद्वारा आत्महत्या

काठमाडौं, (नेस)

बंगलादेशको ढाकामा रहेको पाइनियर डेन्टल कलेजमा अध्ययनरत विनिशा शाहले कलेजको होस्टलको पंखामा झुण्डिएर आत्महत्या गरेको विषयउपर छानबिन कार्यको प्रारम्भ भइसकेको र पोस्टमार्टम पनि भइसकेकाले आइतबार उनको शव नेपाल पठाउन लागेको नेपाली राजदूतावास बंगलादेशले जनाएको छ।

दूतावास, कलेज, स्थानीय प्रहरीसमेतको सहयोगमा विनिशाको मृत्युको खबर परिवारलाई गरेको र विनिशाका दाजु नरेन्द्र शाह घटना घटेको दोस्रो दिन बंगलादेश पुगेपछि दूतावासकै सक्रियातामा आवश्यक पोस्टमार्टम तथा छानबिन पक्रिया अघि बढाइएको थियो। प्रक्रिया पूरा गरी नरेन्द्रका साथमा पोस्टमार्टम रिपोर्टसहित शव पठाइएको नेपाली दूतावासले जारी गरेको विज्ञप्तिमा उल्लेख गरिएको छ।

## घूससहित पक्राउ

काठमाडौं, (नेस)

बागमती यातायात व्यवस्था कार्यालय सुकेधारामा कार्यरत नासु र खरिदार घूससहित रंगेहात पक्राउ परेका छन्। अख्तियार दुरूपयोग अनुसन्धान आयोगले नासु र खरिदारलाई ३२ हजार घूससहित पक्राउ गरेको हो। पक्राउ पर्नेमा नायब सब्बा यादव पौडेल र खरिदार सुमन पोखेल छन्। उनीहरूले सेवाग्राहीबाट सवारीचालक अनुमतिपत्र (लाइसेन्स) सम्बन्धि काम गरिदिने भन्दै घूस लिइरहेका बेला पक्राउ गरेको हो।

# ओलीद्वारा भट्टराईको प्रशंसा



**नेपाल समाचारपत्र**
काठमाडौं

नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले नेपाली कांग्रेसका संस्थापक नेता कृष्णप्रसाद भट्टराईलाई नेपाललाई अँध्यारो युगबाट उज्यालो युगमा ल्याउने आफ्नो पितातुल्य पुस्ता भएको बताउनुभएको छ।

भट्टराईको १४औं जन्मजयन्तीका अवसरमा आयोजित कार्यक्रममा बोल्दै एमाले अध्यक्ष ओलीले भन्नुभयो- 'उहाँ राणा शासनको अँध्यारोबाट उज्यालो युगमा ल्याउने पितातुल्य हुनुहुन्थ्यो।' भट्टराईसँग आफूले संगत गरेको भन्दै अध्यक्ष ओलीले भन्नुभयो- 'किसुनजी सादगी र साह्रै खुला हुनुहुन्थ्यो।'

कार्यक्रममा एमाले अध्यक्ष ओलीले हलो आफू जोत्ने किसान परिवारबाट हुर्केर आएकाले आफूसँग अहंकार असम्भव भएको भन्दै दम्भ र अहंकार ठूला घरानाको प्रवृत्ति भएको पनि बताउनुभएको थियो। उहाँले आफूले शासक नठान्दैमा भ्रष्टाचार र कुरीतिलाई भने नसहने पनि बताउनुभएको थियो। 'मसँग अहंकार छैन भन्दैमा करप्सनप्रति पनि म लल्लुराम होइन' -ओलीले भन्नुभयो।

सो अवसरमा एमाले अध्यक्ष ओलीले राष्ट्रियसभा गठनसम्बन्धी अध्यादेशको विषयलाई लिएर चुनावी प्रतिस्पर्धामा सामेल भएपछि हारजित राजनीतिको धर्म भएको र हारजितलाई लिएर प्रणालीलाई असर पार्न नहुने बताउनुभएको थियो।

# सञ्चारमाध्यमलाई पत्र काटेकोमा आपत्ति

काठमाडौं, (नेस)

प्रेस चौतारी नेपालले नेपाल प्रहरीले समाचारको विषयलाई लिएर पाँच सञ्चारमाध्यम र त्यसका सम्पादकलाई पत्र काटेकामा आपत्ति जनाएको छ। ललितपुर-१ बाट नवनिर्वाचित सांसद तथा पूर्वप्रहरी नायब महानिरीक्षक नवराज सिलवालविरुद्धको मुद्दा छानबिन गर्ने नाममा सञ्चारमाध्यमलाई पत्र काट्नु प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताविरुद्धको हस्तक्षेप भएको महासचिव राजेश राईद्वारा हस्ताक्षरित विज्ञप्तिमा उल्लेख गरिएको छ।

महानगरीय प्रहरी परिसर काठमाडौंले काठमाडौंपाटी डटकमका रोशन खड्का, मूलधारन्युज डटकमका रवि धामी मदनबाबु भण्डारी, सुशासन डटकमका खिलानाथ ढकाल, शुभदिन डटकमका रोशन पाण्डे र जनप्रहार साप्ताहिक/अपराध खबर डटकमलाई सिलवालसँग सम्बन्धित समाचारको स्रोत माग्दै पत्राचार गरेकाकोमा आपत्ति जनाएको छ। परिसरले पाँचै पत्रकारको पछिल्लो एक वर्षको 'कल डिटेल' लिन निर्देशन दिइएको उल्लेख गरिएको छ।

'प्रकाशित समाचारको स्रोत दिन आदेशसहित पत्र लेखिनु र पत्रकारको कल डिटेल मागिनु प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताविरुद्धको हस्तक्षेप मात्रै नभई यो राज्य आतंकसमेत हो', विज्ञप्तिमा भनिएको छ- 'प्रेस काउन्सिल नेपालको अधिकार क्षेत्रभित्र रहेको विषयलाई नेपाल प्रहरीले हस्तक्षेप गरी संवैधानिक र कानुनी व्यवस्थाको समेत धज्जी उडाएको छ।'

# हस्तकला प्रशिक्षण कार्यशाला शुरू

**नेपाल समाचारपत्र**
काठमाडौं




नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठान, हस्तकला विभागद्वारा भक्तपुरमा आयोजित ५ दिने छ्वाली हस्तकला प्रशिक्षण कार्यशाला शुरू भएको छ। हस्तकला विभाग प्रमुख सुषमा राजभण्डारीले पानसमा दीप प्रज्ज्वलन गरी सो कार्यशालाको उद्घाटन गर्नुभयो।

नेपाली युवाहरूको व्यक्तित्व विकास गर्ने उद्देश्य रहेको कार्यक्रममा १५ जना प्रशिक्षार्थी सहभागी छन्। आयोजकका तर्फबाट नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठान, हस्तकला विभाग प्रमुख प्राज्ञ सुषमा राजभण्डारीले नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठानको इतिहास र प्रज्ञा प्रतिष्ठानको काम कर्तव्य, विकास क्रम र भावी नीतिहरूको बारेमा उजागर गर्नुभएको थियो।

उहाँले कार्यक्रममा सहभागी प्रशिक्षार्थीलाई छ्वाली हस्तकला प्रशिक्षणबाट हस्तकलाको विकासमा टेवा पुग्ने र प्रशिक्षार्थीहरू आत्मनिर्भर हुन सक्ने विचार व्यक्त गर्दै आगामी दिनहरूमा अझ प्रभावकारीरूपमा हस्तकलाको सम्वर्द्धन एवं प्रवर्द्धनमा गर्न उपयोगीमूलक कार्यशालाहरू गर्दै जाने बताउनुभयो। सो कार्यक्रम पुस ११ गते समापन हुनेछ।

## सार्वजनिक सूचना

जिल्ला चितवनको भरतपुर म.न.पा.वडा नं- ११ (साविक भरतपुर २ ख) को कित्ता नं ११७ र ४०४ को क्षेत्रफल १-१४-०.७५ ( एक विघा चौध कट्ठा ३ बाई ४ धुर )मा बाषिर्क Poultry Feed (Pellet) 10000 Mt. र Poultry Feed (Mash) 800 Mt. पशुपंक्षी / कुखुराको आहार / दाना उत्पादन गर्ने उद्देश्यले एपोलो फिड्स प्रा.लि. नामक उद्योगाको क्षमता बृद्धि / पुजी बृद्धि गर्न लागिएको हुँदा सो उद्योगको क्षमता बृद्धि / पुजी बृद्धि बाट त्यस क्षेत्रको सामाजिक, आर्थिक, सांस्कृतिक, जैबिक, भौतिक आदि क्षेत्र तथा त्यसका कुनै अवयवहरुमा कुनै किसिमको प्रतिकूल प्रभाव पर्ने देखिएमा सरोकारवाला व्यक्ति वा संस्थाले निम्न अनुसारको ठेगानामा यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र राय सुझाब दिन वातावरण संरक्षण नियमावली २०५४ को नियम ७ अनुसार प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन तयार गर्ने प्रयोजनको लागि यो सूचना प्रकाशित गरिएको छ।

**राय सुझाब दिने ठेगाना**
१. भरतपुर म.न.पा वडा नं ११ को कार्यालय, चितवन।
२. प्रविधि तथा वातावरण शाखा, उद्योग विभाग, त्रिपुरेश्वर।

**प्रस्तावक**
नाम : एपोलो फिड्स प्रा.लि.
ठेगाना: भरतपुर ११ चितवन

## सिनेमा कर्नर










**अग्नि यातायात प्रा. लि.**
दिवा सेवा काठमाडौंबाट बिहान ८ बजे पोखरा ८ बजे
रात्री सेवा काठमाडौं काँकड्भिट्टा र धरान
फो. नं. ०१-४२८५६३३
मो. नं. ९८४१५७९६९७ ( शम्भु )

**माउन्ट मकालु यातायात सेवा**
काठमाडौं-बिर्तामोड-ताप्लेजुङ
प्रस्थान दिउँसो २ बजे
केन्द्रीय कार्यालय, कलंकी
सम्पर्क फोन : ४२७७५५२, ४२७९६१३

## आजको राशि

ज्यो. चन्द्रेश शर्मा

**मेष** : पैसा प्राप्ति, खाद्यान्न प्राप्ति, उत्तम भोजन, शुभ समाचार।
**वृष** : कार्य सफल, हर्षविभोर, प्रसन्नता, सम्मानको अवसर।
**मिथुन** : राज्यबाट सुख, अन्यबाट गुणगान, लाभ।
**कर्कट** : काममा बाधा, अस्वस्थता, धनहानि, झुटो आरोप।
**सिंह** : धन प्राप्ति, काम बन्ने, पुरस्कार-सम्मानको सम्भावना।
**कन्या** : द्रव्य लाभ, विजय, पारिवारिक सुख, पठनपाठनमा सफलता।
**तुला** : धन प्राप्ति, कार्य सफल, सन्तान सुख, साथीभाइबाट सहयोग।
**वृश्चिक** : पेटको समस्या, अपच, विवादमा फसिएला, व्यर्थको दौडधुप।
**धनु** : धनलाभ, सम्मान, भाग्योदय, उन्नति, कार्य सफल।
**मकर** : लाभ, गरेका कार्यबाट आत्मसन्तुष्टि, शुभ कार्यको थालनी।
**कुम्भ** : भोजनादि वस्तु प्राप्ति, कोसेली-उपहार पाइने सम्भावना।
**मीन** : नोक्सानी, स्वास्थ्य समस्या, चोटपटकको भय, विवाद।

# नेपाल

छोरीलाई गोरु हेर्न पठाउने र परीक्षाका बेला मात्र स्कुल पठाउँला भन्ने आमाहरु पनि छोराछोरीको पढाइमा आएको चाखले कापी कलमको अवस्था के छ? भनेर चासो देखाउन थालेका छन् ।स्कुल छुट्टी भएपछि छिटै घर आउँ है भनेर स्कुल जान लागेका छोराछोरीलाई आमाबाबुले सम्झाउने गरेका छन्।

## राकम नेपालकै दोस्रो बालमैत्री वडा घोषित

हिक्मत नेपाली, दैलेख



पश्चिम दैलेखको आठबीस नगरपालिका-४ राकम कर्णालीलाई बालमैत्री वडा घोषणा गरिएको छ। बालमैत्री वडा घोषणासँगै राकमकर्णाली नेपालकै दोस्रो र दैलेख जिल्लाको पहिलो बालमैत्री वडा हुन सफल भएको छ। स्थानीय तह सञ्चालन ऐन २०७४, बालबालिकासम्बन्धी ऐन २०४८ र नियमावली २०५१, बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति २०६८ सँगै, बालमैत्री स्थानीय तह घोषणा कार्यविधि २०७० मा व्यवस्था भएबमोजिमका विभिन्न ३९ वटा सूचक पूरा गरेपश्चात् राकम कर्णालीलाई बालमैत्री वडा घोषणा गरिएको हो।

बाल बचाऊ, बाल संरक्षण, बाल विकास र अर्थपूर्ण बाल सहभागितालाई पूर्णरूपमा कार्यान्वयन गर्ने साझा प्रतिबद्धतासँगै राकम कर्णालीलाई बालमैत्री वडा घोषणा गरिएको बाल संरक्षण अधिकृत निर्मल अधिकारीले बताए। स्नीयस्तरका सबै क्षेत्र र तहका निकायको नीति, संरचना, प्रणाली र कार्य प्रक्रियामा बालबालिकाको अर्थपूर्ण सहभागिता गर्न बालमैत्री वडा घोषणा गरिएको हो।

बाल बचाऊ, बाल संरक्षण, बाल विकास र अर्थपूर्ण बाल सहभागितासँग सम्बन्धित ३९ वटा सूचक पूरा गरिएमा गाउँपालिका वा वडालाई बालमैत्री घोषणा गर्न सकिने प्रावधान बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधिमा व्यवस्था छ। बालमैत्री घोषणा गर्न आवश्यक पर्ने सम्पूर्ण सूचक पूरा भएपछि बालमैत्री वडा घोषणा गरिएको आठबीस नगरपालिकाका कार्यकारी अधिकृत मातृका भट्टराईले बताए।

अहिले यहाँका विद्यालयहरूमा बालमैत्री धारा छन्। शौचालय प्रयोगपछि बालबालिकाहरूले अनिवार्य हात धुने गर्दछन्। कक्षा १ देखि ३ सम्मका विद्यार्थीहरूको पठनपाठनका लागि कार्पेटको व्यवस्था गरिएको छ। यति मात्र हैन राकम कर्णालीमा रहेका स्वास्थ्य संस्थामा नियमित गर्भवती जाँच सेवासँगै बच्चा जन्मेपछि दिइने खोपहरू पनि नियमित दिने गरिएको छ।

'कार्यविधिमा व्यवस्था गरिए अनुसार बालबालिकाको लागि १५ प्रतिशत बजेट वडा नं. ४ मा विनियोजन गरिएको छ। विगत ३ वर्षदेखि सेभ द चिल्ड्रेनको सहयोगमा विभिन्न संघ संस्थाले अभियानमा साथ दिँदै आएका थिए। अहिले आठबीस नगरपालिकाले सबै प्रतिबद्धतालाई पूरा गर्ने वाचासहित वडा घोषणा गरिएको हो। अभियानले पूर्णता पाउने बेलासम्म भौतिक पूर्वाधार विकाससँगै अन्य विभिन्न कार्यका लागि ३ वर्षसम्म करिब ४६ लाख रकम खर्च भएको थियो।

बालमैत्री वडा घोषणा समारोहलाई शुभकामना दिँदै जिल्ला समन्वय समिति दैलेखका प्रमुख प्रेमबहादुर थापाले बालबालिका भविष्यका कर्णधार भएको बताए। उनले बालमैत्री घोषणा गरेरै मात्र नपुग्ने बताउँदै यसलाई व्यवहारमा पनि लागू गर्दै लैजानुपर्ने औंल्याए। जिल्लाका सबै स्थानीय तहलाई बालमैत्री बनाउन जिल्ला समन्वय समितिले अभियान सञ्चालन गर्ने प्रमुख थापाको भनाइ थियो।

आठबीस नगरपालिका दैलेखका प्रमुख खड्गराज उपाध्यायले थुप्रै अभियान र प्रक्रिया पूरा गरेर मात्रै बालमैत्री वडा घोषणा गर्न सफल भएका बताउँदै यसलाई व्यवहारमा लागू गर्न स्थानीयवासीलाई आग्रह गरेका थिए। आठबीस नगरपालिका वडा नं. ४ का वडाअध्यक्ष रणबहादुर माझीको अध्यक्षतामा सम्पन्न समारोहमा विभिन्न गाउँ तथा नगरमा निर्वाचित प्रमुख/उपप्रमुख, विभिन्न संघसंस्थाका प्रमुखलगायतले शुभकामना प्रदान गरेका थिए।

## क्षयरोगीको संख्यामा कमी

दोलखा, (नेस)

दोलखा जिल्लामा क्षयरोगीको संख्यामा कमी आएको भए पनि सरकारको लगानीअनुसार सन्तोषजनक प्रगति भने हुन नसकेको जिल्ला स्वास्थ्य कार्यालय दोलखाको तथ्यांकले देखाएको छ।

जिल्लामा आर्थिक वर्ष ०६२/६३ देखि क्षयरोग निवारणका लागि प्रत्यक्ष निगरानी उपचार विधि (डट्स) कार्यक्रम शुरू गरिएको भए पनि त्यतिबेलाको क्षयरोगीको संख्या र अहिलेको क्षयरोगीको संख्यामा खासै फरक नभएको तथ्यांकले देखाएको छ। जिल्ला स्वास्थ्य कार्यालय दोलखाका जिल्ला क्षयरोग कुष्ठरोग शाखाका अधिकृत जितेन्द्रकुमार कर्णले विगतको तुलनामा क्षयरोगीको संख्यामा कमि आएको तर सोचेजस्तो प्रगति भने नभएको बताउँछन्।

जिल्लामा डट्स कार्यक्रम लागू भएपछि क्षयरोगीको संख्यामा क्रमशः कमी आएको भए पनि आर्थिक वर्ष ०७२/०७३ मा भने यो संख्या निकै बढेको कर्णले बताए। भूकम्पपछि लामो समय धेरै मानिस टहरामा सँगै सुत्नुपर्ने बाध्यता रहेकाले त्यतिबेला क्षयरोगीको संख्यामा वृद्धि भएको कर्ण बताउँछन्।

## 'जनताको आग्रहविना कुनै काम गर्दिनँ'

नेपाल समाचारपत्र

पर्वत

मतदातालाई धन्यवाद दिन पाङ र खुर्कोट पुगेका प्रतिनिधिसभा सदस्य तथा सांसद पदम गिरीले आफूलाई अत्यधिक मत दिएर जिताउने मतदाताको आग्रहविना कुनै पनि काम नगर्ने बताउनुभएको छ।

मत दिएर जिताएका मतदातालाई धन्यवाद दिन पाङ, खुर्कोट पुगेका गिरीले पर्वतवासीको हितको पक्षमा काम गर्न प्रतिबद्धतासमेत जाहेर गर्नुभयो।

आफूले सोचेभन्दा पनि बढी मत दिएर जिताएको भन्दै पाङ र खुर्कोटबासीको गुन सधैं सम्झिरहने बताउनुभयो। सदरमुकामबाट नजिकै रहेर पनि विकास र उन्नति हुन नसकेको यस ठाउँको विकासका लागि आफूले सक्दो सहयोग गर्न र पाङबासीले दिएको जनमतको कदर गर्दै पहिलो प्राथमिकतामा मुख्य सडक कालोपत्रे गर्ने वातावरण सृजना गर्ने उहाँको प्रतिबद्धता रहेको थियो। पाङ शैक्षिक र बौद्धिक व्यक्तिहरू बस्ने गाउँ रहेको भन्दै पाङलाई ज्योतिष गाउँको रूपमा विकसित गर्ने गरी आफूले पहल गर्ने बताउनुभयो।

कार्यक्रममा बोल्दै प्रदेशसभा सदस्य नेत्रनाथ अधिकारीले आफू जन्मे हुर्केको ठाउँले आफूलाई माया गरेको भन्दै गाउँ र गाउँका जनताको विकासका लागि आफू सधैं तत्पर रहने बताउनुभयो। उहाँले त्यति मात्र नभएर पाङ र खुर्कोट उर्बर भूमि रहेको भन्दै परम्परागत खेतीलाई विस्थापित गरी वैज्ञानिकरूपमा कृषि क्षेत्रको विकास गर्न गरी आफूले पहल गर्ने बताउनुभयो। शनिबार पाङ र खुर्कोटका विभिन्न बस्तीमा उम्मेदवारलाई धन्यवाद कार्यक्रम आयोजना गरिएको थियो।

## कालिकोट कर्फ्यु जारी

कालिकोट, (नेस) । जिल्ला सदरमुकाम खाँडाचक्र जिरोप्वाइन्ट, जिल्ला प्रहरी, प्रशासन हुँदै प्रतिमाचोक आसपासका क्षेत्रमा शनिबारदेखि लगाइएको अनिश्चित्कालीन कर्फ्यु आइतबार बिहान दुई घण्टाका लागि हटाइए पनि पुनः निरन्तरता पाएको छ।

आइतबार बिहान ८ बजेदेखि १० बजेसम्मका लागि खुलाइएको कर्फ्यु १० बजेदेखि अर्को आदेश नहुन्जेलसम्मका लागि पुनः निरन्तरता दिइएको कालिकोटका प्रमुख जिल्ला अधिकारी वद्रीनाथ गैरेले बताए। आफूले पाउने तलब सुविधा कटौती गरेको भन्दै म्यादी प्रहरीले शुक्रबार प्रहरी कार्यालयअगाडि प्रदर्शन गरेका थिए। यस क्रममा प्रहरीले गोली चलाउँदा म्यादी प्रहरी विवेक ऐडीको मृत्यु भएको थियो।

मृतकका आफन्त र स्थानीयको प्रदर्शनका कारण स्थिति तनावग्रस्त बनेपछि जिल्ला प्रशासनले कर्फ्यु लगाएको हो। गृह मन्त्रालयका सहसचिव मानबहादुर जीसीको संयोजकत्वमा गठित छानबिन समिति आइतबार कालिकोट पुगी छानबिन कार्य थाल्ने भएको प्रमुख जिल्ला अधिकारी गैरेले बताए।

## वृद्धवृद्धालाई न्यानो कपडा वितरण

नेपाल समाचारपत्र

नुवाकोट

जाडोमा वृद्धवृद्धाहरूको स्वास्थ्य सुरक्षाका लागि नुवाकोटको पूर्वी भेगमा

रहेको ढिकुरेमा स्वास्थ्य परीक्षण गरिनुका साथै जाडोमा न्यानो कपडा वितरण गरिएको छ।

सदरमुकाम विदुरदेखि १५ किलोमिटर पूर्वमा रहेको लिखु गाउँपालिका वडा नं. २ ढिकुरेमा स्वाभिमानी नेपाल, मेघा अस्पताल, रोटरी क्लव अफ बालाजु, काठमाडौंको संयुक्त आयोजनामा वृद्धवृद्धाहरूलाई स्वास्थ्य परीक्षण गरिनुका साथै न्यानो कपडा वितरण गरिएको हो।

कार्यक्रममा एकसय ८० जना वृद्धवृद्धाको स्वास्थ्य परीक्षण गरिनुका साथै आवश्यक औषधि वितरण गरिएको छ। शिविरमा डा. तेजरत्न तुलाधरको नेतृत्वमा रहेको चार जनाको स्वास्थ्य टोलीले वृद्धवृद्धाको स्वास्थ्य परीक्षण गरी आवश्यक औषधि वितरण गर्नुका साथै ९० महिलासहित १ सय ७० जना वृद्धवृद्धालाई एक/एक सेट न्यानोको कपडा वितरण गरिएको आयोजक स्वाभिमानी नेपालकी अध्यक्ष राज्यलक्ष्मी शाक्यले जानकारी दिइन्।

संस्थाले सामाजिक उत्तरदायित्वको भावना र ६० वर्ष उमेर कटाएका वृद्धवृद्धाहरूलाई सम्मानस्वरुप वृद्धवृद्धाहरूको स्वास्थ्य सुरक्षाका लागि स्वास्थ्य परीक्षण गरिनुका साथै जाडोमा न्यानो कपडा वितरण गरिएको शाक्यको भनाइ छ। संस्थाले नुवाकोटसहित अन्य स्थानमासमेत यस खाले कार्यक्रम गरेको बताइन्।

शिविरमा स्थानीय लिखु गापाका वृद्धवृद्धाहरूलाई समेटिएको थियो। परीक्षणमा स्वासपश्वास, मधुमेय तथा आँखाका बिरामीहरू भेटिएको लिखु गापा वडा नं. १ का वडाध्यक्ष नरहरि पाण्डेले बताए।

## भारतमा नेपाली मृत फेला

बाँके, (नेस)

सीमावर्ती बजार रुपैडिहामा एक नेपाली मृत अवस्थामा फेला परेका छन्।

बुटवलबाट ७ गते राति नेपालगन्ज आइपुगेका पूर्णमान श्रेष्ठ नाम गरेका व्यक्ति रुपैडिहाको बहराइच जाने बाटोमा रहेको पेट्रोलपम्पनजिक मृत अवस्थामा फेला परेका हुन्। मृतकको गोजीमा बुटवलदेखि नेपालगन्ज आएको बसको टिकटमात्रै फेला परेको छ।

नाकामा रहेको इलाका प्रहरी कार्यालय, जमुनाहाका अनुसार, आइतबार बिहान नेपाली मृत अवस्थामा भेटिएको खबर आएको थियो। बाटोको छेउमा मृतक अवस्थामा रहेका व्यक्तिको गोजीमा बसको टिकट भेटिएको प्रहरीले बताएको छ।

## मत परिणाम हेरफेर

काभ्रे, (नेस)

निर्वाचन आयोगले सार्वजनिक गरेको अन्तिम मत परिणाम हेरफेर भएको छ। प्रतिनिनिधिसभा निर्वाचन क्षेत्र नम्बर २ मा विजयी एमाले नेता वाम गठबन्धनका साझा उम्मेदवार गोकुल बास्कोटा यसअघि १७ हजार ८ सय मतान्तर फरकले विजयी भएका थिए, तर अहिले उनको मतान्तर १८ हजार ७ सय ७३ मत फराकिलो देखिएको छ।

भुम्लु गाउँपालिकाअन्तर्गतको एउटा मतदान केन्द्रको मतगणना छुट भएको फेला परेपछि विजयी र पराजय हुनेहरूको पनि मत परिणाम फरक भएको निर्वाचन आयोगका प्रवक्ता तिलक कार्कीले जानकारी दिए। 'कम्प्युटरमा जोड्ने क्रममा एउटा केन्द्रको मतगणना छुट भएको रहेछ, भुम्लुको एउटा केन्द्रमा कम्प्युटरमा जोड्दा शून्य देखिएपछि उक्त केन्द्रको मतगणना थप गर्दा पहिला घोषणा गरिएको मतभन्दा केही हजार अन्तर भएको हो' -कार्कीले भने।

## गिलाससमेत चन्दा माग्न थाले

सञ्जय कार्की, सर्लाही

खाना खाने थाल र पानी पिउने गिलाससमेत प्रहरीले चन्दा माग्ने गरेको खुल्न आएको छ। प्रहरी कार्यालयमा नभएर चन्दा मागिएको भने पक्कै हैन, एउटा आधार देखाएर कार्यालयका प्रमुखले आर्थिक लाभ लिनका लागि चन्दा मागिएको खुल्न आएको छ।

इलाका प्रहरी कार्यालय गडहरिया सर्लाहीका प्रहरी निरीक्षक रामराजा केशरीले आफ्नो मातहतमा पर्ने रामनगर र बलरा गाउँपालिकासँग खाना पकाउने भाडा, थाल, गिलासलगायत सामग्रीसहितका ठूलो धनराशिको सहयोगार्थ चन्दा मागेका छन्। उनले प्रहरी कार्यालयको लेटरप्याड नै प्रयोग गरेर ती दुई गाउँपालिकासँग चन्दा मागेका हुन्।

प्रहरी निरीक्षक केशरीले रामनगर गाउँपालिकासँग मन्दिर निर्माण गर्न ५ लाख, कम्प्युटर तथा प्रिन्टरको लागि ५० हजार, इन्धन खर्च, १ लाख, मर्मतसम्भार १ लाख, टीटी बोर्ड निर्माण २५ हजार, हन्डपाइप २ सय फिट २५ हजार र भाडावर्तन १५ हजार गरी ८ लाख १० हजारको चन्दा मागेका छन् भने बलरा गाउँपालिकासँग प्रतीक्षालय निर्माणका लागि, कुर्सी र गिलाससमेत चन्दा मागेका छन्।

प्रहरीबाट नै चन्दा माग्न थालेपछि त्यसक्षेत्रको विकास निमार्णको कार्य प्रभावित हुन सक्ने देखिएको छ। प्रहरी निरीक्षक रामराजा केशरीले भने आफ्नो लागि नभई संगठनको लागि सहयोग मागेको बताउनुभयो। उहाँले भन्नुभयो- 'कार्यालयअगाडि मन्दिर र प्रतीक्षालय बनाउन यस्तै प्रहरी कर्मचारीका लागि भाँडाकुडालगायतका सामग्री जोहो गर्न खोजिएको बताउनुभयो। रामनगर गाउँपालिकाका अध्यक्ष कृष्णप्रसाद बर्माले भन्नुभयो- 'इलाका प्रहरी कार्यालय गडहरियाबाट सहयोग माग भएकाले यस्लाई परिषद्मा लैजाने बताउनुभयो।

सर्वसाधारणलाई कुनै विकासका कार्य गर्नुपरेमा प्रहरीले नियन्त्रणमा लिने गरेको थुप्रै उदाहरण रहेको छ, तर प्रहरी कार्यालयका प्रमुख आफैंले बहाना बनाएर चन्दा माग्नु अस्वाभाविक रहेको स्थानीय बासिन्दा बताउँछन्।

सोही कार्यालयका प्रहरी निरीक्षक केशरीले ४ महिनाअघि आफूले बोक्ने पेस्तोलको म्यागजिन र १० वटा गोली हराएको समेत स्रोतले बतायो। पेस्तोलको म्यागजिन हराएपछि त्यसमा मिल्दोजुल्दो बनाउन लगाएर प्रयोग गरेको स्रोतको दाबी रहेको छ। म्यागजिन हराएको जाहेरसमेत उनले नगरिकनै बनाएर प्रयोग गरेको पाइएपछि हतियार बनाउने स्थानको समेत उनी जानकार रहेको स्रोतको दाबी रहेको छ।

## १३ बुँदे घोषणापत्र जारी गर्दै मैथिली सम्मेलन सम्पन्न

नेपाल समाचारपत्र

राजविराज

राजविराजमा आयोजित २ दिने १५औं अन्तर्राष्ट्रिय मैथिली सम्मेलन १३ बुँदे राजविराज घोषणापत्र जारी गर्दै सम्पन्न भएको छ।

सम्मेलनले मैथिली भाषा साहित्य, संस्कृति र कलाको संरक्षण, सम्बर्द्धन र अन्तर्राष्ट्रियस्तरमा पहिचानका लागि १३ बुँदे राजविराज घोषणापत्र जारी गरेको सम्मेलन मूल आयोजक समितिका संयोजक शुभचन्द्र झाले आइतबार पत्रकार सम्मेलनको आयोजना गरी जानकारी दिएका छन्।

घोषणापत्रमा प्रदेश २ को नाम मिथिला प्रदेश राख्नुपर्ने, सरकारी कामकाजको भाषा मैथिली घोषणा गर्नुपर्ने, मैथिली एकेडेमी स्थापना गर्नुपर्ने, मैथिली भाषाको चलचित्र निर्माण र सञ्चार माध्यमलाई सशक्त बनाउन सरकारी अनुदानको व्यवस्था गर्नुपर्ने माग सरकारसँग गरिएको छ।

यस्तै प्रदेश १ मा पनि मैथिली भाषाभाषीको संख्या अत्यधिक रहेकाले उक्त प्रदेशमा पनि सरकारी कामकाजको भाषा मैथिली घोषणा गर्नुपर्ने मिथिलाञ्चलको धार्मिक सांस्कृतिक, पुरातात्त्विक महत्त्वका स्थलको संरक्षण र सम्बर्द्धन गर्दै झापादेखि वीरगन्जसम्म मिथिला पर्यटन क्षेत्रको घोषणा गर्नुपर्ने, प्रदेश १ र २ का मैथिलीभाषी क्षेत्रमा अनिवार्यरूपमा मातृभाषा मैथिलीका माध्यमबाट आधारभूत शिक्षा दिइनुपर्ने सँगै उच्च शिक्षामा समेत अनिवार्य विषयका रूपमा मैथिली पठनपाठनको व्यवस्था गर्नुपर्ने लगायतका १३ बुँदे माग घोषणापत्रमा राखिएको छ।

पत्रकार सम्मेलनमा अन्तर्राष्ट्रिय मैथिली सम्मेलन संस्थापक महासचिव वैद्यनाथ चौधरी बैजुले अन्तर्राष्ट्रिय मैथिली सम्मेलनलाई निरन्तरता र प्रभावकारी ढंगले अघि बढाउन भारतका विशिष्ठ मैथिली कवि एवं साहित्यकार कामदेव झाको अध्यक्षतामा १०१ सदस्यीय अन्तर्राष्ट्रिय मैथिली सम्मेलन मूल आयोजक समिति गठन गरिएको जानकारी दिए।

## पढाइमा अब्बल बन्दै मुगुका बालबालिका

वीरबहादुर बम, मुगु

आफ्ना १ छोरा र २ छोरीको पढाइको स्तर देखेर दिक्क मान्दै आएका सोरु गाउँपालिका वडा नं ८ का अभिभावक चक्र कार्की १ वर्षयता छोराछोरीको पढाइ देखेर निकै खुसी छन्। छोराछोरीलगायत गाउँका बालबालिकाको पढाइमा स्तर वृद्धि भएकाले स्कुललाई यो वर्ष गाउँपालिका कार्यालयबाट पुरस्कृत गर्न पहल गर्नुपर्ने कुरा गाउँका वडाअध्यक्षलाई भनेका छन्। रारा मावि कच्चेमा कक्षा १ देखि १० सम्म पढाइ हुन्छ। घर राम्रो बन्नलाई जग राम्रो बन्नुपर्छ भन्ने कुरालाई यस विद्यालयका कक्षा १ देखि ३ सम्मका १ सय ५ विद्यार्थीले छर्लंग पारेको कुरा विद्यालयका रतनबहादुर रावल बताउँछन्। पहिला विद्यालयका कक्षा ५ सम्मका विद्यार्थीले पनि आफ्नो नामसम्म राम्रो लेख्न जान्दैनथे र अक्षर चिन्न पनि मुस्किल हुन्थ्यो, तर १/२ वर्षयता भने कक्षा १ का बालबालिकाले समेत राम्रोसँग अक्षर र अंक चिन्ने भएको शिक्षकले बताए।

रारा मावि कच्चे प्रतिनिधिमूलक घटना मात्र हो ।

छायाँनाथ रारा नगरपालिका ४३, सोरु गाउँपालिका १९ र खत्याड गाउँपालिकाका १४ मुगुमकार्मारोग गाउँपालिकाका ४ सहित ८० वटा विद्यालयमा कक्षा १ देखि ३ कक्षा सम्मका बालबालिकालाई सन् २०१६ देखि जिल्लामा कर्णाली एकीकृत ग्रामीण विकास तथा अनुसन्धान केन्द्र मुगुले प्रारम्भिक कक्षा पढाइ कार्यक्रम सञ्चालन गरेपछि कार्य क्षेत्रका २५ सय बालबालिकाको पढाइको स्तरमा वृद्धि भई विद्यालयमा बाल सहभागितासमेत बढेको कुरा संस्थाका निमित्त जिल्ला संयोजक टेकबहादुर शाही बताउनुहुन्छ।



प्रारम्भिक कक्षा पढाइ कार्यक्रम लागू भएका विद्यालयमा रमाएर पढ्दै छात्रछात्राहरू ।

युनिसेफ र विश्व शिक्षाको रु. २६ लाख ८३ हजारको कुल अनुदानमा जिल्लाको गिर्दो शैक्षिकस्तरलाई माथि उठाउन विद्यालयस्तरमा क्षमता अभिवृद्धि तालिम, सिकाइ भ्रमण, अभिभावक सक्रिता, विद्यालयमा पुस्तकालय कुना निर्माण, उत्कृष्ट विद्यालयलाई पुरस्कारको व्यवस्था, शैक्षिक सामग्रीको उपलब्धता पढाइ मेला सञ्चालनलगायतका क्रियाकलापले बाल केन्द्रित क्रियाकलाप बढी हाबी भई प्रारम्भिक कक्षा पढाइ कार्यक्रम सञ्चालित विद्यालयले पढाइको गतिमा फड्को मारिसकेको छ ।बालमैत्री विद्यालयको निर्माण, विद्यालय सुधार योजनाले समेत गति लिन थालेको छ। विद्यालयको समग्र शैक्षिक, प्रशासनिक र व्यवस्थापनको पाटोमा प्रारम्भिक कक्षा पढाइ कार्यक्रमले सुधार गरेको कुरा सोरु गाउँपालिकाकी उपाध्यक्ष राज्यलक्ष्मी मल्ल बताउँछिन्। जिल्लाको समग्र शैक्षिक स्थितिलाई माथि उठाउन कक्षा १ देखि ३ कक्षा सम्म उदार कक्षोन्नतिलाई प्रभावकारी बनाउन र कक्षा छोड्ने दरमा समेत कमी आउने भएकाले किर्डाक नेपालको जिल्लाभर प्रारम्भिक कक्षा पढाइ कार्यक्रमले निरन्तरता पाउनुपर्ने कुरामा उनले जोड दिइन्।

कम शिक्षक र धेरै विद्यार्थी भएको विद्यालयमा पनि पढाइको सीप विकासले बालबालिका आफैंमा पढ्ने वातावरणको विकास भई माथिल्ला कक्षामा समेत पढाइ क्षमतामा पनि अब्बल बन्दै गएका हुन्। विद्यालयमा हुने पढाइदेखि अतिरिक्त क्रियाकलापसम्मका सीपमा सृजनात्मक तरिकाले कक्षा एक र तीनका बालबालिकाको प्रतिभामा समेत वृद्धि भएपछि छिमेकी विद्यालयबाट समेत कार्यक्रम लागू भएका विद्यालयमा छोराछोरीलाई भर्ना भएर पढाउने प्रबन्ध मिलाएका छन्। आफूहरूको विद्यालयमा समेत प्रारम्भिक कक्षा कार्यक्रम लागू गर्न स्थानीय अभिभावकले दबाब दिँदै आएका छन्। विद्यालय जान नमान्ने र विद्यालय गए पनि आधा दिनबाट भाग्ने बालबालिकासमेत स्कुल लाग्नुभन्दा अगाडि र स्कुल छुट्टी भएपछि मात्र स्कुलबाट घर जाने बानीको विकासमा प्रारम्भिक कक्षा पढाइ कार्यक्रमले गुन लगाएको कुरा स्थानीयको छ।

छोटो समयमै आफ्ना बालबालिकाको पढाइमा भएको परिर्वतनले अभिभावकसमेत दंग छन्। छोरीलाई गोरु हेर्न पठाउने र परीक्षाका बेला मात्र स्कुल पठाउँला भन्ने आमाहरू पनि छोराछोरीको पढाइमा आएको चाखले कापी कलमको अवस्था के छ? भनेर चासो देखाउन थालेका छन् ।स्कुल छुट्टी भएपछि छिटै घर आउँ है भनेर स्कुल जान लागेका छोराछोरीलाई आमाबाबुले सम्झाउने गरेका छन्।

'वर्षा र हुरीमा भने छिमेकको घरमा गएर ओत लाग्नुपर्ने अवस्था छ।' विद्यालय समितिले उक्त छाप्रो करिब दुई वर्षअघि किनेको थियो। कार्यालयको सामान बिहान ल्याउने र साँझ घरमा राख्ने गरेको जानकारी प्रधानाध्यापक थापाले गराएका छन् ।

### नेसनल हेल्थ फाउन्डेसन ठगी प्रकरण

# कारबाहीमा आलटाल, जोगाउने प्रपञ्च

**मोतीराम तिमल्सिना, काभ्रे**

२०५३ सालमा सीएमए/अनमीलगायतको क्षेत्रमा काम गर्ने गरी जिल्ला प्रशासन कार्यालय काभ्रेमा दर्ता भएको नेसनल हेल्थ फाउन्डेसनको कार्यकारिणी समितिले ८० जना विद्यार्थी ठगी गरेको प्रमाणीत भई कारबाहीका लागि गरिएको सिफारिसमा आलटाल गरिएको छ।

नेपाल समाचार पत्र दैनिकमा नेसनल हेल्थ फाउन्डेसनले विद्यार्थी ठगी गरेको समाचार प्रकाशन भएलगत्तै सीटीईभीटीले बनेपा नेपाल पोलिटेक्निक स्कुलका प्रिन्सिपल मिस्टरकान्त मैनालीको संयोजकत्वमा तीन सदस्यीय छानबिन कमिटी गठन गरेको थियो। उक्त समितिले फाउन्डेसनले विद्यार्थी ठगेको पुष्टिसहितको प्रतिवेदन एक महिनाअघि नै सीटीईभीटीलाई बुझाएको भए पनि कारबाहीका लागि आलटाल गरिएको हो। 'प्रक्रिया अघि बढेको छ, पहिले डडेल्धुरामा पनि कारबाही परेका व्यक्ति शिलाकान्त झालाई पुन: कारबाही हुन्छ', सीटीईभीटीका प्राविधिक महाशाखाका स्तर निर्धारण निर्देशक जीवनारायण काफ्लेले भने- 'ऐनमा भएको व्यवस्थाअनुसार कारबाही हुन्छ।' ऐनमा तीन वर्षसम्म उक्त संस्थालाई कुनै काम कारबाही नगर्न र संस्था खारेजी गर्न सक्ने व्यवस्था गरिएको छ।

कारबाहीबाट बच्न शिलाकान्त झाले सीटीईभीटीका मुख्य मुख्य व्यक्तिहरूलाई केही रकमको प्रलोभनमा पारिसकेका छन् भने समाचार लेखेर थप दबाब नदिन पत्रकारहरूलाई समेत किन्ने प्रयास गरेका छन्। बनेपामा रहेको नेसनल हेल्थ फाउन्डेसनले ८० जनाको अनुमतिमा १ सय ६० जना विद्यार्थीको भर्ना लिई ८० जनाको विचल्ली गराएको थियो। विचल्ली विद्यार्थीहरू अहिले पनि अध्ययन गर्न र परीक्षा दिन नपाएर मानसिक तनावमा छन्। उक्त संस्थामा पनि नक्कली काम गरिएको कागजातहरूले देखाएका छन्। असोज २८ गते सम्पन्न भएको भनिएको साधारणसभाका अधिकांश हस्ताक्षर नक्कली पाइएको छ। नेसनल हेल्थ फाउन्डेसनकी सचिव भनिएकी जया ढुंगानाले आफू कुनै पनि संस्थामा नरहेको स्पष्ट पारेकी छिन्। उनले विज्ञप्ति निकालेर संस्थामा आफू कुनै पनि पदमा नरहेको र साधारणसभामा पनि उपस्थित नभएको बताएकी हुन्।

नेसनल हेल्थ फाउन्डेसनको उनी सचिवका रूपमा कार्यरत रहेको प्रमाण प्रशासनमा पस गरिएको छ। समाचार प्रकाशन गरेलगत्तै उक्त संस्था हतार-हतार नवीकरण गरिएको थियो। ८० जना विद्यार्थीबाट प्रतिव्यक्ति डेढ लाख रकम असुल गरेर फरार रहेका संस्थाका सञ्चालक शिलाकान्त झा र प्रशासन प्रमुख सुरज ज्ञवालीले वार्षिक परीक्षा दिने अघिल्लो दिन नक्कली प्रवेशपत्र दिँदै परीक्षाको तयारी गरेका थिए। विद्यार्थीहरूलाई ज्ञवाली र झाले नियन्त्रणमा लिएर चितवन पोखरातिर घुमाउन लगेका थिए। डडेल्धुरामा समेत यस्तै प्रकरणमा कारबाहीमा परेका झाले काभ्रेको जनागालमा आएर नेसनल हेल्थ फाउन्डेसन प्रालि भन्दै क्याम्पस शुरू गरेका थिए। जिल्ला प्रशासन कार्यालयमा एनजीओका रूपमा दर्ता भएको संस्थालाई उनले प्रालि भन्दै सञ्चालन गर्दै आएका थिए। अनुमति प्राप्त सिट संख्याभन्दा दोब्बर विद्यार्थी भर्ना लिएर उनीहरूको भविष्यमाथि खेलवाड गर्ने नेसनल हेल्थलाई कारबाहीका लागि आलटाल भएको छ। वर्षभरि क्षमताभन्दा धेरै विद्यार्थी पढाउँदा समेत अनुगमन गरेर पनि कारबाही नगर्ने सीटीईभीटीको मिलेमतो रहेको पुष्टि गरेको छ।

नेसनल हेल्थ फाउन्डेसनले सीएमए र अनमी अध्ययनका लागि ४०/४० जनाको अनुमति प्राप्त गरेको छ। जिल्लामा काभ्रे हेल्थ ट्रेनिङ इन्स्टिच्युट र नेसनल हेल्थ फाउन्डेसनबाट १ सय ६० विद्यार्थीले अध्ययनको अनुमति प्राप्त गरेका छन्। तर नेसनल हेल्थ फाउन्डेसनले अनुमति भएको भन्दा दोब्बर विद्यार्थीहरू अध्यापन गराउँदै आएको थियो। अनुगमनका क्रममा पनि उक्त विद्यालयलाई कुनै सजाय दिइएको थिएन। नुवाकोट टेक्निकल इन्स्टिच्युटको नामबाट दर्ता पनि नभएको र सोही विद्यालयबाट विद्यार्थीको रजिस्ट्रेसनसमेत नभएको पाइएको छ ।

# शंकरपोखरीमा बृहत् खानेपानी आयोजना शुरू

**नेपाल समाचारपत्र**

पर्वत

वर्षौंदेखिबाट खानेपानीको अभावमा काकाकुलको नियति भोग्दै आएका यहाँको एक विकट गाउँमा बृहत् खानेपानी योजना शुरू भएको छ।

पर्वत जिल्लाको फलेवास नगरपालिका-३ साविकको शंकरपोखरी गाविसमा आयोजना शुरू भएको हो। शंकरपोखरीका ७ सयभन्दा बढी घरधुरीमा एक घर एक धारा विस्तारसहितको योजना शुरू भएको हो। यही महिनादेखि खानेपानीको आयोजना सञ्चालन भएको हो। छिमेकी जिल्ला स्याङ्जा र पर्वतको सीमाना डहरे देउराली खानेपानी आयोजनामार्फत् ल्याइएको खानेपानी जीर्ण भई घरकुरियालाई नपुगेपछि शंकरपोखरीवासीले पानीको समस्या झेल्दै आएका छन्।

यहाँका बासिन्दाले झन्डै दुई घण्टाको पैदल यात्रामा रहेका कुवा, खोल्साखाल्सीका धारा पँधेराबाट पिउने पानी बोक्नुपर्ने बाध्यता रहेको छ। नेपाल सरकार खानेपानी तथा सरसफाई मन्त्रालयको रु. २४ करोडको लागतमा बृहत् खानेपानी आयोजना सञ्चालन हुने जिल्ला खानेपानी तथा सरसफाई डिभिजन कार्यालय पर्वतले जनाएको छ। कार्यालयका अनुसार उक्त गाविसका ७ सय भन्दा बढी घरधुरी र केही सार्वजनिक धाराहरू समेत निर्माण गर्नेगरी योजना शुरू भएको छ।

गत जेठमा स्थलगत सर्वेक्षण गरी टेन्डरको पक्रिया शुरू गरिएको डिभिजन प्रमुख प्रेम डोटेलले बताए। उनले भने- 'अब नियमितरूपमा काम शुरू हुन्छ। डोटेलले आयोजनाको लागत स्टिमेट तयार भइसकेको र टेन्डरको काम पूरा भएलगत्तै निर्माण प्रक्रिया अगाडि बढेको बताए। उक्त आयोजनाको समयावधि दुई वर्ष मात्र रहेको पनि कार्यालयले जनाएको छ।

डोटेलका अनुसार पाँच वटा मुलको पानी लिफ्ट पद्धतिमार्फत् तानेर एक हजार देखि पाँच लिटर हजारसम्मका ट्यांकी निर्माण गरिनेछ। आयोजनाले पाँच वटा ट्यांकी निर्माण गरेर मिटर पद्धतिमार्फत् स्थानीयलाई पानी वितरण गर्ने जनाएको हो। एक घर एक धाराको अवधारणाअनुरूप खानेपानीको आयोजना लागू गरिएको कार्यालयले जनाएको हो। शंकरपोखरीका वडाअध्यक्ष अर्जुनबहादुर कार्कीले वडाका उच्च बस्तीहरूलाई लक्षित गरेर आयोजना निर्माणको चरणमा रहेको बताए।

आयोजना सम्पन्न भएपछि उक्त वडाका १ हजार १ सय घर कुरियामध्ये सात सयभन्दा बढी लाभान्वित हुने कार्कीले बताए। आउँदो २०७५ साल असार मसान्तमा सबै घरमा धारा जडान हुने समेत कार्कीले बताए।

पर्वतमा यसअघि यस्ता खालका योजनाहरू तीन स्थानमा सम्पन्न भइसकेका छन्। जिल्लाको साविक होश्राङ्दी, उरामपोखरा र ठूलीपोखरीमा लिफ्ट खानेपानी योजना सम्पन्न भइसकेका छन् भने फलेवास, माझफाँट, फलामखानीलगायतका गाविसमा एक घर एक धाराको अवधारणासहित योजना सञ्चालन भइरहेको जिल्ला खानेपानी तथा सरसफाई कार्यालयले जनाएको छ।

पर्वतमा ९२ प्रतिशत बासिन्दामा खानेपानीको पहुँच पुगेको भनिए पनि हिउँदको समयमा भने अधिकांश ठाउँका बासिन्दाले खानेपानीको समस्या झेल्दै आएका छन्।

## खोटाङ र पूर्वी शहर सीधा यातायात

खोटाङ, (नेस)

खोटाङ र पूर्वी शहर जोड्ने सुनकोसीस्थित फोक्सिङटारमा पक्की पुलको अभावमा अस्थायी बेलिब्रिज राखिएपछि खोटाङ र पूर्वी शहर सीधा यातायात शुरू भएको छ। आर्थिक वर्ष २०५१/०५२ मा निर्माण शुरू गरिएको १ सय ३१ किलोमिटर लामो गाईघाट-दिक्तेल सडकखण्डमा पर्ने फोक्सिङटारमा बेलिब्रिज जडान गरिएसँगै शनिबारदेखि जिल्लाबाट सीधै गाईघाट हुँदै धरान, विराटनगरलगायतका शहर जाने सीधा बाटो खुलेको छ।

पानीको बहाव बढ्न थालेपछि गत जेठमा निकालिएको बेलिब्रिज पानीको बहाव घटेपछि दुई हप्तादेखि पुन: राख्ने काम थालिएको थियो। फोक्सिङटारमा पक्की पुल अभावमा वर्षौंदेखि बेलिब्रिज राख्ने गरिएको छ।

फोक्सिङटारमा अस्थायी बेलिब्रिज सञ्चालनमा आएपछि ६ महिनाका लागि खोटाङ र पूर्वी शहर जोड्ने द्वार खुलेको छ। हिउँदभरि सञ्चालन गर्ने र वर्षामा झिक्नेगरी फोक्सिङटारमा ५० मिटर लम्बाई र ५ मिटर चौडाई भएको बेलिब्रिज जडान गरिएको हो। फोक्सिङटारमा अस्थायी बेलिब्रिज जडान गरेपछि सदरमुकाम दिक्तेलबाट गाईघाटसम्म सीधा यातायात सेवा सञ्चालन शुरू भएको छ।

# रौतहटमा वैज्ञानिक वन व्यवस्थापन शुरू



**नेपाल समाचारपत्र**

रौतहट

रौतहटमा वैज्ञानिक वन व्यवस्थापनको काम हातेमालो सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट शुरू भएको छ। रौतहटको चन्द्रपुर नगरपालिकाको वडा नम्बर ४ र ६ मा पर्ने समूहको वनक्षेत्रलाई शनिबारबाट वैज्ञानिक वन व्यवस्थापन गर्ने कार्य औपचारिक रूपमा शुभारम्भ गरिएको हो।

प्रदेशसभाका सदस्य धनलाल ठोकरले सो कार्यको उद्घाटन गर्नुभएसँगै वनमा फायर लाइन निर्माण थालिएको छ। ८० वर्षे गुरुयोजनासहित कार्य थालिएको सो समूहको २ सय ८१ दशमलव ६ हेक्टर क्षेत्रफल वनलाई ८ वटा प्लट निर्माण गरिएको छ। सो प्लटभित्रका प्रत्येक प्लटलाई दश भागमा विभाजन गरी दश वर्षे कार्ययोजनासहितको कार्य थालिएको समूहका सहसचिव शालिग्राम न्यौपानेले बताउनुभयो। उहाँका अनुसार यस वर्ष कार्य थालिएको प्लटबाट ७ हजार ६ सय क्युफिट गोलिया काठ र १५ चट्टा दाउरा उत्पादन हुनेछ।

जसबाट चोरी तस्करी नियन्त्रण हुनुका साथै समूहका उपभोक्ता लाभान्वित हुनेछन्। प्लटभित्रका वनमारा प्रजातिका रूखबिरुवा फडानी गर्नुका साथै ढला पडा र पुराना रूख कटान गरिनेछ। जसमध्ये प्लटभित्रका माउ रूखलाई जोगाउने र त्यसबाट झरेको बीउ लाई प्राकृतिकरूपमा उमारेर नयाँ रूखहरूको उत्पादन गरिने समूहले जनाएको छ। यसो गर्दा वन्यजन्तुको आवतजावतमा समेत सहज हुने र वनभित्र सालका राम्रा रूखहरू हुर्किनेछन्।

# सोनाहा जाति संकटमा

**कुमार श्रेष्ठ, राजापुर (बर्दिया)**

आदिमकालदेखि बर्दिया, कैलाली र कञ्चनपुरमा छरिएर रहेका लोपोन्मुख जाति सोनाहा सूचीकृत छैनन्। १ हजार २ सय ४० जनसंख्या रहेको सोनाहा जाति सूचीकृत नहुँदा राज्यबाट पाउने सेवा सुविधाबाट वञ्चित भएका छन्।

सोनाहा जातीले नदीमा सुन चाल्ने र माछा मारेर जीविका चलाउँदै आएका थिए। बर्दिया राष्ट्रिय निकुञ्जको स्थापना र पछिल्लो समयमा केही व्यक्तिको बदमासीले गर्दा सोनाहालाई नदीमा सुन चाल्न र माछा मार्न रोक लगाइएको छ।

'नदीमा सुन चाल्न र माछा मार्न पाएपछि हामीलाई पुगेको थियो। त्यसैले हामी जग्गा जमिन जोड्नतिर लागेनौं', स्थानीय अगुवा शान्ति सोनाहाले भन्नुभयो- 'त्यतिबेला जग्गा जमिन जोडेनौं। अहिले आएर निकुञ्जले नदीमा सुन चाल्न र माछा मार्न रोक लगायो। हामी त संकटमा परेका छौं।'

सरकारले थोरै जनसंख्या रहेका राउटे, राझी, चिडीमार, कुछबधियालगायतका जातिलाई सूचीकृत गरेर सेवा सुविधा दिइरहँदा सोनाहालाई भने छुटाएको छ। अगुवाहरू सोनाहालाई सूचीकृत गराउनका लागि सर्वोच्च अदालत पुगे। अदालतले पनि आदेश गरेको छ। सरकारले भने अझैसम्म सूचीकृत गराएको छैन।

सूचीकृत नहुँदा राज्यबाट पाउने सेवा सुविधा नपाएका सोनाहाको घर अड्याउने मात्रै जग्गा छ। त्यो पनि केहीले धर्मका नाममा पाएका छन्। सोनाहाको वैकल्पिक पसा पनि छैन। थारू समुदायको रहनसहनसँगै धेरै मिल्ने सोनाहामा धर्मसँगै जात नै फेर्ने प्रवृत्ति बढेको छ। शिक्षा, स्वास्थ्यमा सोनाहा समुदाय धेरै पछाडि छन्।

नदीका किनारमा बस्दै आएका सोनाहाको खाद्य अधिकारको सवालमा फियान नेपाल नामक संस्थाले २०६८ देखि सशक्तीकरणका कार्यक्रमहरू सञ्चालन गरेपछि धेरै परिवर्तन आएको समुदायका अगुवाहरू बताउँछन्।

सोनाहा अधिकार सञ्जालका अध्यक्ष सोमा सोनाहाले फियानले स्थानीयस्तरमा सवाल पहिचान, खाद्य अधिकार अवधारणासम्बन्धी तालिम, जनवकालत तथा पैरवी तालिम, योजना निर्माण, नेतृत्व विकास तालिम, जिल्लास्तरमा अन्तरक्रिया, सञ्चार माध्यमको उपयोग, राष्ट्रिय मानवअधिकार आयोगमा उजुरी, सम्बन्धित निकायको ध्यानाकर्षण र केन्द्रमा प्रधानमन्त्री, मन्त्री, आदिवासी, जनजाती प्रतिष्ठानमा ज्ञापनपत्र, सर्वोच्च अदालतमा रिट दायरमा सहजीकरण गरेर आफ्नो समुदायलाई ठूलो गुन लगाएको बताउनुभयो।

सञ्जालले राजापुरको मुर्गहवामा सोनाहा समुदायको खाद्य अधिकार सवाल, उपलब्धि, आगामी दिनमा सरोकार निकायको भूमिका विषयक कार्यक्रम गरेर स्थानीय निकायको सहयोग, सहभागिता खोजेका छन्। फियानले ६ वर्षसम्म आफूले गरेको सशक्तीकरणको पाटोलाई स्थानीय निकायलाई जिम्मेवारी बनाउँदै छोडेको छ। फियानका महासचिव सत्य तोयना र निर्देशक अशोकबहादुर सिंहले ६ वर्षको अन्तरालमा खाद्य अधिकार र सशक्तीकरणको सवालमा आफूहरूले सक्दो सहयोग गरेकाले अब स्थानीय निकायले जवाफदेही भएर काम गर्नुपर्ने बताउनुभयो।

राजापुर नगरपालिकाकी उपमेयर मनकला चौधरीले सोनाहाको आर्थिक, सामाजिक विकासका लागि सक्दो काम गर्ने बताउनुभयो। 'हामीले वडाहरूमा एक/एक करोड पठाएका छौं, वडाले ३५ प्रतिशत लक्षित वर्गलाई छुट्याएका छन्', उपमेयर चौधरीले भन्नुभया- 'योबाहेक पनि सोनाहाका अगुवाहरू कार्ययोजना लिएर आउनुस्, बजेट लगेर समुदायमा काम गर्नुस्।'

गेरुवा गाउँपालिकाका प्रमुख जमानसिंह केसीले आफूहरूले पहिलो बैठकमै सोनाहालाई सूचीकृतमा पार्ने निर्णय गरेको र उनीहरूको हक अधिकार, विकासका लागि गाउँपालिकाले विशेष ध्यान दिने बताउनुभयो।

# प्राविधिक शिक्षा तथा तालिम नीति परिमार्जनको चरणमा

**नेपाल समाचारपत्र**

बाँके

सरकारले प्राविधिक तथा व्यावसायिक शिक्षा एवं तालिम नीति २०६९ परिमार्जनको तयारी गरेको छ। त्यसका लागि शिक्षा मन्त्रालयले देशका विभिन्न ठाउँबाट सुझाव संकलन गरिरहेको छ।

२०६४ को नीतिलाई २०६९ मा परिमार्जन गरेको सरकारले नयाँ व्यवस्थासँगै फेरि पाँचौं वर्षमा नीति परिमार्जनको चरणमा पुगेको छ। जीवन उपयोगी शिक्षा र सीपको सम्मान गर्ने नीतिको आवश्यकता महसुस भएको छ।

रोजगारमूलक शिक्षा, प्राविधिक कोष स्थापनासँगै वृत्ति विकासको अभ्यासमा जुटेको सरकारले बजारको आवश्यकताअनुरूप सीप विकास गर्ने जनाएको छ। शिक्षा मन्त्रालयका उपसचिव डा. मुकुन्दमणि खनालका अनुसार, सरकारी तथा दातृ निकायबाट नेपालमा वार्षिक ३० अर्ब रुपियाँ प्राविधिक तथा व्यावसायिक शिक्षा एवं तालिममा खर्च भइरहेको छ। त्यसबाट १ लाख १४ हजार जनशक्ति उत्पादन भएका छन्। यसलाई हेर्दा १ जना उत्पादन गर्न १ लाख ३१ हजार खर्च भएको छ। नेपालमा भने वार्षिक ५ लाख १२ हजार युवा रोजगारीमा आउने गर्दछन्।

नेपालमा अहिले २० देखि २४ वर्षका ५४ प्रतिशत अर्धबेरोजगार, ५ प्रतिशत पूर्ण बेरोजगार छन्। ४७ लाख ४६ हजार युवा विदेशमा छन्। त्यसमा ७५.५ प्रतिशत तालिम नलिएका छन्। १८ वर्षअघि नै ४८.५ प्रतिशत युवतीको विवाह हुने गर्दछ। १५ देखि २४ वर्षका १२ प्रतिशतले शिक्षा लिएका छैनन्। प्रावि १० र माविमा ४१ प्रतिशतले पढाई पूरा गर्दैनन्। उपसचिव डा. खनालले १७ वटा मन्त्रालयका छुट्टाछुट्टै तालिम, पाठ्यक्रममा एकरूपता ल्याएर जीवन उपयोगी सीपलाई समेट्ने प्रयास भइरहेको बताउनुभयो। 'दोहोरोपना, स्रोतको दुरुपयोग भइरहेका छन्, अझै पनि महत्त्वपूर्ण श्रम विदेशबाट ल्याउनुपर्ने बाध्यता छ', उपसचिव डा. खनालले भन्नुभया- 'एउटै व्यक्तिले १७, १८, ३० मात्रै होइन ४७ पटक तालिम लिएको भेटिएका छन्।'

नेपालमा साना उद्योगहरू हराउँदै गएको र ठूला ल्याउन नसकिएको, सीपको सम्मान हुन नसकेको, माग अनुसारको नीति हुन नसकेको, गुणस्तरीय तालिम, रोजगारी सिर्जना, उद्यम विकासमा जोड्न नसकेको, प्रमाणपत्रमुखी गतिविधि भएकाले गर्दा नेपालले एक रुपियाँको सामान बेच्दा १३ रुपियाँको बाहिरबाट ल्याउनुपर्ने अवस्था आएको छ।

शिक्षा मन्त्रालयका सहसचिव डा. डिल्लीराम रिमालले व्यक्तिको आवश्यकतालाई हेरेर तालिम दिने व्यवस्था हुनुपर्नेमा जोड दिनुभयो। 'तल्ला तहदेखि नै विशिष्टिकरण गर्दै जाने गरेर अघि बढेका छौं', सहसचिव डा. रिमालले थप्नुभया- 'फितलो कार्यक्रम, दोहोरोपना, अनुगमन नहुने समस्यालाई अब सुधार गरेर जान्छौं।'

सरकारले सबै तहमा कम्तीमा एउटा प्राविधिक शिक्षालय खोल्ने उद्घोष गरेको छ। अब कामको सम्मान गर्ने र तालिम लिएका व्यक्तिलाई निगरानी राख्ने नीति बन्नुपर्ने सहभागीहरूले बताएका छन्।

# दुर्गमका विद्यालयमा छाप्रोमा पढाइ

**नेपाल समाचारपत्र**

रुकुम पूर्व



रुकुम पूर्वको सिस्ने गाउँपालिका-५ स्थित दुदिल्लागैरा रुकुमकोटको शहीद स्मृति बाल आधारभूत विद्यालयका बालबालिका छाप्रोमा अध्ययन गर्न बाध्य छन्। कक्षा १ देखि ३ सम्म पढाइ हुने विद्यालयका २७ विद्यार्थी अँध्यारो छाप्रोमा बसेर अध्ययन गरिरहेका छन्।

सरकारले शिक्षक दरबन्दी गर्न नसक्दा गाउँलेहरू मिलेर एक शिक्षिकालाई विद्यार्थी पढाउने जिम्मा दिएका छन् । 'बालबालिकाहरू घन्टौं लागेर अर्को गाँउको विद्यालयसम्म जान सक्दैनन्। आर्थिक अभाव र सरकारको बेवास्ताले गर्दा बालबालिकाहरू अँध्यारो छाप्रोमा बसेर अध्ययन गर्न बाध्य छन्', प्रधानाध्यापक गंगा थापाले भने- 'वर्षा र हुरीमा भने छिमेकको घरमा गएर ओत लाग्नुपर्ने अवस्था छ।'

विद्यालय समितिले उक्त छाप्रो करिब दुई वर्षअघि किनेको थियो। कार्यालयको सामान बिहान ल्याउने र साँझ घरमा राख्ने गरेको जानकारी प्रधानाध्यापक थापाले गराएका छन् ।

# विश्व

**तस्कर**

सामाजिक अभियान डोर अफ होपको फाइदा लिँदै अमेरिका र मेक्सिकको सीमामा विवाह गरेका ब्रायन ह्युस्टन। उनी लागूपदार्थ तस्कर भएको खुलासा भएको छ।



**दोषी**

भारतको बिहार राज्यका चर्चित नेता लालुप्रसाद यादव। यादवलाई चारा घोटलामा दोषी ठहऱ्याइएपछि जेल चलान गरिएको छ।





## विश्व २ मिनेट

### भारत

#### ४ सैनिक मारिए

श्रीनगर, (एजेन्सी)

आणविक शक्ति सम्पन्न छिमेकी भारत र पाकिस्तानबीच विवादास्पद क्षेत्र काश्मिरलाई विभाजन गर्ने भारि मात्रामा सैन्य तैनाथ रहेको सीमामा भएको गोली प्रहारको घटनामा कम्तिमा ४ जना भारतीय सैनिकको मृत्यु भएको भारतीय अधिकारीहरूले बताए। पाकिस्तानी सैनिकले रजौरी इलाका स्थित भारतीय पोस्टलाई निसाना बनाएको र यसले सन् २००३ को संघर्ष विराम सम्झौताको उल्लंघन गरेको नयाँ दिल्लीले जनाएको छ। एक सैन्य अधिकृतसहित मारिएको उक्त घटनाको कडा तथा सशक्त बदला लिने भारतीय सेनाले जारी गरेको विज्ञप्तिमा उल्लेख गरिएको छ।

### मेक्सिको

#### ऐतिहासिक विवाहको आयोजना

मेक्सिको सिटी, (एजेन्सी)

विगतका दिनमा अमेरिका र मेक्सिकोको सीमामा ऐतिहासिक विवाहको आयोजना गर्ने दुलाहा लागूपदार्थ तस्कर भएर निस्केको छ। त्यतिबेला उसको पृष्ठभूमिको जाँचमा अधिकारीहरूले कुनै खराब कुरा फेला पार्न सकेका थिएनन्। तर अहिले उसलाई हिरोइन तस्करको मामिलामा दोषी ठहऱ्याइएको खुलासा भएको छ। उनलाई अर्को वर्ष फेब्रुअरीमा सजायँ सुनाइने बताइएको छ। हाल उनी जमानतमा रिहा भएको जनाइएको छ। अमेरिकी सरकारले ब्रायन ह्युस्टन नामक ती व्यक्तिलाई सीमामा विवाहका लागि अनुमति दिएको थियो। 'डोर अफ होप ' नामक उक्त अभियानको हिस्साका रूपमा रहेको उक्त विवाह भएको बताइएको छ।

### फिलिपिन्स

#### भीषण आगलागी

मनिला, (एजेन्सी)

दक्षिणी फिलिपिनी शहर डाभाओ स्थित एयटा सपिंगमलमा आइतबार भयानक आगलागी हुँदा कम्तिमा ३७ व्यक्तिको ज्यान गएको आशंका गरिएको छ। तेस्रो तल्लाबाट शुरू भएको आगो मथिल्लो तल्लामा फैलिँदा त्यहाँ रहेको एक कल सेन्टरका कर्मचारीहरू थुनिएका थिए। डाभोसका उपमेयर पाओलो डुटेर्टेले घाइतेहरूको पनि बाच्ने सम्भावना न्युन रहेको बताएका छन्। सो आगो नियन्त्रणका लागि थुप्रै अग्नि नियन्त्रकहरूले घन्टौंसम्म प्रयास गरेका थिए। उपमेयरका पिता तथा राष्ट्रपति राड्रिगो डुटेर्टेले घटनास्थलको निरीक्षण गरेका छन्।

### डेनमार्क

#### हाँसोलाग्दो गल्ती

कोपनहेगन, (एजेन्सी)

क्रिसमसको समयमा कोपेनहेगनमा ट्याक्सी भनी ठानेर प्रहरीको कार चढ्न पुगेका एकजना लागूऔषध व्यवसायी प्रहरीको फन्दामा परेका छन्। डेनिस प्रहरीले घर जान हतारिएका ती व्यक्तिले साथमा चरेश भरिएका १ हजार वटा चुरोट बोकेको जानकारी दिएका छन्। सत्तरीको दशकमा हिप्पीहरूले स्थापना गरेको अर्धस्वायत्त जिल्लाको राजधानी क्रिस्टियानियामा यो घटना घटेको हो। यो स्थान लागूऔषध व्यापारका लागि कुख्यात रहेको छ। डेनमार्कमा चरेश सेवन अवैध मानिन्छ। प्रहरीले उनलाई आवश्यक कारबाही गरिने जानकारी दिएको छ।

# युद्धको संघारमा उभिएका इरान र साउदी अरेबिया को कति शक्तिशाली ?







दुबई, (एजेन्सी)

विश्वका सबैभन्दा अस्थिर क्षेत्रहरूमा मध्यपूर्व सधैं पर्ने गरेको छ। मध्यपूर्वमा एकातर्फ इजरायल र मुस्लिम देशको टकराव छ भने दोस्रोतर्फ सिया बहुल इरान र सुन्नी बहुल साउदी अरेबिया बीचको शत्रुता छ।

पछिल्लो समयमा इरानसँगको शत्रुताले इजरायल र साउदी अरेबियालाई निकट ल्याएको छ। हालैका वर्षमा साउदी अरेबिया र इरानबीचको शत्रुता बढेको छ। यमन ती देशका लागि युद्धको मैदान बनेको छ। यमनमा साउदी अरेबियाको नेतृत्वको गठबन्धन सेना छन् भने दोस्रोतर्फ इरान समर्थित हुथी विद्रोही छन्।

इरानमाथि यमनमा हुथी विद्रोहीलाई मद्दत गरिरहेको आरोप लाग्दै आएको छ। तर इरानले त्यसलाई अस्वीकार गर्दै आइरहेको छ। यमनको राजनीतिक संकटलाई लिएर इरान र साउदी अरेबिया एक प्रकारले छद्म युद्धमा होमिइसकेको अवस्था छ। यो ती दुई देशबीच प्रत्यक्ष युद्धको संघारमा पुगेको स्थिति हो।

साउदी-इरान विवादको पछाडि विश्वका महाशक्ति पनि लागेका छन्। यस मामिलामा विश्वका शक्तिमा विभाजन आइसकेको छ। विश्वको महाशक्ति अमेरिका साउदी अरेबियाको साथमा देखिएको छ भने रुसले इरानलाई साथ दिइरहेको छ। सिरियामा अमेरिकी नेतृत्वको खेमाको हार र रुसी खेमामा रहेको सिरियाली राष्ट्रपति बसर अल असदको सेनाको जितपछि मध्यपूर्वमा शक्तिको स्वरूप बदलिएको छ। अमेरिका र साउदी बसर अल असदलाई हटाउन लागेको तर रुस र इरानको आशिर्वाद त्यसमाथि हाबी भयो।

यसले यमनको मामिलामा निर्णायक युद्धको सम्भावना प्रबल बन्दै गइरहेको छ। यसको अर्थ इरान र साउदी अरेबियाबीचको प्रत्यक्ष युद्ध हुनु नै हो। त्यसैले उनीहरू आ-आफनो सैन्य क्षमता विस्तारमा लागेका छन्।

अहिलेको स्थितिमा इरानसँग ५ लाख ६३ हजार सशस्त्र बल छ भने त्यसको तुलनामा साउदी अरेबियासँग २ लाख ५१ हजार ५ सय छ।

इरानसँग १ हजार ५ सय १३ युद्धक ट्याँक छ भने साउदी अरेबियासँग ९ सय। त्यसैगरी इरानसँग ६ हजार ७९८ तोपखाना छन् भने त्यसको तुलना साउदी अरेबियासँग मात्र ७६१ छन्।

इरानसँग ३ सय ३६ लडाकू विमान छन्। यद्यपि ती विमानहरू पुराना भइसकेको र मर्मत गर्न आवश्यक रहेको बताइएको छ। त्यसको तुलनामा साउदी अरेबियासँग ३ सय ३८ अत्याधुनिक लडाकू विमान छन्। इरानसँग १ सय ९४ गस्ती डुंगा तथा नौसैनिक जहाजहरू छन् र साउदी अरेबियासँग यो संख्या ११ मात्र छ। इरानसँग २१ युद्धपोत छन् भने साउदी अरेबियासँग एक वटा पनि छैन। तर साउदी अरेबियासँग ७ वटा युद्धपोत विनासक छन् भने इरानसँग कुनै युद्धपोत विनासक छैन।

अहिलेसम्म छद्म युद्ध गर्दै आइरहेको भए पनि तेहरान र रियाद प्रत्यक्ष युद्धका लागि तयार देखिएका छैनन्। यद्यपि साउदी अरेबियाको राजधानीमा यमनबाट एकपछि अर्को गर्दै रकेट खस्न थालेपछि समीकरण परिवर्तन भइरहको छ।

खाडीको पानीमा यी दुई देशबीच सिधा संघर्ष हुनसक्छ। तर अमेरिका र अन्य पश्चिमी शक्तिका लागि उक्त खाडी इलाका स्वतन्त्र आवागमनका लागि अत्यावश्यक छ। लामो समयदेखि अमेरिका र उसका सहयोगीले इरानलाई मध्यपूर्वमा एक अस्थिरता फैलाउने देशका रूपमा हेर्ने गरेको छ। साउदी अरेबियाले पनि इरानलाई क्षत्रीय प्रभावलाई लिएर खतराका रूपमा लिएको छ।

साउदी अरेबियाको क्याम्पमा सुन्नी देश युनाइटेड अरब इमिरेट्स, कुबेत, बहराइन, इजिप्ट र जोर्डन छन्। त्यसै गरी इरानको समर्थन सिरियाको सरकार र सिया बाहुल्य इराकको समर्थन रहेको छ। यद्यपि इराकको अमेरिकासँग पनि विशेष सम्बन्ध रहेको छ।

# चीनमा नयाँ विमानको सफल उडान

बेइजिङ, (एजेन्सी)

विश्वकै हालसम्मकै सबैभन्दा ठूलो मानिने चीनको पानी र जमिन दुवैमा प्रयोग गर्न सकिने एजी ६०० विमानले एक घन्टा सफल अभ्यास उडान पूरा गरेको छ। करिब करिब बोइङ ७४७ कै आकारको भए पनि ४ वटा टर्वोप्रोप इन्जिनयुक्त सो बिमान आइतबार चीनको दक्षिणी गुआङडोङ प्रान्तको झुहाइ विमानस्थलबाट उडेको थियो।

५० जना मानिस बोक्न सक्ने यो विमान १२ घन्टासम्म आकासमा रहन सक्ने बताइएको छ। विशेषत: अग्निनियन्त्रण र जलीय उद्धार कार्यमा प्रयोग हुने यस विमानलाई शैन्य क्षेत्रमा पनि प्रयोग गर्न सकिने बताइएको छ। यसलाई विवादास्पद साउथ चाइना सी क्षेत्रमा तैनाथ गर्न सकिने अनुमान गरिएको छ। चिनियाँ सरकारी समाचार निकाय सिन्हवाले यस विमानलाई समुद्र तथा टापुको विशेष रक्षकको संज्ञा दिएको छ।

कोड नाम कुन्लोङ रहेको एजी ६०० चीनको सुदुर दक्षिणी क्षेत्रसम्म पुग्न सक्ने पनि बताइएको छ। यस विमानको उडानको शुरूदेखि अन्त्यसम्मको दृश्य सरकारी टेलिभिजनले प्रशारण गरेको थियो। उडान पुरा गरी विमानस्थलमा अवतरण हुँदा भिडले राष्ट्रिय झण्डा हल्लाएर र सैनिक धुन बजाएर विमानको स्वागत गरिएको थियो।

यो विमान निर्माणलाई पुर्णता दिन ८ वर्ष लागेको हो। ३८ दशमलव ८ मिटर लामो पखेटा भएको सो विमानले बढीमा ५३ दशमलव ५ टन वजन बोकेर उड्न सक्छ। चीनभित्रै मात्र अहिलेसम्म यो विमानको १७ वटा अर्डर आइसकेको छ। गत वर्ष संयुक्त राष्ट्र संघ समर्थित एउटा न्यायालयले साउथ चाइना सीको विवाद सम्बन्धमा दिएको निर्णयलाई चीनले अस्वीकार गरेको थियो।



# अल्फा सेन्टौरीका ग्रह प्रणालीमा जीवको सम्भावना

वासिंगटन, (एजेन्सी)

पृथ्वीबाट सूर्यपछि सबैभन्दा नजिकको तारा अल्फा सेन्टौरीका ग्रहमा जीव अस्तित्वको सम्भावना रहेको अुनसन्धानले देखाएको छ। यसअघि यो तथ्यलाई ध्यान दिइएको थिएन।

अमेरिकाको येल युनिभर्सिटीका खगोलशास्त्रीहरूले अल्फा सन्टोरी तारा प्रणालीको शुरूदेखि अध्ययन गरी त्यहाँ जीव वासस्थानका लागि उपयुक्त ग्रहको खोजका लागि नयाँ तरिका पत्ता लगाएका छन्।

यस अध्ययनमा उक्त तारा प्रणालीमा धेरै संख्यामा ठुला ग्रहको उपस्थितिलाई अस्वीकार गरिएको छ। जुन यस अधिका अध्ययनमा दाबी गरिएको थियो। प्रोफेसर डेबरा फिसले बताए (ब्रहमाण्डले हामीलाई ग्रहको सबै आकार सानो हुन्छ भन्ने बताएको छ। हाम्रो अध्ययनले त्यस्तै प्रकारका ग्रह अल्फा सेन्टोरी ए र बीको वरपर परिक्रमा गरिरहेको हुनसक्छ।

अनुसन्धानकर्ताले अल्फा सेन्टोरी एमा परिक्रमा गरिरहेको ग्रह पृथ्वीको तुलनामा ५० गुणा कम पिण्डको भएको र अल्फा सेन्टोरी बीलाई परिक्रमा गरिरहेको ग्रहको पिण्ड ८ गुणा कम भएको पत्ता लगाएका छन्। यस अध्ययन एस्ट्रोनोमिकल जर्नन पत्रिकामा प्रकाशित गरिएको छ।

**स्वच्छन्द निर्माण सेवा प्रा.ली को साधारण सभाको सुचना**

उपरोक्त सम्वन्धमा मिति २०७४/०९/०७ गतेको संञ्चालक समितिको निर्णय अनुसार यस कम्पनीको आर्थिक वर्ष २०७३/०७४ को वार्षिक साधारण सभा मिति २०७४/०९/२५ गते मंगलवारका दिन विहान ९:०० बजे नार्गाजुन न.पा. ९, स्यूचाटार स्थित कम्पनीको रजिष्ट्रर्ड कार्यालयमा बस्ने हुदा उक्त समय र स्थानमा सम्पूर्ण शेयरधनी महानुभावहरुलाई यसै सुचनालाई आधार मानी उपस्थित हुन हार्दिक अनुरोध गर्दछु ।

छलफलका विषयहरु
१) अध्यक्ष ज्यूले प्रस्तुत गर्नुहुने वार्षिक कार्यक्रम उपर छलफल तथा निर्णय गर्ने ।
२) आर्थिक वर्ष २०७३/०७४ को आय विवरण पारित गर्ने ।
३) संञ्चालक समितिको अध्यक्ष तथा संञ्चालकहरुको चयन गर्ने ।
४) आर्थिक वर्ष २०७४/०७५ को लागि लेखापरिक्षक चयन तथा निजको पारिश्रमीक निर्धारण गर्ने ।
५) विविध ।

सिद्ध प्रसाद लामिछाने
(कम्पनी सचिव)
स्वच्छन्द निर्माण सेवा प्रा.ली.
नार्गाजुन न.पा. ९ स्यूचाटार,काठमाडौं

## उत्तर कोरियाद्वारा नाकाबन्दीको आलोचना

# ट्रम्पद्वारा सुरक्षा परिषद्को प्रशंसा





वासिंगटन/ सोल, (एजेन्सी)

उत्तर कोरियाको विदेश मन्त्रालयले आइतबार संयुक्त राष्ट्रसंघले आफूमाथि लगाएको पछिल्लो नाकाबन्दी पूर्णत: आर्थिक नाकाबन्दी सावित भएको र यस कदमको समर्थन गर्ने सबैलाई सजायँ दिने चेतावनी दिएको छ।

प्योङयाङको सरकारी समाचार निकाय केसीएनएले विदेश मन्त्रालयलाई उद्धृत गर्दै प्रकाशित गरेको एक विज्ञप्तिमा भनिएको छ, 'संयुक्त राज्य अमेरिकाले उत्तर कोरियाको आणविक शक्तिदेखि तर्सेर यस्तो कडा नाकाबन्दीको उपाय अपनाएको हो।

अमेरिका र त्यसका अनुयायीहरूले तयार पारेको यस नाकाबन्दीको प्रस्तावनाले उत्तर कोरियाको सार्वभौममा आँच पुऱ्याउनुका साथै कोरियाली प्रायद्विपमा शान्ति र स्थिरता खलबल्याएर युद्धको रूप दिन खोजेको छ ।

यसअघि अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले व्यालेस्टिक क्षेप्यास्त्र परीक्षण प्रक्षेपण गरेको कारण उत्तर कोरियामाथि नयाँ कडा नाकाबन्दी लगाएकोमा शनिबार संयुक्त राष्ट्रसंघको सुरक्षा परिषद्को प्रशंसा गरेका थिए। ट्विट गर्दै ट्रम्पले यस पछिल्लो मतदानले विश्वले मृत्यु नभई शान्ति चाहेको भन्ने प्रमाणित गरेको जनाएका थिए।

अमेरिकाद्वारा तयार पारेको उक्त प्रस्तावनाको मस्यौदामा उत्तर कोरियाको पेट्रोल आयातमा पनि ९० प्रतिशतले कटौती गर्ने बुँदा उल्लेख गरिएको छ। प्योङयाङको प्रमुख व्यापारिक साझेदार चीन र रसियाले समेत उक्त प्रस्तावको पक्षमा मतदान गरेका थिए।

दक्षिण कोरियाले त पहिलेदेखि नै प्योङयाङमाथि कडा नाकाबन्दी लगाउन अमेरिका, संयुक्त राष्ट्रसंघ र युरोपेली संघ (ईयु) माथि दबाव दिँदै आएको थियो। उत्तर कोरियामाथि नाकाबन्दी लगाउने क्रममा शुक्रबार सो प्रस्ताव सुरक्षा परिषद्मा सर्वसम्मतबाट अर्थात १५ मतबाट पारित भएको हो।

संयुक्त राष्ट्रसंघका लागि अमेरिकाका स्थायी प्रतिनिधि निक्की ह्यालीले भनेकी छिन्, 'यस नाकाबन्दीको सर्वसम्मत निर्णयले यदि उत्तर कोरियाले अझै अटेर गरेको खण्डमा थप सजायँ हुन सक्ने दृढ सन्देश दिएको छ। उत्तर कोरिया आधुनिक विश्वको दुष्टताको सबैभन्दा दुखान्त उदाहरण बनेको छ।'

बेलायतका विदेशमन्त्री बोरिस जोहन्सनले भनेका छन्, 'उत्तर कोरियाको विवादास्पद आणविक कार्यक्रमको समस्या समाधानका लागि यो पछिल्लो कदम निकै महत्त्वपूर्ण तथा प्रभावकारी ठहरिएको छ।

प्योङयाङको अनावश्यक व्यहार विरुद्ध आलोचना गर्न अन्तर्राष्ट्रिय जगत एकजुट भएको छ। 'चिनियाँ विदेश मन्त्रालयले भने कोरियाली प्रायद्विपको समस्या जटिल र निकै संवेदनशील भएकाले सम्बन्धि सबै पक्ष सक्रिय भएर तनाव कम पार्ने प्रयास गरिनुपर्ने जनाएको छ।

गत नोभेम्बरमा उत्तर कोरियाले ३ सेप्टेम्बरमा गरिएको छैठौं अत्यन्त शक्तिशाली आणविक परीक्षणपछि आफूमाथि लगाइएको नाकाबन्दीलाई 'क्रुर कार्य' को संज्ञा दिँदै त्यसलाई हटाउन माग गरेको थियो।

जनमत साहित्यिक बाटिकाले शनिबार बनेपामा एक कार्यक्रमको आयोजना गरि एकैपटक पाँच वटा पुस्तक सार्वजनिक गरेको छ। चार श्रष्टाका पाँच वटा कविता र एक मुक्तक संग्रह सार्वजनिक गरिएको थियो।

# पुष्पलाल स्मृति प्रतिष्ठानको अध्यक्षमा नेपाल

काठमाडौं, (नेस)

नेपाल कम्युनिस्ट पार्टीका संस्थापक महासचिव पुष्पलालको नाममा स्थापित पुष्पलाल स्मृति प्रतिष्ठानको पाँचौं साधारणसभा सम्पन्न भएको छ। साधारणसभाले माधवकुमार नेपालको अध्यक्षतामा ३१ सदस्यीय नेतृत्व चयन गरेको छ।

साधारणसभाको उद्घाटन गर्दै प्रतिष्ठानका संरक्षक तथा पूर्वप्रधानमन्त्री झलनाथ खनालले एउटै बलियो कम्युनिस्ट पार्टीमार्फत आमूल परिवर्तनको सपना बोकेर पुष्पलालले नेपाल कम्युनिस्ट पार्टी स्थापना गर्नुभएको बताउनुभयो। पुष्पलालको सान्दर्भिकता यतिबेला झन् बढिरहेको उल्लेख गर्दै कम्युनिस्ट पार्टीहरूबीच एकता गरेर उहाँको सपना साकार पार्नेमा खनालले जोड दिनुभयो।

प्रतिष्ठानका अध्यक्ष तथा पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले जनताले निर्वाचनमार्फत एउटा कम्युनिस्ट पार्टी बनाउन जनादेश दिएको उल्लेख गर्दै यसलाई सार्थक निष्कर्षमा पुऱ्याउनुपर्नेमा जोड दिनुभयो।

आगामी ३ वर्षका लागि चयन भएको कार्यसमितिमा वरिष्ठ उपाध्यक्ष लक्ष्मीभक्त उपाध्याय, उपाध्यक्ष बेदुराम भुसाल, लोककृष्ण भट्टराई, विजयलाल श्रेष्ठ, महासचिव गंगालाल तुलाधर, सचिव विष्णु रिजाल, कोषाध्यक्ष मोहनबहादुर केसी र सदस्यहरूमा अलिअख्तर मिकरानी, उमेशलाल श्रेष्ठ, कृष्णगोपाल श्रेष्ठ, कृष्णप्रसाद भट्टराई, गणेश पण्डित, गायत्री आचार्य नेपाल, नागेन्द्र चौधरी, वटुकृष्ण थापा, बद्री बुढाथोकी, भानुभक्त ढकाल, रघुजी पन्त, रत्न महर्जन, सानुकुमार श्रेष्ठ, सावित्री भट्टराई, सुरेश कार्की र हिरण्यलाल श्रेष्ठ चयन हुनुभएको छ।

साधारणसभामा मुलुकका दुई ठूला कम्युनिस्ट पार्टी नेकपा एमाले र नेकपा माओवादी केन्द्रबीच गत निर्वाचनमा तालमेल भइसकेको र दुवै पार्टीबीच पार्टी एकता गर्ने सहमति भइसकेकोमा खुसी प्रकट गर्दै तत्काल पार्टी एकता गर्न र सम्भव भएसम्म अरू कम्युनिस्ट पार्टीलाई पनि यसमा समावेश गर्न आह्वान गरिएको छ।

# अपराध न्यूनीकरणमा सबैको सहकार्य आवश्यक

**नेपाल समाचारपत्र**

भक्तपुर

भक्तपुर जिल्लामा एक वर्षको अन्तरालमा १ सय ५१ वटा मानव अधिकार हननका घटना घटेका छन्। अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले नेपाल मानव अधिकार वर्ष पुस्तक २०१८ का लागि सङ्कलित घटना सार्वजनिक गर्दै इन्सेक भक्तपुर प्रतिनिधि सविना केसीले भक्तपुरमा सन् २०१८ मा गैर राज्य पक्षबाट ७ जनाको हत्या भएको बताउनुभयो।

त्यसै गरी जिल्लामा बहुविवाहमा घटनामा ४ जना, घरेलु हिंसाबाट १ सय २४ जना महिला पीडित भएका छन्। बलात्कारको घटनाका ३ बालिका र ८ जना महिलासहित ११ जना तथा बलात्कार प्रयास घटनामा ४ जना महिला र १ जना बालिका पीडित भएको इन्सेक प्रतिवेदनमा उल्लेख गरिएको छ। कार्यक्रममा प्रमुख जिल्ला अधिकारी द्रोण पोखरेलले घटनारहित समाज निर्माणमा प्रशासन, प्रहरी र सञ्चारकर्मी र नागरिक समाज सबैको सहयोग र सहकार्य जरुरी रहेको बताउँदै जिल्लामा घरेलु हिंसा चुनौतीका रूपमा रहेको बताउँदै यस्ता घटनाले आत्महत्यासमेत बढेकाले यसलाई न्यूनीकरण गर्न कार्ययोजना बनाउनुपर्नेमा जोड दिनुभयो।

कार्यक्रममा महानगरीय प्रहरी परिसर भक्तपुरका प्रमुख प्रहरी उपरीक्षक किरण राणाले शान्त र सुरक्षित भक्तपुर प्रहरीको प्रयास भएको बताउँदै विगतको तुलनामा जिल्लामा अपराधका घटनामा केही कमी हुँदै गएको बताउनुभयो। कार्यक्रममा सूर्यविनायक नगरपालिकाको उपप्रमुख जुना बस्नेत र नेपाल पत्रकार महासंघ भक्तपुरका अध्यक्ष पुष्करराज बुढाथोकीले अपराध न्यूनीकरणमा सबैको सहकार्य आवश्यक रहेकोमा जोड दिनुभयो। मानव अधिकार सञ्जाल भक्तपुरका अध्यक्ष रोशनराज अर्यालले मानव अधिकारका उल्लंघनको घटनामा जिल्लामा गत वर्षभन्दा यस वर्ष प्रभावकारीरूपमा घटाउन नसकेको बताउनुभयो।

## सगरमाथाको...

त्यस बेला मापन भएको ८ हजार ८ सय ४८ मिटरलाई नै सगरमाथाको आधिकारिक मानिएको छ। सरकारसँग माग गरिएको बजेट मापन कार्यलाई आधिकारिक तुल्याउन अन्तर्राष्ट्रिय विज्ञ, अन्तर्राष्ट्रिय मान्यता प्राप्त प्राविधिक यन्त्र, मापनका लागि खटिनेहरूका लागि विशेषज्ञ तालिम तथा कर्मचारीहरूमा खर्च हुने बताइएको छ।

उचाइ मापनका लागि आवश्यक पर्ने अन्तर्राष्ट्रिय मान्य प्राप्त प्रविधि भू-उपग्रहमा आधारित जीपीएस टेक्नोलोजीअन्तर्गत २० वटा जीपीएस इक्विपमेन्टसमेत विभागमा छ। सन् १८५२ देखि अहिलेसम्म १० पटक सगरमाथाको मापन गरिएको छ। विभागले सन् १९५४ को भारतीय नापी टोलीलाई पहिलोपटक स्वीकृति दिएको थियो। नेपालले अहिलेसम्म आधिकारिकरूपमा मान्दै आएको उचाइ भने भारतीय टोलीको रहेको नापी विभागले बताएको छ। नेपाल आफैंले सगरमाथाको उचाइ नाप्ने प्रक्रिया शुरू गरेको यो पहिलोपटक हो।

## गाँठो...

जुझारु भ्रातृ संगठनहरू र गतिशील विभागहरू गठन गरी कांग्रेसको संगठनलाई अझ मजबुत बनाउन सकिने भए पनि २ वर्षसम्म सभापति देउवाले यसमा कुनै वास्ता नगर्दा हालै सम्पन्न निर्वाचनमा कांग्रेसले अनपेक्षित हार व्यहोर्नुपरेको बताईंदै आएको छ। महाधिवेशन भएको वर्षौं हुन लाग्दासमेत कांग्रेसको जुझारु भ्रातृ संगठन नेपाल तरुण दलको कार्यसमितिले अझै पूर्णता पाउन सकेको छैन। प्रधानमन्त्रीसमेत रहनुभएका कांग्रेस सभापति देउवामाथि नयाँ संविधानअनुसार सांगठनिक संरचना विस्तार गर्नुपर्ने चुनौती पनि उत्तिकै छ। चौतर्फी सकसमा रहेका देउवालाई पार्टीले निर्वाचनमा अनपेक्षित हार व्यहोरेपछि तत्काल केन्द्रीय समिति बैठक बसेर छलफल गर्न कांग्रेसका प्रभावशाली केन्द्रीय सदस्यहरूले आग्रह गरिरहे पनि तत्काल केन्द्रीय समिति बैठक राख्ने संकेत देखाउनुभएको छैन। केन्द्रीय बैठकमा नेतृत्वको चर्को आलोचना हुने बताइएको छ।

## मेलम्चीपछि...

डीपीआर तयार पार्ने अन्तिम समयावधि डिसेम्बरसम्मको समय तालिका तोकिए पनि केही कठिनाइका कारण निर्धारित समयमा डीपीआर सम्पन्न हुन नसकेको जवाफ परामर्शदाताबाट आएको इन्जिनियर पन्तले बताउनुभयो।

परामर्शदाताले हालसम्म डीपीआरको काम ७५ प्रतिशत सम्पन्न गरिसकेको जानकारी दिँदै उहाँले भन्नुभयो- 'अबको २ देखि ३ महिनाको बीचमा डीपीआर फाइनल भएर आउँछ।' लार्के र याङ्ग्रीको डीपीआर तयार पार्न सरकारले चालू आवमा २० करोड विनियोजन गरेको छ भने प्रवेशमार्ग बनाउन १५ करोड रुपियाँ विनियोजन गरेको समितिले जनाएको छ।

याङ्ग्री खोलाबाट दैनिक १७ करोड लिटर पानी मेलम्ची खोलामा खसाल्न ९ किमि सुरुङ र लार्के खोलाबाट १७ करोड लिटर पानी दैनिक याङ्ग्रीमा खसाल्न २ किमि गरी जम्मा ११ किमि सुरुङ खन्नुपर्ने प्रारम्भिक अध्ययनले देखाएको छ।

लार्के र याङ्ग्रीको काम सम्पन्न भएपछि उपत्यकामा दैनिक ५१ करोड लिटर खानेपानी आपूर्ति हुनेछ। दैनिक ५१ करोड लिटर पानीको आपूर्ति भएपछि काठमाडौंबासीको खानेपानीको मागलाई ९० प्रतिशत सम्बोधन गर्ने विज्ञहरूले बताएका छन्।

निर्माणकार्य थालेको ४ वर्षभित्र सम्पन्न गर्ने यो परियोजनामा २५ अर्ब लागत लाग्ने अनुमान समितिको रहेको छ। अहिले लार्केसम्म पुग्न सडक निर्माणको काम भइरहेको छ। मेलम्ची पुलबजारदेखि लार्केसम्म पुग्न २५ किमि सडक निर्माण गर्नुपर्नेछ।

हालसम्म मेलम्ची पुलबजारदेखि धापसम्म १५ किमि सडक ट्र्याक खोलेको र सडक विभागले सोही सडक खण्डको रातेमाटेसम्म ५ किमि सडक विस्तार गरेको समितिले जनाएको छ। सोही सडक खण्ड हुँदै लार्के पुग्न बाँकी रहेको धापदेखि ठूलो बोताङसम्म १० किमि सडकको ट्र्याक खोल्न बाँकी रहेको समितिले जनाएको छ। यो बाँकी रहेको १० किमि सडकको ट्र्याक समिति आफैंले खोल्नेछ भने यसका लागि समितिले छिट्टै ठेक्का खोल्ने जनाएको छ।

## प्रदेश...

'स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा माध्यामिक तहसम्मको शिक्षा स्थानीय निकायले हेर्ने भएपछि प्रदेश सरकारको भूमिका देखिँदैन। गाउँपालिका, नगरपालिका, उप-महानरपालिका र महानगरपालिकाको अधिकार क्षेत्रभित्र पर्ने भएकाले प्रदेशको भूमिका केही देखिँदैन' -शिक्षाविद् कोइरालाले भन्नुभयो।

काठमाडौं महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत धनीराम शर्माले प्रदेश सरकारले ३ वटाबाहेक विद्यालय शिक्षामा कुनै पनि काम गर्न नपाउने बताउनुभयो। 'प्रदेश सरकार गठन भए पनि माध्यमिक तहसम्मको शिक्षाको अधिकार स्थानीय तहअन्तर्गत नै पर्दछ' -उहाँले भन्नुभयो। उहाँले प्रदेश सरकारले प्रादेशिक विश्वविद्यालय कसरी सञ्चालन गर्ने ? प्रादेशिक पुस्तकालय र संग्रहालय कसरी सञ्चालन गर्ने भन्ने अधिकार मात्र प्रदेश सरकारको मातहतमा रहने बताउनुभयो।

प्रारम्भिक बाल विकास तथा शिक्षा, आधारभूत शिक्षा, अभिभावक शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षासम्बन्धी नीति, कानुन, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्यांकन र नियमन, सामुदायिक, संस्थागत, गुठी र सहकारी विद्यालय स्थापना, अनुमति, सञ्चालन, व्यवस्थापन, नियमन, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको योजना तर्जुमा, सञ्चालन, अनुमति, अनुगमन, मूल्यांकन र नियमन, गाभिएका वा बन्द गरिएका विद्यालयहरूको सम्पत्ति व्यवस्थापन, गाउँ तथा नगर शिक्षा समिति गठन तथा व्यवस्थापन, विद्यालय व्यवस्थापन समिति गठन तथा व्यवस्थापन, विद्यालयको नामाकरण, सामुदायिक विद्यालयको जग्गाको स्वामित्व, सम्पत्तिको अभिलेख, संरक्षण र व्यवस्थापन, विद्यालयको गुणस्तर अभिवृद्धि तथा पाठ्यसामग्रीको वितरणलगायतका काम स्थानीय सरकारले गर्नेछ।

त्यस्तै सामुदायिक विद्यालयको शिक्षक तथा कर्मचारीको दरबन्दी मिलान, विद्यालयको नक्सांकन, अनुमति, स्वीकृति, समायोजन तथा नियमन, सामुदायिक विद्यालयको शैक्षिक पूर्वाधार निर्माण, मर्मत सम्भार, सञ्चालन र व्यवस्थापन, आधारभूत तहको परीक्षा सञ्चालन, अनुगमन तथा व्यवस्थापनलगायतका काम स्थानीय तहबाट हुन्छ। शिक्षा मन्त्रालयका प्रवक्ता डा. हरि लम्सालले प्रदेश तहमा शिक्षाको अधिकार कमजोर रहेको बताउँदै अब बन्ने कानुनले थप व्यवस्था गर्ने जानकारी दिनुभयो। उहाँले भन्नुभयो- 'संविधानबमोजिम बन्ने कानुनले व्यवस्था गरेअनुसारको शिक्षा हुन्छ।' उहाँले संविधानमा विद्यालय तहको अधिकार स्थानीय सरकारलाई दिएको बताउँदै, प्रदेश कानुन बनेबमोजिम अन्य व्यवस्था हुनसक्ने बताउनुभयो।

# एकैपटक पाँच पुस्तक सार्वजनिक

काभ्रे, (नेस)

जनमत साहित्यिक बाटिकाले शनिबार बनेपामा एक कार्यक्रमको आयोजना गरि एकैपटक पाँच वटा पुस्तक सार्वजनिक गरेको छ। चार श्रष्टाका पाँच वटा कविता र एक मुक्तक संग्रह सार्वजनिक गरेको थियो।



कार्यक्रमका प्रमुख अतिथि वरिष्ठ साहित्यकार डा. रामप्रसाद ज्ञवालीले साहित्यकार तथा कवि भनेका समाजका आँखा भएकाले अनुभवका आधारमा साहित्य सिर्जना फरक-फरक ढंगबाट प्रस्तुत गरी समाजलाई परिमार्जन गर्न सक्नुपर्छ भन्नुभयो। उहाँले भन्नुभयो- 'कवितामा व्यंग्य र ध्वनि समेटिएको हुन्छ र कविताको एउटै पंक्तिले धेरै कुरा समेट्नुनै ध्वनि हो।'

साहित्यका क्षेत्रमा आफूलाई प्रभावित गर्ने वरिष्ठ साहित्यकार मोहन दुवालाई गुरु मान्दै यात्रा शुरु गरेको बताउँदै उहाँले आफूले समयको सदुपयोग तत्काल गर भोलि हैन भन्ने पाठ सिकेको बताउनुभयो। उहाँले नयाँ श्रष्टा कमल कुइँकेल, कृष्णकुमार दाहाल, सोमकाजी शाक्यद्वारा लिखित कविता र मुक्तक अनावरण गर्नुभयो।

सोही अवसरमा जनमत साहित्य प्रतिष्ठानका केदार नारायण मानन्धरले बाल साहित्यका क्षेत्रमा क्रियाशील व्यक्तित्वलाई जनमत केदार सुलोचना बाल साहित्य सम्मानका लागि पुरस्कार राशी तय गर्न अक्षयकोष स्थापनार्थ १ लाखको चेक जनमत मासिकका संस्थापक सम्पादक मोहन दुवाललाई हस्तान्तरण गर्नुभयो। जनमतले मोहन विक्रम विशेष निकाली सकेको र अबका दिनमा मोहन वैद्य, प्रदीप ज्ञवाली, प्रदीप नेपाल, मोदनाथ प्रसित, नरहरि आचार्यलगायतको लेखनकृति समेटेर विशेषांक निकाल्दै गरेको जानकारी गराउनुभयो।

जनमत बाटिकाका संयोजक तथा साहित्यकार सूर्य लाकजुको अध्यक्षतामा सम्पन्न कार्यक्रममा सुरेश श्रेष्ठले गीत प्रस्तुत गर्नुभएको थियो भने श्रष्टाहरूले प्रकाशित पुस्तकका एक-एक कविता र मुक्तक सुनाउनुभएको थियो। सोही अवसरमा कार्यक्रममा विशेष अतिथि भुवनहरि सिग्देल, संस्कृतविद् ज्ञानकाजी मानन्धरलगायतले साहित्यको महत्त्वमाथि प्रकाश पार्नुभएको थियो।

# प्रतिबन्चरो सय जरिवाना

हेटौंडा, (नेस)

हेटौंडाको चुरेकाँड सामुदायिक वन उपभोक्ता समूहले वनमा दाउरा काटिरहेको अवस्थामा ८ थान बन्चरो नियन्त्रणमा लिएर ८ जनालाई कारबाही गरेको छ।

समिति अध्यक्ष मीनबहादुर घलानको नेतृत्वमा १२ जना सदस्यसहित वन अनुगमन गर्दा समूहको बिनास्वीकृति केही स्थानमा लाथ्रा ढालिएको अवस्थामा बन्चरो बरामद गरिएको घलानले बताउनुभयो। बन्चरो बरामद गरिएका ८ जनालाई दण्डस्वरूप प्रतिबन्चरो एक सय रुपियाँ जरिवाना गरिएको घलानले बताउनुभयो।

## केयूकेएलमा धनीराम

काठमाडौं, (नेस)

काठमाडौं उपत्यका खानेपानी लिमिटेडको अध्यक्षमा काठमाडौं महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत धनीराम शर्मा चयन हुनुभएको छ।

लिमिटेडमा काठमाडौं महानगरपालिका, ललितपुर महानगरपालिका, खानेपानी तथा सरफाइ मन्त्रालय, र चेम्बर अफ कमर्स शेयर सदस्य छन्। यी शेयर सदस्यका बीच सञ्चालक समितिको अध्यक्षता कसले गर्ने भन्ने विषयमा सहमति हुन नसक्दा गएको ८ महिनादेखि अध्यक्ष नियुक्त हुनसकेको थिएन। सञ्चालकहरूको बैठकले अध्यक्षमा शर्माको नाममा सर्वसम्मति गरेको हो। महानगरसँगै अध्यक्ष पदका लागि खानेपानी तथा सरसफाइ मन्त्रालयको दाबी थियो।


प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्

**गोरखा पोलिटेक्निक इन्ष्टिच्युट**

पालुङटार-४, गोरखा

**सेवा करार सम्बन्धी सूचना**

(प्रथम पटक प्रकाशित मिति : २०७४/०९/१०)

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्अन्तर्गत सञ्चालन हुने यस गोरखा पोलिटेक्निक इन्ष्टिच्युटमा देहायका पदमा अर्को निर्णय नभएसम्मको लागि सेवा करारमा कामकाज गर्न योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित मितिले १५ दिन भित्र आफूले प्राप्त गरेको शैक्षिक योग्यता, नेपाली नागरिकताको प्रतिलिपि सहित गोरखा पोलिटेक्निक इन्ष्टिच्युटको प्रशासनमा रु. १० को टिकट टाँसी निवेदन दिनु हुन सम्बन्धित सबैको जानकारीको लागि परिषद् कार्यालयको मिति २०७४/०९/०७ गतेको (टुरमुकाम, नेपालगन्ज) को निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ। साथै परीक्षा सम्बन्धी कार्यक्रम पछि प्रकाशित गरिनेछ।

| विज्ञापन नं. | पद तथा श्रेणी | आवश्यकता न्यूनतम शैक्षिक योग्यता | कैफियत |
|---|---|---|---|
| १ | ल्याब सहायक प्रशिक्षक (सहायक स्तर प्रथम श्रेणी प्रा.) | मान्यता प्राप्त शिक्षण संस्थाबाट विज्ञान विषय लिई प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण वा सीप परीक्षण तह ३ उत्तीर्ण | |
| २ | सहायक लेक्चर फिजिक्स (अधिकृत स्तर तृतीय श्रेणी प्रा.) | मान्यता प्राप्त शिक्षण संस्थाबाट भौतिक शास्त्रमा स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण | |
| ३ | सहायक लेक्चर केमेष्ट्री (अधिकृत स्तर तृतीय श्रेणी प्रा.) | मान्यता प्राप्त शिक्षक संस्थाबाट रसायन शास्त्रमा स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण | |
| ४ | गणित प्रशिक्षक (अधिकृत स्तर तृतीय श्रेणी प्रा.) | मान्यता प्राप्त शिक्षण संस्थाबाट गणित विषयमा स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण | |

प्रमुख
**गोरखा पोलिटेक्निक इन्ष्टिच्युट**



**नेपाल सरकार**
**भन्सार विभाग**
**बिराटनगर भन्सार कार्यालय, विराटनगर**

**बोलपत्र आह्वानको सूचना**

**प्रथम पटक प्रकाशित मिति ०७४/९/१०**

विराटनगर भन्सार कार्यालय रानी बिराटनगर मोरङ्गको परिसरभित्र कम्पाउण्ड वाल निर्माण कार्य बोलपत्र माध्यमबाट निर्माण गर्नुपर्ने भएकोले निर्माण ईजाजत भएका इच्छुक इजाजत प्राप्त फर्महरूले निम्न शर्तको अधिनमा रही रितपूर्वक बोलपत्र तपशील बमोजिम पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ।

**शर्तहरु :**

१) यो सूचना राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित भएको मितिले ३०औं दिनभित्र यस कार्यालयको आर्थिक प्रशासन शाखाबाट तथा को.ले.नि.का. विराटनगरबाट कार्यालय समयभित्र बोलपत्र दस्तुर तिरी (पछि फिर्ता नहुने गरी) बोलपत्र फारम खरिद गर्न सकिने छ।
२) बोलपत्र फारम खरिद गर्न लिखित निवेदनसाथ आ.व.२०७३।७४ सम्मको लागि नविकरण गरिएको सम्बन्धित विषयको कारोवार गर्ने इजाजत पत्र वा फर्म दर्ता प्रमाणपत्र, नागरिकताको प्रमाणपत्र, आयकर दर्ता प्रमाणपत्र तथा मू.अ. कर दर्ता प्रमाणपत्र, आ.व. २०७३।७४ सम्मको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी खरीद कारवाहीमा भाग लिन अयोग्य नभएको, स्वार्थ नबाझिएको र व्यवसायसम्वन्धी कसुरमा सजाय नपाएको भन्ने लिखित घोषणा गरेको कागजात संलग्न राखी प्रोपाइटर स्वयं उपस्थित भई वा आधिकारिक मन्जुरीनामा सहितको प्रतिनिधि पठाई माथि उल्लेखित स्थानबाट बोलपत्र फारम खरिद गर्न सकिनेछ।
३) यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३१औं दिनको १२.०० बजेभित्र यस कार्यालयमा मात्र शिलबन्दी बोलपत्र दर्ता गराई सक्नुपर्नेछ। शिलबन्दी बोलपत्र हुलाक, कुरियरमार्फत पनि पठाउन सकिने छ,तर तोकिएको स्थानमा निर्धारित समयभित्र दाखिला भएका शीलबन्दी बोलपत्र मात्र दर्ता गरिनेछ। म्यादभित्र दर्ता भएका शीलबन्दी बोलपत्र सोही दिन दिनको २.०० बजे प्रतिनिधिको रोहवरमा यस कार्यालयमा खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधि अनुपस्थित रहेमा पनि शीलबन्दी बोलपत्र खोल्न वाधा पर्नेछैन।
४) बोलपत्र फारम खरिद गर्ने र दर्ता गर्ने अन्तिम दिन विदा पर्न गएमा सो पछि कार्यालय खुलेको पहिलो दिनलाई अन्तिम दिन मानिनेछ
५) बोलपत्र पेश गर्दा खामको वाहिर यस कार्यालयको नाम सम्वोधन गरी कामको विवरण खुलाई सिलवन्दी गरी पेश गर्नुपर्नेछ।
६) बोलपत्रदाताले बोलपत्र जमानत धरौटी वापत नगद जमानत भए को.ले.नि.का. विराटनगरको नाममा रहेको कृषि विकास बैंक स्थित एकल धरौटी हि.नं. ०६०१६०१०१४०७००४५ (कार्यालय कोड नं. १०.३०५.०३) मा जम्मा गरेको सक्कलै बैक भौचर वा वैक जमानत भए कम्तिमा १२० दिन म्याद भएको वाणिज्य वैक (क श्रेणी) वाट यस कार्यालयको नाममा जारी भएको वैक जमानत (विड वण्ड) संलग्न राख्नु पर्नेछ।
७) BOQ मा बोलपत्रदाताले आफूले कबोल गरेको रकम मु.अ.कर वाहेकको दररेटलाई अंक र अक्षर दुवैमा उल्लेख गर्नुपर्नेछ। अंक र अक्षरमा लेखेको दररेट फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ। BOQ को सवै महल नभरिएको बोलपत्रलाई रितपूर्वकको मानिने छैन। र मुल्यांकनमा समाबेश गरिने छैन।
८) बोलपत्रदाताले दररेट उल्लेख गर्दा केरमेट गरेको, टिपेक्स लगाएको स्थानमा सहीछाप नगरेको, बोलपत्र फारामको फोटोकपि गरी पेश गरेको यस कार्यालयबाट विक्री नभएको एक व्यक्ति वा फर्मका नाउमा विक्री भएको बोलपत्र फारम अर्को व्यक्ति वा फर्मको तर्फबाट पेश गरेको वा आफ्नो तर्फबाट कुनै शर्त राखी पेश गरेको बोलपत्रपत्रलाई मान्यता दिइने छैन
९) म्याद नाघी र रित नपुगी प्राप्त बोलपत्रमा कुनै कारवाही हने छैन।
१०) नेपाल सरकारको हितलाई ध्यानमा राखी बोलपत्रहरू पूर्ण वा आंशिक स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ। नेपाल सरकारलाई तिर्न बुझाउन पर्ने सबै प्रकारका करहरू बोलपत्रमा उल्लेख गरीएको दररेटमा भ्याट बाहेक समाबेस गरीएको मानिनेछ। बोलपत्र डकुमेन्टमा कुनै त्रुटी भएमा वा विषय प्रसंगले अर्को अर्थ लागेमा कार्यालयले कुनै पनि बेला सच्याउन सक्नेछ।
११) स्वीकृत बोलपत्रदाताले कार्यालयसंग गरेको संझौतामा उल्लेखित अवधि भित्र निर्माण कार्य गरी सक्नु पर्नेछ।
१२) तोकिएको समय सिमाभित्र निर्माण कार्य हुन नसकेमा सार्बजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४(संशोधित) वमोजिम कार्वाही हुनेछ।
१३) बोलपत्रसाथ पेश गर्नुपर्ने र पालना गर्नुपर्ने कुराहरू बोलपत्र फाराममा उल्लेख गरिएको छ। सोही अनुसार बोलपत्र भरी पेश गर्नुपर्नेछ।
१४) यो सूचनामा उल्लेख हुन छुट भएका अन्य कुराहरू सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ (संशोधित) तथा अन्य प्रचलित कानून वमोजिम हुनेछ।

**कामको विवरण**

| सि.नं. | ठे.न | विवरण | लागत अनुमान भ्याट कन्टिजेन्सीबाहेक | फारम दस्तुर | खरिद गर्ने अन्तिम मिति | दाखिला गर्ने अन्तिम मिति | खोल्ने मिति र समय | धरौटी तथा जमानत रकम |
|---|---|---|---|---|---|---|---|---|
| १. | ०३।०७४।७५ | कम्पाउण्ड वाल निर्माण | ६७,७६,८६२।५२ | ३०००।- | ३० औं दिन (२०७४।१०।९) | ३१ औं दिनको १२.०० बजे २०७४।१०।१० | ३१ औं दिनको २.०० बजे २०७४।१०।१० | २२९,०००।०० |

**प्रमुख भन्सार अधिकृत**



# अर्थ

2017, DEC
Monday
25

ब्लेज जी सिरीजअन्तर्गत उक्त स्मार्टफोनमा ५ मेगा पिक्सेलको रियर क्यामरा र एलइडी लेन्स सहित २ मेगापिक्सलको फ्रन्ट क्यामेरा रहेको छ।

ज्योति
हिमाल स्टील आजको भाउ

| | टोरस्टिल | | | टि. एम. टि. टेम्पकोर | | | टोरकारी | एनिल्ड |
|---|---|---|---|---|---|---|---|---|
| | ८ मि.मि. | १०-२० मि.मि. | २५-३२ मि.मि. | ८ मि.मि | १०-२० मि.मि | २५-३२ मि.मि. | ४.७५-७ मि.मि. | |
| काठमाडौं | ७७.८५ | ७६.८५ | ७९.३५ | ७८.३५ | ७५.३५ | ७७.८५ | ७७.६५ | ८७.२२ |
| बीरगंज | ७५.९५ | ७४.९५ | ७७.४४ | ७६.४५ | ७३.४५ | ७५.९४ | ७५.७५ | ८५.४२ |
| विराटनगर | ७६.४५ | ७५.४५ | ७७.९४ | ७६.९५ | ७३.९५ | ७६.४४ | ७६.२५ | ८६.०२ |

• अन्त: शुल्क/भ्याट बाहेक प्रति किलो मूल्य • १००० के.जी. माथि नेपालभरि फ्रि होम डेलिभरी
• अन्य ठाउँको मूल्य नजीकको डिपोबाट लिनु होला । तौलमा हुक र चुरा समावेश छ ।

RHINO GUARANTEED DUCTILITY 500D

बिक्री मूल्य रू. प्रति किलोग्राम

| स्थानहरू | राईनो स्टील | | | |
|---|---|---|---|---|
| | ८ एम.एम | १०-२० एम.एम | २५ एम.एम | २८-३२ एम.एम |
| काठमाडौं, भक्तपुर, ललितपुर, बनेपा | ७८ | ७५ | ७८ | ७८ |
| सिमरा, वीरगञ्ज, कलैया, हेटौंडा | ७६/४० | ७३/४० | ७६/४० | ७६/४० |
| मलंगवा, जनकपुर, नारायणघाट | ७७ | ७४ | ७७ | ७७ |
| लाहान, विराटनगर, धरान, इटहरी, बुटवल, भैरहवा, कृष्णनगर | ७७ | ७४ | ७७ | ७७ |
| विर्तामोड, दमक, नेपालगञ्ज, धनगडी | ७८ | ७५ | ७८ | ७८ |
| पोखरा, स्याङजा | ७८ | ७५ | ७८ | ७८ |

नोट: उपरोक्त मूल्यमा १ रुपैयाँ प्रति के. जी. अन्तशुल्क र १३% मु.अ.कर थप लाग्नेछ ।
नेपालमा पहिलो पटक, नेपालकै लागि
NS:191 IS : 1786
Available at Samakhushi (01-4384786), Swayambhu (9841356008), Satungal (9841687562), Dhumbarai (01-446169) Sanepa ( 01-5525049 / 01-5555259), Bhaktapur (01-6616205), Banepa (9851054994), Pokhara (9845494757), Gwarko (01-5200333, 9851027694), Dakshindhoka, Jorpati (9851007467)

हकदावी गर्न आउने ३५ दिने सूचना

कास्की जिल्ला, अन्नपूर्ण गांउपालिका वडा नं. ०९, साविक कास्की जिल्ला, भदौरे गा.वि.स, वडा नं. ०९ बस्ने श्री कुम्भ सिंह गुरुङको नाती, श्री जितारी गुरुङको छोरा, **श्री मनकाजी गुरुङ**को मिति २०७४/०६/२१ मा मृत्यु भएको हुनाले यस बैंकमा निजको नाममा रहेको बचत खाता नं. १८३१५२४०३००००९ को सम्पूर्ण रकम भुक्तानी पाँऊ भनी मृतकको **श्रीमती देवी सुब्बा गुरुङ** र **श्रीमती शीर सुब्बा गुरुङ**ले संयूक्त रुपमा यस बैंक समक्ष निवेदन गरेको हुँदा निज खातावालाका नामको यस बैंकमा रहेको उक्त रकममा कसैको हकदावी भए बैंक तथा वित्तीय संस्था सम्बन्धित ऐन, २०६३ को दफा ८१ बमोजिम अग्राधिकारवाला हकदारहरुले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५(पैंतिस) दिन भित्र आफ्नो सबुत प्रमाण सहित यस बैंकको उपरोक्त शाखामा हकदावी गर्न आउनु होला । उक्त म्याद भित्र हकदावी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धित ऐन, २०६३ बमोजिम भईजाने हुंदा यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित म्यादभित्र हकदावी गर्न नआएमा पछि कुनै उजुर नलाग्ने व्यहोरा समेत यसै सूचनाबाट सम्बन्धित सबैको जानकारीको लागि सूचित गरिएको छ ।

नेपाल एसबिआई बैंक लिमिटेड
NEPAL SBI BANK LTD.
सृजनाचोक शाखा, पोखरा, फोन नं:०६१-५२८५१५,०६१-५४१४३३

दशौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

यस सहकारी संस्थाको संचालक समितिको मिति २०७४/०८/१४ मा बसेको ८७ औं बैठकबाट यस संस्थाको दशौं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा तपसिल बमोजिमको बिषयमा छलफल गर्ने विषयको पत्र शेयर सदस्यहरु सबैलाई पठाई सकेका छौं, यदि पत्र प्राप्त नभएमा यसै सूचनाको आधार मानी उक्त सभामा भाग लिन आउन हुन जानकारी गराईन्छ।

**छलफलका विषयहरु:**

- सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूको वार्षिक प्रतिवेदन पेश गर्ने र उक्त प्रतिवेदन पारित गर्ने ।
- लेखा समितिको वार्षिक प्रतिवेदन र उक्त प्रतिवेदन पारित गर्ने ।
- लेखा परिक्षकको प्रतिवेदन सहित आ.व. ०७३/०७४ को वासलात र नाफा नोक्सानीको हिसाव पारित गर्ने ।
- आ.व. ०७४/०७५ को वार्षिक कार्यक्रम तथा अनुमानित बजेट पारित गर्ने।
- आ.व. ०७४/०७५ को लागि लेखा परिक्षक नियूक्ति र पारिश्रमिक निर्धारण गर्ने ।
- साधारण सभाको निर्णय पुस्तिका प्रमाणित गर्न शेयरधनी र सञ्चालकको तर्फबाट प्रतिनिधी चयन गर्ने ।
- सञ्चालक समितिको आ.व. ०७३/०७४ मा गरिएका निर्णयहरु अनुमोदन गर्ने ।
- जग्गा खरीद, बिक्री गर्ने सम्बन्धमा ।
- विविध

**सभाको कार्यक्रम तालिका** :
मिति : २०७४ साल पौष २९ गते शनिबार ।
समय : बिहानको १० बजे ।
स्थान : संस्थाको कार्यालय प्राङ्गण, जावलाखेल, ललितपुर ।

United Multipurpose Co-operative Limited
अध्यक्ष
युनाईटेड बहुउद्देश्यीय सहकारी संस्था लि
जावलाखेल

# सातौं दिन पनि नेप्से ओरालो

**नेपाल समाचारपत्र**
काठमाडौं

पुस महिनामा लगातार सातौं दिनसम्म नेप्से ओरालो लागेको छ।

कात्तिकको अन्तिम कारोबारदेखि गिरावट आएको शेयर बजार पुस महिनाको दोस्रो साताको पहिलो दिन पनि ४ दशमलव ४७ ओरालो लागेको हो।

१ हजार ४ सय ७२ दशमलव १५ अंकबाट शुरू भएको बजार पौने एक बजेसम्म उच्च अंकमा थियो। त्यसपछि निरन्तर ओरालो लाग्दै १ हजार ४ सय ६७ दशमलव ६८ अंकमा रोकिएको हो।

नेप्से परिसूचक घट्दा आइतबार 'क' वर्गका कम्पनीको कारोवार मापन गर्ने सेन्सेटिभ इन्डेक्स पनि शून्य दशमलव ९३ अंक घटेर ३ सय ९ दशमलव शून्य १ अंकमा ओर्लिएको छ।

परिसूचक घट्दा आइतबार कारोबार रकम भने सुधारिएको छ। आइतबार १ सय ६७ कम्पनीका १४ लाख ५७ हजार ४ सय २० कित्ता शेयर ५५ करोड ९५ लाख ८२ हजार ८ सय ४० रुपियाँमा कारोबार भयो।

यस दिन कारोवारमा आएका उपसूचकमा फाइनान्स बाहेक सबै घटेका छन्। फाइनान्स शून्य दशमलव ३४ अंकले बढ्दा बीमा समूह सबैभन्दा धेरै २५ दशमलव ११ अंकले ओरालो लाग्यो।

त्यस्तै विकास बैंक र उत्पादनमूलक समूह पनि क्रमश: १३ दशमलव ४२ र १३ दशमलव १२ अंकले घटेका छन्। बिहीबार ग्रिन डेभलपमेन्ट बैंकका शेयरधनीले सबैभन्दा बढी ९ दशमलव ८० प्रतिशत कमाउँदा सिन्धु विकास बैंकका शेयरधनीले पनि उत्तिनै प्रतिशत गुमाए।

भुल सुधार गरिएको सूचना

